

# आकर्षण ब्याकलेस शैलीको

गर्मी मौसममा शीतलता, सहजता तथा स्टाइलसँगै आरामका दृष्टिले ब्याकलेस शैली फेसनेबल यौवनाहरूमा मात्र नभएर कामकाजी महिला एवं गृहिणीहरूको पनि रोजाइमा परेको छ। ३० वर्षीया सुधालाई ब्याकलेस डिजाइनको ब्लाउज लगाउने रहर थियो। ब्राको स्ट्रिप देखिएला कि भन्ने पीर पनि थियो तर टेलर मास्टरले ब्लाउजमै ब्राको शैलीमा सपोर्ट मिल्ने गरी प्याड अट्याच गरेर सिलाई दिएपछि सुधाले ढुक्क भएर ब्याकलेस ब्लाउज लगाउने आफ्नो इच्छा पूरा गरिन्।



● **रोजिन शाक्य**

एउटा सौन्दर्य साबुनको विज्ञापनमा भारतीय अभिनेत्री ऐश्वर्या रायले प्रयोग गरेको हल्टर नेक शैलीको ब्याकलेस पहिरनबाट प्रभावित अंकिताले त्यस्तै शैलीको फेसन अँगालिन्। उता समिरा पनि उस्तै खालको पहिरनमा देखा पर्न थालेकी छिन्। समिरा भने अभिनेत्री रेखा थापाको ड्रेसअपबाट प्रभावित छिन्। यसरी ब्याकलेस फेसन शैली पछ्याउनेहरूमा अंकिता र समिरा मात्र नभई टिनएज यौवनाहरूको बाक्लो भीड नै छ। सहर-बजारको वातावरणमा तातोपन बढेयता हल्टर नेक र स्ट्रिपलेस टपमा ठाँटिन थालेका सुजाता, सिमरन र जेसिकालाई गर्मीमा ब्याकलेस पहिरन नै मन पर्छ। जेसिका भन्छिन्– गर्मीमा ब्याकलेस एयर कन्डिसनर जस्तै हो। आफ्नो ढाडमा फ्याब्रिक कलरबाट मेहेन्दी डिजाइन बनाएकी सिमरन ब्याकलेस पहिरनको उपायेगिताको बयान गर्छिन्।

गर्मी मौसममा शीतलता, सहजता तथा स्टाइलसँगै आरामका दृष्टिले ब्याकलेस शैली फेसनेबल यौवनाहरूबीच मात्र नभएर कामकाजी महिला एवं गृहिणीहरूको पनि रोजाइमा परेको देखिन्छ। ३० वर्षीया सुधालाई ब्याकलेस डिजाइनको ब्लाउज लगाउने रहर थियो। ब्राको स्ट्रिप देखिएला कि भन्ने पीर पनि थियो तर टेलर मास्टरले ब्लाउजमै ब्राको शैलीमा सपोर्ट मिल्ने गरी प्याड अट्याच गरेर सिलाइदिएपछि सुधाले ढुक्क भएर ब्याकलेस ब्लाउज लगाउने आफ्नो इच्छा पूरा गरिन्।

अंग्रेजी शब्द ब्याकलेसलाई कुनै पनि पहिरन शैलीसित जोडेर हेर्दा अर्थ निस्कन्छ, पछाडिको अर्थात् कम्मरभन्दा माथिको खुला भाग। ब्याकलेस फेसन संसारमा भर्खरै देखिएको शैली भने होइन। बलिउडको फेसन शैली नियाल्ने हो भने मधुवालादेखि माधुरी दीक्षित हुँदै मल्लिका शेरावतसम्म आइपुग्दा ब्याकलेस शैलीको प्रचलन साडीसित ब्लाउजमा, घाँघरा, लेहेंगासित चोलीमा र अन्य पहिरनजस्तै इभिनिङ गाउन, निलेन्थ वन पिस ड्रेसहरूलगायत जिन्स, स्कर्ट आदिसित विभिन्न शैलीका टपहरूमा प्रयोग हुँदै आएको छ।

पश्चिमेली चलचित्रमा ब्याकलेस पहिरन त्यति प्रयोगमा देखिंदैन तर विश्व चलचित्र क्षेत्रमा सबैभन्दा सम्मानित ओस्कार एवार्डदेखि लिएर अन्य चलचित्र महोत्सव एवं आयोजनाहरूमा चलचित्र अभिनेत्रीहरू तथा अन्य विधाका महिला सेलिब्रेटीहरूको ग्ल्यामरस लुक, सेक्स अपिल तथा फेसन स्टेटमेन्टको महत्त्वपूर्ण अंग बनेको देखिन्छ इभिनिङ गाउन तथा वन पिस ड्रेसहरूमा ब्याकलेस शैली।

बलिउड चलचित्रमा भने ब्याकलेस डिजाइनको प्रारम्भ डिजाइनर चोली एवं ब्लाउजबाट भएको पाइन्छ। ७० को दशकताका चलचित्रमा अभिनेत्रीहरूले ब्याकलेस चोली र ब्लाउजका साथै कुर्तामा समेत ब्याकलेस शैली अँगालेको देख्न पाइन्छ। चलचित्र 'बेटा' को धकधक करने लगा... गीतमा अभिनेत्री माधुरी दीक्षितले अँगालेको ब्याकलेस शैलीको ब्लाउज र चोलीबाट प्रभावित हुँदै उतिबेला नेपाली फेसन बजारमा पनि त्यस्तै शैलीको ट्रेन्ड हावी भएको सम्झना गर्छिन्- सिलाइ व्यवसायमा संलग्न वन्दना प्रधान।

प्रधानका अनुसार ब्याकलेस ब्लाउजमा उतिबेला महिलाहरू घाँटीदेखि तल ४ इन्चसम्म खुला गर्न रुचाउँथे भने हिजोआज ६ देखि १० इन्चसम्म खुला राख्न रुचाउनेहरू छन्। हिजोआज भने सोनी, स्टार प्लस, जी. टेलिभिजनबाट प्रसारणमा रहेका टेलिश्रृंखलाहरूमा विशेषगरी नकारात्मक चरित्र निर्वाह गर्ने महिला पात्रहरूले प्रयोग गरेका ब्याकलेस डिजाइनर चोली एवं ब्लाउजको प्रभाव बढेको छ। अहिले विभिन्न स्टाइल र डिजाइनका ब्याकलेस एवं स्ट्रिपलेस चोली र ब्लाउजहरू प्रचलनमा छन्। साडी र लेहेंगाका साथमा बस्टियर, केमिसोल, कोर्सेट, स्पेगेटी स्ट्रिप, सिंगल सोल्डर, हाफ सोल्डर, बटरफ्लाई प्याटर्न, पेस्ली बस्टियार आदि डिजाइनका ब्याकलेस चोली एवं ब्लाउजको प्रचलन बढ्दो छ। यसका अतिरिक्त सिंगल, डबल तथा मल्टी स्ट्रड पछाडिबाट नट वा सिंगल स्ट्रिप, ओभल, राउन्ड, स्क्वाएर, भी, एम्पाएर एक्स्पोज शैली पनि उत्तिकै लोकप्रिय देखिन्छन्।

हाम्रो परिवेशमा ब्याकलेस शैली, ब्लाउज र चोलीबाटै प्रारम्भ भएको भए पनि इभिनिङ गाउन तथा वन पिस ड्रेसहरूमा यसको प्रभाव बढी रहेको कुरा फेम फेसन बुटिककी डिजाइनर अर्चना श्रेष्ठ बताउँछिन्।

बाँकी पृष्ठ १० मा

साप्ताहिक

साइबर गर्ल
**रोजी थापा**





**आश्रा भट्टराई**
मध्यपृष्ठमा


## क्यासेट

### फ्लो




गायिका गीता लामाको एकल गीतिसंग्रह 'फ्लो' श्रोतामाझ आएको छ। म्युजिक डटकमले बजारमा ल्याएको यो संग्रहमा ८ वटा गीत समावेश छन्। गीतिसंग्रहमा शब्द मृत्युञ्जय, प्रदीप अर्याल, सुरज श्रेष्ठ, आचार्य प्रभा, कुमार मोक्तान, किरण घिमिरे, शिवबहादुर सुनुवार र अविनाश घिसिङको छ। त्यस्तै संगीत अम्वेश शाही, कुमार मोक्तान तथा गुरुदेव कामतको छ।

### हुन्न रे हुन्न रे



गायक राजनराज शिवाकोटीले बोक्सी डाइनी प्रथा तथा चेलिबेटी बेचविखनविरुद्ध सामाजिक जनचेतनामूलक लोक-दोहोरी गीतिसंग्रह 'हुन्न रे हुन्न रे' श्रोतामाझ ल्याएका छन्। गीतिसंग्रहको भाग १ मा हुन्न रे हुन्न रे र भाग २ मा होसियार शीर्षकका गीत समावेश छन्। सिन्धु मल्ल र गायक शिवाकोटीको आवाज रहेको यो संग्रहको शब्द तथा लय संकलन शिवाकोटीले नै गरेका हुन्। संग्रहलाइ रिबेल क्रिएसनले बजारमा ल्याएको हो।

### सपना

गायक सञ्जीव राई 'काजी' को पप तथा आधुनिक गीतहरूको एकल गीतिसंग्रह 'सपना' श्रोतामाझ आएको छ। ताल म्युजिकले बजारमा ल्याएको यो गीतिसंग्रहमा नौवटा गीत समावेश छन्। संग्रहका सातवटा गीतका शब्द गायक सञ्जीव राइले लेखेका हुन् भने एक-एकवटा गीत नेत्र कोइराला तथा तीर्थ श्रेष्ठले लेखेका हुन्। संग्रहमा विजय राई, राजु सिंह, शुभबहादुर, सुनील सिंह, राम थापा, रामकाजी गुरुङ, अर्जुन पोखरेल, मदन सिंह तथा गौतम गुरुङको संगीत सुन्न पाइन्छ।

## रंगमञ्च

- आगामी मंसिर ६ गते हुने भनिएको संविधानसभाको निर्वाचन तथा समसामयिक राजनैतिक घटनाक्रमहरूलाई जोडेर बनाइएको सडकनाटक अब २७ वटा जिल्लामा पुग्ने भएको छ। हेटौंडास्थित तरङ्ग सांस्कृतिक परिवारले निर्माण गरेको यो नाटकमा संविधानसभाको चुनावमा किन भोट खसाल्ने भन्ने मात्र सन्देश छैन, सानातिना समस्याहरूका कारण पनि सडक बन्द गर्ने परिपाटीको अन्त्य हुनुपर्छ भन्ने सन्देशसमेत दिएको छ। नाटकमा हेटौंडाका नाम चलेका कलाकारहरूले अभिनय गरेका छन्। यसअघि यो नाटकलाई तरङ्गले हेटौंडा नगरपालिकाका ११ वटै वडामा प्रदर्शन गरिसकेको छ। तरङ्गको सडकनाटक यात्रा तराईबाट सुरु हुन लागेको परिवारका अध्यक्ष उज्ज्वल शर्माले बताए। यो सडक नाटक चितवन, मकवानपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली तथा काठमाडौं आदि जिल्लाका दर्शकहरूले हेर्न पाउनेछन्।

**–शिवकुमार काशी**

- जिल्ला रेडक्रस सोसाइटी जिल्ला शाखा धनकुटा, उपशाखा सिधुवा तथा सिधुवा उप-स्वास्थ्य चौकी सिधुवाको आयोजनामा धनकुटाको सिधुवा बजारमा सडक नाटक प्रदर्शन गरियो। परिवार नियोजनसम्बन्धी जनचेतना जगाउने उद्देश्यले चेतना शीर्षकको सडकनाटक प्रदर्शन गरिएको थियो। गत साता बुधबार हटिया लाग्ने दिन पारेर देखाइएको नाटकका कलाकारहरूले सानो परिवार सुखी परिवार हो भन्दै उपस्थित दर्शकहरूलाई चेतनाका साथै एक घण्टा मनोरञ्जन पनि दिलाएका थिए। नाटकमा धनकुटालगायत तेह्रथुम तथा संखुवासभाका कलाकारहरूले पनि अभिनय गरेका थिए।

**–भिषा काफ्ले**

-फ्रेन्च लेखक अल्वेयर कामुले एक शताब्दीअघिको सत्य घटनामा लेखेको कथा 'द-जष्ट' को नेपाली रूपान्तरण 'न्यायप्रेमी' लाई नाटकको रूप दिएर हिजो बिहीबार मञ्चन गरियो। आरोहण-गुरुकुलको आयोजनामा पुरानो बानेश्वरस्थित रिमाल नाटक घरमा मञ्चन गरिएको उक्त नाटक रूसी पृष्ठभूमिमा आधारित छ। जारशाहीविरुद्ध विद्यार्थी संगठनले गरेको विद्रोहको यो कथालाई लेखक कामुले सन् १९४९ मा द-जस्ट शीर्षकको कथामा उतारेका थिए। वर्तमान नेपाली समाजको अवस्थालाई मध्यनजर गरेर मञ्चन गरिएको यो नाटकमा त्रिभुवन विश्वविद्यालयका अंग्रेजी प्राध्यापक डा. सञ्जीव उप्रेती, पत्रकार तथा डकुमेन्ट्री निर्देशक दिलभूषण पाठक, रंगकर्मी निशा शर्मा, प्रवीण खतिवडा, सौगात मल्ल, सरिता गिरी आदिले अभिनय गरेका छन्। भोलि शनिबारदेखि भदौ २२ गतेसम्म (सोमबार र बुधबारबाहेक) यो नाटक मञ्चन हुनेछ। यो नाटकलाई कल्पना घिमिरेले अनुवाद गरेकी हुन्।

-प्रकोप जोखिम न्यूनीकरणका निम्ति गत शनिबार ललितपुर सुनाकोठीका युवाहरूले सडक नाटक मञ्चन गरेका छन्। प्रकोप जोखिम न्यूनीकरण परियोजनाअन्तर्गत स्थानीय बालकुमारी विद्यालयले आयोजना गरेको उक्त नाटकमा करिब दुइ दर्जन कलाकारले अभिनय गरेका थिए। जुनसुकै अवस्थामा आइपर्ने विपत्ति समाधानका लागि समुदायलाई सुसूचित गर्ने सन्देश बोकेको यो नाटक मञ्चन हुनुअघि १० दिने तालिमको आयोजना गरिएको थियो।

-शिल्पी थियटरले काठमाडौं इचङ्गु गाविसका १५ जना बालबालिकालाई नाट्य प्रशिक्षण दिइरहेको छ। विभिन्न विद्यालयका विद्यार्थीमध्ये १५ जनालाई छनौट गरेर दिइएको यो प्रशिक्षणबाट उनीहरूले आफैं नाटक तयार पार्नेछन्। प्रशिक्षण १५ दिनसम्म चल्नेछ।

-हिरोसिमा डेको सम्झनामा आरोहण गुरुकुलका कलाकारहरूले सोमबार कचहरी नाटक मञ्चन गरे। लोकतान्त्रिक गणतन्त्रको चौतारी शीर्षकको उक्त नाटकमा लोकतन्त्र र समावेशीकरणजस्ता विषय समेटिएको थियो।

-'नेपाली रंगमञ्चमा नारी' लेख लेखेबापत नाट्यकर्मी तथा पत्रकार कृष्ण शाह यात्रीलाई यस वर्षको नागार्जुन रचना पुरस्कार प्रदान गरिएको छ। गत साता आयोजित एक समारोहमा लेखक यात्रीलाई उक्त पुरस्कार हस्तान्तरण गरिएको थियो।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

पराक्रम बढ्नेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। आम्दानी पनि राम्रै होला। शनिबारदेखि बुधबारसम्म घरेलु समस्या, गलत विचार एवं चिन्ताले सताउने तथा काममा अवरोध आउने योग छ। स्वास्थ्य पनि गडबड रहन सक्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्।

### वृष

काममा समस्याहरू देखा पर्न सक्छन् भने चिन्ता बढ्न सक्छ। आफन्तहरूको समस्याले चिन्तित बनाउन सक्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ। शनिबार, आइतबार तथा सोमबार पराक्रम बढ्ने, अधुरा काम बन्ने एवं नयाँ काम पाइने योग छ।

### मिथुन

साता मध्यम रहनेछ। सुरुमा मान-सम्मान मिल्नेछ। शुभसमाचार सुन्न पाउनुहोला। अरूबाट सहयोग पनि हासिल हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। शनिबार, आइतबार, सोमबार तथा बिहीबार विवाद बढ्ने, काममा अवरोध आउने एवं घरेलु समस्याले सताउने देखिन्छ।

### कर्कट

सुरुमा खर्च एवं विवाद बढ्नेछ। अरूबाट आलोचित हुनुपर्ला। कुरा काट्नेहरू सक्रिय रहनेछन्। मन दुविधाग्रस्त हुनेछ। धनमाल हराउन सक्छ। स्वास्थ्यले पनि पिरोल्न सक्छ। शनिबार, आइतबार तथा बिहीबार प्रसन्नता एवं पराक्रम बढ्ने, काममा सफलता मिल्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूबाट उचित सहयोग मिल्नेछ।

### सिंह

साता त्यति राम्रो नभए पनि केही सुधार आउनेछ। सुरुमा सोच्ने शक्तिका साथै आम्दानी बढ्नेछ। अरूबाट सहयोग पनि मिल्नेछ। अध्ययनमा सफलता प्राप्त हुनुका साथै भोजभतेरमा समेल हुने अवसर जुट्नेछ। शनिबार, आइतबार, सोमबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ।

### कन्या

सुरुमा मानसम्मान एवं प्रशंसा पाउनुहुनेछ। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। अधुरा काम बन्नुका साथै नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। भाग्यले साथ दिनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्नेछ भने विश्वास गरेकाहरूले धोका दिन सक्छन्।

### तुला

सुरुमा नैराश्यता एवं उदासीनता बढ्नेछ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। काममा अवरोध आउनेछ। शनिबारदेखि बुधबारसम्म मानसम्मान एवं काममा सफलता मिल्ने, अरूबाट प्रशंसा पाइने तथा धन आर्जन हुने योग छ। बोलीको प्रभावका साथै पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने कुरालाई पनि नकार्न सकिँदैन।

### वृश्चिक

स्वास्थ्य कमजोर रहनेछ। शरीरमा आलस्यताका साथै नैराश्यता एवं उदासिनता बढ्नेछ। काममा अवरोध खडा गर्नेहरू सक्रिय हुनेछन्। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कने सम्भावना भए पनि सोमबारदेखि प्रयत्न गर्दा काममा सफलता मिल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### धनु

व्यवसाय बढ्ने तथा यात्रा हुने योग भए पनि शनिबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। आर्थिक अनि घरेलु समस्याका साथै गलत विचारले सताउनेछ। अध्ययनमा सफलता मिल्नेछ। बिहीबार मानसम्मान प्राप्त हुनसक्छ।

### मकर

समय बलियो छ। काममा सफलता मिल्नेछ। शत्रु पराजित हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। भेटघाटमा रमाउने बेला छ। व्यवसाय बढ्नुका साथै यात्रा पनि हुनसक्छ। ठूला व्यक्तिले तपाईंको भरोसा गर्नेछन्। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। मंगलबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ।

### कुम्भ

गलत विचार बढ्नेछ। बेलामा निर्णय नगर्दा हात परेको काम पनि फुत्कनेछ। शत्रुले प्रतिष्ठा गिराउने प्रयत्न गर्नेछन्। स्वास्थ्य गडबड रहनेछ। घरेलु समस्याले सताउनेछ। शनिबारदेखि बुधबारसम्म काममा सफलता मिल्नेछ। आम्दानी पनि हुनसक्छ। कुरा काट्नेहरू सक्रिय रहने हुँदा गोपनियता अपनाउनुहोला।

### मीन

सुरुमा घरेलु समस्याले सताउनेछ। आफन्तहरू टेढिनेछन्। काममा अवरोध आउनाले मनोबल घट्नेछ। गलत विचार पनि बढ्न सक्छ। समयमा निर्णय नगर्दा हात परेको काम फुत्कन सक्छ। मंगलबारदेखि परिश्रम गर्नुपरे पनि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ।

### यो साताको पञ्चाङ्ग

साउन २६ गते : गठेमंगल, २७ गते : विश्व युवा दिवस

## साता संक्षेप

**साउन १८–** आफूले गर्न चाहेको ४ वटा काम पूरा गर्न व्यवधान भएको भन्दै वन तथा भूसंरक्षण मन्त्री मात्रिका यादवद्वारा पदबाट राजीनामा ।

- नेकपा (माओवादी) को केन्द्रीय बैठक समाप्त, मंसिरमा संविधानसभाको निर्वाचन हुन नसक्ने देखिए सरकार छाड्ने निर्णय ।
- सरकारले गाविस सचिवको माग पूरा गरेपछि उनीहरू काममा फर्किए, स्थानीय निकाय पुनर्गठन हुने ।
- राष्ट्रिय गान सार्वजनिक ।
- जाजरकोटको पश्चिमी भेगमा झाडापखालाबाट ७ को मृत्यु ।

**साउन १९–** रायमाझी आयोगको प्रतिवेदन सार्वजनिक, २ सय २ जनालाई कारबाही गर्न सिफारिस ।

- नेकपा (माओवादी) को पाँचौं विस्तारिक बैठक प्रारम्भ, देशभरिका ५ हजार माओवादी भेला भए ।

**साउन २०–** नेकपा (माओवादी) को पाँचौं विस्तारित बैठकमा प्रचण्डको प्रतिवेदनप्रति असन्तुष्टि, गणतन्त्र नभै संविधानसभामा नजान कार्यकर्ताको निर्देशन ।

- नेकपा (माओवादी) भित्र विद्रोही गुट, प्रत्यक्ष र अप्रत्यक्ष गरी करिब ४ हजारले विद्रोह गरिसक्केको खुलासा ।
- रकम नपुगेका कारण सर्लाही तथा रौतहटमा नदी नियन्त्रणको काम रोकियो, नदी नियन्त्रण नभए थप जनधनको क्षति हुने स्थानीय निकायको चेतावनी ।

**साउन २१–** आदिवासी, जनजाति एवं मधेसीहरूसँग वार्ता गर्न सरकारद्वारा वार्ताटोली विस्तार, सरकार-फोरम वार्ता निष्कर्षविहीन ।

- प्रधानमन्त्री अचानक बिरामी, गृहनगर विराटनगरको कार्यक्रम छोट्याएर राजधानी फिर्ता ।
- बाढीक्षेत्रमा रोग बढ्यो, स्वास्थ्यकर्मी अपुग ।

**साउन २२–** सर्वोच्च अदालतका रजिस्टार तथा कर्मचारीबीच विवादका कारण देशभर अदालतमा काम ठप्प, बार एसोसिएसनद्वारा समस्या सुल्झाउन प्रधान न्यायाधीशको ध्यानाकर्षण ।

- नेपालका लागि नयाँ अमेरिकी राजदूत नान्सी पावेल काठमाडौंमा ।
- नेपाल सद्भावना पार्टीमा फेरि किचलो, सरकारबाट उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री राजेन्द्र महतोलाई हटाउने निर्णय, अध्यक्ष आनन्ददेवी सम्पर्कबाहिर ।
- बाढीपीडितलाई देशभरबाट सहयोग, प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा ७७ लाख जम्मा ।

**साउन २३–** आदिवासी जनजाति महासंघले सरकारसँग सम्झौता गऱ्यो, क्षेत्रगत निर्वाचनमा सबै आदिवासी जनजातिलाई समानुपातिक भागबन्डा गरिने ।

- नेकपा (माओवादी) को पाँचदिने विस्तारित बैठक सम्पन्न, संविधानसभापछि जनविद्रोह गर्नुपर्ने निष्कर्ष, तत्काल माओवादीले सरकार नछाड्ने ।
- मलेसियामा सुरक्षागार्ड अब नेपाली मात्र, थप एक लाख नेपालीले रोजगारी पाउने ।
- सरकारद्वारा तराई जनतान्त्रिक मुक्ति मोर्चा, ज्वाला तथा गोइतलाई वार्ताका लागि आमन्त्रण, सम्पर्क सूत्रद्वारा सकारात्मक प्रतिक्रिया आएको सरकारको दावी ।

## संविधानसभा व्यक्ति-अभिव्यक्ति

स्वतन्त्र र निष्पक्ष तवरबाट सम्पन्न हुने संविधानसभाको निर्वाचनको पहिलो बैठकको निर्णय राजाले मान्नुपर्छ । जनताले पनि हतारमा गणतन्त्र भन्नुभन्दा संविधानसभाको निर्णयलाई पर्खनु नै राम्रो हुन्छ । सकेसम्म सबै पक्षलाई मिलाएर जानु नै हिजोको आवश्यकता थियो । आज त्यो अवस्था घर्किन लाग्नु सबैका लागि दुर्भाग्य बन्न सक्छ । जनचाहना नै सर्वोपरि भएकाले संविधानसभाको परिणाम पर्खेर नै आगामी दिनमा मुलुकको सामाजिक, राजनैतिक, सांस्कृतिक एवं आर्थिक क्षेत्रमा अग्रगामी परिवर्तन गर्न सकिन्छ ।

**डा. केशरजंग रायमाझी, पूर्वसभापति, विघटित राजपरिषद् स्थायी समिति**

निर्वाचन हुँदैन भनेर शङ्का उब्जाइदिनु भनेकै संविधानसभा बिथोल्न केही न केही योगदान पुऱ्याउनु हो । प्रधानमन्त्रीले मेरो ६० वर्ष राजनैतिक जीवन दाउमा राखेर संविधानसभा गर्दैछु भन्दै हुनुहुन्छ । त्यसैगरी माधव नेपाल, प्रचण्ड, शेरबहादुर देउवाजस्ता नेताहरूले यस्तै अभिव्यक्ति दिने हो भने संविधानसभाको वातावरण बन्दै जान्छ । देशको कुनै स्थानमा अशान्ति भयो भन्दैमा कसैले सम्पूर्ण क्षेत्रमा निर्वाचन हुन सक्तैन भन्छ भने त्यसको नियत संविधानसभा गराउने छैन भन्ने कुरा बुझ्न सकिन्छ ।

**ओमकारप्रसाद श्रेष्ठ**
**नेता, नेपाली कांग्रेस**

यदि घोषित मितिमा संविधानसभाको निर्वाचन हुन सकेन भने आठ दल गठबन्धनको वैधतामाथि गम्भीर प्रश्न उठ्नेछ । यो प्रश्न उठ्न थालिसक्यो । किनभने अहिलेसम्म राजनैतिक तयारी शून्य छ । यदि पन्ध्र दिनभित्र ठूला भनिएका दलहरूले संविधानसभाको निर्वाचन गर्न राजनैतिक इच्छाशक्ति नदेखाउने हो भने त्यो सम्भव छैन । निर्वाचन आयोग एक्लैले निर्वाचनको प्राविधिक तयारी गरेर हुँदैन, किनभने राजनैतिक तयारी शून्य छ । तराईमा देखिएका समस्या अहिलेसम्म म्यानेजेवल छ, त्यसलाई निहुँ बनाएर निर्वाचन नगर्ने हो भने आठ दलले गठबन्धनको औचित्य समाप्त हुन्छ ।

**सूर्यबहादुर थापा**
**अध्यक्ष, राष्ट्रिय जनशक्ति पार्टी**

माओवादीको विस्तारित बैठकबाट के निष्कर्ष निस्किएको छ भने संविधानसभालाई जसरी भए पनि आफ्नो पक्षमा पार्ने, नत्र संविधानसभा हुन नदिने । संविधानसभा निर्वाचनअघि नै गणतन्त्र ल्याउन सक्नु राम्रो कुरा हो तर गणतन्त्र स्थापनालाई नै संविधानसभाको पूर्वसर्तका रूपमा पेस गर्ने विचारबाट माओवादी ग्रसित हुनु भनेकै उनीहरूले संविधानसभा नचाहेको हो । गणतन्त्रको नाराको आडमा संविधानसभा निर्वाचनमा बाधा हाल्ने काम गर्नु जनताको सार्वभौमसत्ताको अपमान गर्नु हो ।

**मोहनविक्रम सिंह**
**नेता, नेकपा (मसाल)**

म मधेसी जनअधिकार फोरमले झैं आन्तरिम संसद्को विघटनको पक्षमा छु । संविधानसभा निर्वाचनका लागि यो आवश्यक छ । अन्तरिम संसद्ले संविधानसभाको निर्वाचनबाट नयाँ संविधान ल्याउन यसले विशेष प्रस्ताव ल्याएपछि यसले आफूलाई विघटन गर्नुपर्छ । मंसिरपछि अहिलेका सांसदहरूले तलब खान पाउँदैनन् । यी नेपाली जनताबाट चुनिएका होइनन् । विशेष परिस्थिति आयो भने यसलाई ब्यूँताउन सकिन्छ ।

**शम्भु थापा, अधिवक्ता**

शेरबहादुर देउवाले जे बोल्नुहुन्छ, त्यो पुग्दै आएको छ । उहाँले जेठमा संविधानसभाको निर्वाचन हुन सक्तैन भन्नुभयो, त्यो पुग्यो । अहिले मंसिरमा पनि हुँदैन भन्दै हुनुहुन्छ, त्यो पनि पुग्छ होला । कारण उहाँ दरबारमा हुने चलखेलका बारेमा जानकार हुनुहुन्छ । यत्ति हो, उहाँले संविधानसभा नहुनुका पछाडि माओवादी क्रियाकलाप जिम्मेवार छ भन्नुहुन्छ, वास्तवमा उहाँलाई थाहा छ, संविधानसभा नहुनुका पछाडि दरबारको षड्यन्त्र नै प्रमुख जिम्मेवार हो ।

**वर्षमान पुन अनन्त**
**नेता, नेकपा (माओवादी)**

निर्वाचन प्रणालीलगायतका विषयमा असहमतिका साथ आन्दोलनसमेत भैरहेको अवस्थामा आठ दलबीच देखिएको असहमति संविधानसभा निर्वाचनका लागि ठूलो चुनौती हो । यसलाई हल नगरी त्यसै निर्वाचन गर्छु मात्र भन्नु न व्यावहारिक हुन्छ न उपयुक्त नै ।

**शंकर पोखरेल, नेकपा (एमाले)**

मंसिरसम्ममा पनि संविधानसभाको वातावरण बनेन भने के गर्ने भनेर अड्को थाप्नु जायज होइन । सरकारले जसरी पनि निर्वाचनको वातावरण बनाउँछ । यो सरकारको दायित्व हो । होइन, वातावरण हुँदै भएन भने के गर्ने भनेर फेरि पनि कसैले अड्को थाप्छ भने उसलाई यतिमात्र भन्न सकिन्छ, तेस्रोपल्ट संविधान संशोधन गरेर पनि संविधानसभाको निर्वाचन गर्ने ।

**कृष्ण सिटौला, गृहमन्त्री**

## सम्पादकीय

# सरकार र जनजाति महासंघको सम्झौता

आदिवासी जनजाति महासंघले सरकारसँग २० बुँदे लिखित सम्झौता गरेर आफ्नो आन्दोलन टुंगिएको घोषणा गरेको छ। आदिवासी जनजाति संघर्ष समितिका संयोजक केबी गुरुङले हस्ताक्षर गरेपछि २ सय ३८ वर्षपछि आदिवासी जनजातिले आफ्नो अधिकार पूर्ण रूपमा प्रयोग गर्न पाउने अवस्था सिर्जना भएको बताए। त्यसैगरी सरकारका तर्फबाट शान्ति तथा पुनर्निर्माण मन्त्री रामचन्द्र पौडेलले सरकारले आदिवासी जनजातिका सबै माग पूरा गरेको बताएपछि यसले वर्षौंदेखि थाँती रहेको उनीहरूको माग पूरा भएको अनुभूति भएको छ। त्यति मात्र होइन, आदिवासी जनजाति महासंघले अब आफ्नो सम्पूर्ण ध्यान संविधानसभामा केन्द्रित गर्ने बताएर अग्रगामी नेपालमा उनीहरूले योगदान गर्न चाहेको सन्देश दिएको छ। यसले संविधानसभामा आँच पुग्ला कि भन्ने चिन्ता गर्नेहरूमा आशाको सञ्चार भएको छ।

निश्चय नै २० बुँदे सम्झौताले आदिवासी जनजातिका मात्र माग पूरा गरेको देखिँदैन, त्यसले नेपाल साँच्चै नै ४ जात ३६ वर्णको साझा फूलबारी हो भन्ने पुरानो उखानलाई लिखतमा पूरा गरेको छ। अब हरेक जातिको प्रतिनिधित्व सरकार तथा सार्वजनिक पदहरूमा हुनेछ। उनीहरूलाई जातीय स्वशासनको मात्र होइन, स्वनिर्णयको अधिकार पनि हुने भएको छ। सम्झौतामा सरकारले संविधानसभापछि ती सबै अधिकारको ग्यारेन्टी हुने कबोल गरेको छ। यो नै २५ बुँदे सम्झौताको सबैभन्दा ठूलो उपलब्धि हो।

निश्चय नै सम्झौताले संविधानसभालाई केन्द्रित गरेको छ। संविधानसभाबाटै आफ्नो अधिकारलाई व्यवहारमा उतार्न सकिन्छ भन्ने महसुस आदिवासी जनजाति नेताहरूले गरेका छन् भन्ने ती बुँदाबाट प्रस्ट हुन्छ। संविधानसभामा सूचीकृत आदिवासी जनजातिको न्यूनतम एक प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा संवैधानिक वा कानुनी व्यवस्था गर्ने तथा यसको प्रक्रियाका विषयमा आठ दलमा सहमति गरी व्यवस्था गर्ने सहमतिले उनीहरू आठ दलभन्दा भिन्न छैनन् भन्ने देखाएको छ। यसले आदिवासी जनजातिको आन्दोलनलाई बदनाम गर्न खाज्नेहरूलाई पनि मीठो सन्देश दिएको छ।

आदिवासी जनजातिले सरकारसँग गरेको २५ बुँदे सम्झौताले मधेसमा आन्दोलनरत विभिन्न समूहलाई पनि एउटा सन्देश दिएको छ। त्यो सन्देश के हो भने सबैले संविधानसभाअघि लिनुपर्ने कुरा लिएर लिन नसकिएका कुरालाई संविधानसभाको मुद्दा बनाएर अघि बढाउन सकिन्छ। संविधानसभालाई अपहेलना गर्नु जनआन्दोलनको भावनाविपरीत कुरा हो। आदिवासी जनजातिले उचित समयमा उचित निर्णय गरेको देखिन्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऔं साप्ताहिक पत्रिकाहरू पढ्न।
सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल

## चिठीपत्र

### समान छैन

पाठकहरूमा लोकप्रिय भए पनि साप्ताहिकमा ग्रामीण क्षेत्रका समाचार कम छन्। साप्ताहिकले सहरी क्षेत्रको मात्र चर्चा गर्छ। के यसको कुनै खास कारण छ ? साप्ताहिकमा किन साहित्यिक रचना प्रकाशित हुँदैनन् ? त्यसैगरी ग्रामीण पाठकका कुनै पनि लेख-रचना प्रकाशन हुँदैन, किन होला ?

**–नवराज लामा कार्की (क्षेत्री), ओखलढुंगा**

### राजनैतिक तरलता

नेपाल इतिहासकै सबैभन्दा ठूलो तथा कठिन तर सकारात्मक मोडतर्फ उन्मुख भैरहेको छ। राज्यको कानुन (संविधान) नेपाली जनता आफैले पहिलोपटक निर्माण गर्दैछन्। यो एकातर्फ खुसी अर्कातर्फ चुनौतीको विषय हो। नेपाली जनताको फैसला संविधानसभाको चुनावले गर्ने हो तर यहाँ विभिन्न चलखेलका कारण शंका-उपशंकाहरू उब्जिरहेका छन्। मौसममा परिवर्तन भएझैं संविधानसभाको चुनावको मिति पनि परिवर्तन भएर पछि सर्दै जाँदा दरबारीया तत्त्वहरूले आफ्नो बाटो फराकिलो बनाउने प्रयास गरिरहेका छन् यसतर्फ सरकार, आम नेपाली युवा विद्यार्थीहरूले ध्यान दिनु आवश्यक छ। अहिलेको लोकतान्त्रिक सरकारको काम-कारवाही सुस्त छ। जे काम पनि ढिलो गर्ने बानी परेको छ, यद्यपि राम्रो काम पनि भएको छ। संविधानसभाको चुनावका यस्तो ढिलाइ नेपाली जनतामाथिको हेलचेक्र्याइँ हो।

यस्तो अवस्थामा अचेलका युवाहरू के हेरेर बसिरहेका छन् ? सडकमा टायर बाल्ने, यसो खिस्रिक्क केही भए ढुंगामूढा गरी आन्दोलन मात्र गर्ने चाहना आजका युवा विद्यार्थीहरूको होइन, आमूल परिवर्तनको खोजी गरी देशलाई सही बोटामा हिंडाउने लक्ष्य उनीहरूको हो तर पनि युवा विद्यार्थीहरू तात्न सकिरहेका छैनन्। मान्छेले आफ्नो भाग्य निर्माण आफैंले गर्नुपर्छ, मानिसको भाग्य निर्माण कुनै देवताबाट हुन सक्दैन। त्यसैले युवाहरूले आफ्नो भाग्य आफैले लेख्नुपर्छ।

**–उत्तम के. भट्टराई, स्याङ्जा**

### नि:शुल्क शिक्षा हुनुपर्छ

वर्तमान सरकार जनआन्दोलनबाट स्थापित भए पनि यसले जनआन्दोलनको भावनालाई सम्बोधन गर्न सकेको छैन। हरेक नेपाली नागरिकले नि:शुल्क र अनिवार्य शिक्षा तथा नि:शुल्क स्वास्थ उपचार, व्यक्तित्व विकासमा समान अवसर पाउनुपर्छ एवं शिक्षालाई रोजगारीसँग जोड्नुपर्छ भन्ने जनआन्दोलनको भावना हो तर शिक्षामा निजीकरण र व्यापारीकरणको अर्थ गरिब जनताका छोराछोरीलाई शिक्षाबाट वञ्चित गराउनु हो। बर्सेनि हजारौं युवा शिक्षाका निम्ति विदेशिएका छन्। यसबाट देशलाई ठूलो आर्थिक घाटा भैरहेको छ। यसप्रति सरकार, राजनैतिक दलहरू, बुद्धिजीवी, शिक्षक, विद्यार्थी लगायत सबै पक्ष सचेत हुनुपर्ने देखिन्छ। हरेक नेपालीका छोराछोरीले नि:शुल्क रूपमा आफूले चाहेको विषयमा उच्च शिक्षा हासिल गर्न पाउने एवं व्यक्तित्व विकासमा लाग्ने समान अवसर पाउने व्यवस्था हुनुपर्छ। शिक्षण संस्थामा जवरजस्ती तालाबन्दी र अनिश्चितकालीन बन्द आदि जस्ता गतिविधिले भविष्यका कर्णधार मानिने विद्यार्थीहरू नै सबैभन्दा बढी पीडित हुन्छन्। त्यसैले शिक्षासँग सम्बन्धित शिक्षक-कर्मचारीहरूका न्यायोचित माग पूरा गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन चाहन्छु।

**कल्पना प्रजापति, च्याम्हासिंह, भक्तपुर**

### जनता जाग्नुपर्छ

दस वर्षे जनयुद्ध र १९ दिने जनविद्रोहको आँधीबाट संसद् पुनर्स्थापना भएपछि मुलुकले केही सुधारात्मक मोड लियो। जनविद्रोह-२ मा नेपाली जनताले स्वतस्फूर्तरूपमा सहभागिता जनाए। यसको अर्थ राजतन्त्र राख्नुपर्छ भन्ने पक्कै होइन। जनता राजतन्त्रको समूल अन्त्य चाहन्छन् भन्ने कुरा यसले नै प्रमाणित गर्छ। जनविद्रोहका क्रममा संसद् पुनर्स्थापनाको नारा कहाँ थियो ? तर पनि संसद्मा गएर तलब-भत्ता खान पल्किएकाहरू वैशाख ११ को ज्ञानेन्द्रको कदम अग्रगामी अथवा स्वागतयोग्य भन्दै पुरानै शैलीमा राजतन्त्रसँग आत्मसमर्पण गर्न पुगे। यो निर्णय आफ्नो हित अनुकुल र भाग अनुकुल नभए पनि जनताले चित्त बुझाउन बाध्य भए। हिंजो जनविद्रोहका बेला जनताको गणतन्त्रको म्यान्डेटलाई धोका दिएर सिंहदरबार छिर्नेहरू आज जनताको म्यान्डेटलाई पूरा गर्ने राग अलाप्दै छन्। विगतमा जनताले यति धेरै सास्ती, दु:ख पाउनुको मुख्य कारण नै यिनै आत्मसपर्मणवादी, अवसरवादी, सम्झौतापरस्त नेताहरूले गर्दा हो भन्ने कुरा इतिहासले स्पष्ट पार्छ। जनताले संसद पुनर्स्थापनामै भए पनि चित्त बुझाएपछि देशमा केही अग्रगामी परिवर्तनहरू देखापरे। जनआन्दोलनका दोषीहरूमाथि छानविन तथा कारबाहीका लागि छानबिन गर्नेदेखि लिएर राजाका सम्पूर्ण अधिकार कटौती गर्ने कामहरूले जनतामा खुसीको सञ्चार गराएको छ।

जब राजाका अधिकारहरू कटौती गर्ने निर्णय संसद्ले गर्‍यो तब त्यहाँ विभिन्न माग र विरोध गर्दै विभिन्न गुट-सूमह, उपगुटहरू उठ्न थाले। हिजो जनविद्रोहको बेला उनीहरू कहाँ थिए ? जब जनता सडकमा राजतन्त्रको अन्त्यका नारा धन्काइरहेका थिए त्यतिबेला जनताका टाउकामाथि ढुंगामूढा तथा लाठी बर्साउन अनि राजतन्त्रलाई बचाउ गर्न हरप्रयत्न गर्नेहरू नै त्यस्ता अराजक गुट-उपगुट निर्माण गरेर अनेक वितण्डा मच्चाउन उद्यत छन्। पछिल्लो पटक माओवादीसमेत अन्तरिम सरकारमा सहभागी भएयता यी समूह विशेष रूपमा सक्रिय भएका छन्। सम्बोधन गर्नै गाह्रो हुने किसिमका माग राखेर अकर्मण्यताको स्थितिमा पुर्‍याउने र संविधानसभाको चुनाव हुनै नदिने षड्यन्त्र भैरहेको छ।

**–अमृत काम्मुमगर, पाल्पा**
**(पुरस्कृत पत्र)**

## तीतो सत्य

- प्रेमको अन्त्य कहिल्यै हुँदैन।
- पाउने आशामा कसैलाई प्रेम नगर।
- डाँडामा बसालिएको सहर लुक्न सक्तैन।

**निर्मल तामाङ, भक्तपुर–७**

- भूतको भोगाइले वर्तमानमा सही मार्गमा हिँड्न दिशा निर्देशन गर्छ।
- हात्तीका दुईवटा दाँत हुन्छन् एउटा मुखमा र एउटा बाहिर, त्यस्तै मानिसको पनि दुईवटा स्वभाव हुन्छन् बाहिर मानिसलाई देखाउने र भित्र अर्कै।
- पाइतालामा पसेको काँडालाई निकाल्न काँडा नै प्रयोग गर्नुपर्छ।
- आफूले नै नभोगेसम्म मानिसले अरूको देखेर मात्र कहिल्यै चेत्दैन।
- पश्चात्तापले मानिसलाई महान् बनाउँछ।
- मानिसको बाहिरी रूप मात्र राम्रो भएर पुग्दैन भित्री रूप पनि राम्रो हुनुपर्छ।
- स्वार्थी मानिसले कसैको हित हुने काम गर्दैन।

**राजुराज दिंग, उर्लाबारी–३**

- कुनै पनि मानिस पागलपनको हदमा पुग्छ भने उसले त्यो वस्तु प्राप्त गर्न सक्छ।
- सबैसँग हाँस्ने, बोल्ने, सधै खुसी हुने मानिसहरू स्वस्थ, दीर्घजीवी तथा सुन्दर हुन्छन् भने सधै अँध्यारो अनुहार लगाई कसैसँग नबोली गजक्क पर्नेहरू आफ्नो उमेरभन्दा चाँडै बूढो देखिन्छन्।

**पद्मा सिटौला, इटहरा–९, मोरङ**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

## नीति-नियम

नवीन तथा प्राचीन दुवै व्यवहार गर्न सक्ने बाठा व्यक्तिहरूका बुद्धिबाट हरेक क्षण नयाँ काम भैरहेको हुन्छ, त्यसैले यो सबैलाई बताइरहन सम्भव छैन कि त्यसबाट प्रत्यक्ष के कति फाइदा लिन सकिन्छ।

जुन साथीको चित्त मित्रको दुखमा पग्लिन्छ, जुन साथी आफ्ना साथीको ठूलो इच्छा सिद्धि गर्न सधै प्रयत्न गरिरहन्छ तथा बिना प्रेरणा नै स्वयं साथीलाई स्वागत सत्कार गर्छ, आफ्नो साथीका स्त्री, धन तथा गुप्त विषयको रक्षा गर्छ, त्यस्ता लक्षण भएका साथी उत्तम मानिन्छन्। यस बाहेक अर्थात् योग्यतानुसार त्यसभन्दा कम लक्षण भए तीन, दुई, एक लक्षणले युक्त साथीका रूपमा वर्गीकरण गर्न सकिन्छ। मूलत: जसको चित्त मित्रको दु:खमा दु:खी हुन्छ, मित्रको ठूलो इच्छा सिद्धिका लागि प्रयत्न गर्छ एवं बिना प्रेरणा स्वागत सत्कार गर्छ त्यसलाई 'त्रिपदमित्रक' अनि जसको चित्त मित्रको दु:खमा दु:खी हुन्छ र साथीको ठूलो इच्छा सिद्धिका लागि प्रयत्न गर्छ त्यसलाई 'द्विपदमित्रक' एवं जो केवल साथीको दु:खमा दु:खी चित्त देखाउँछ उसलाई 'एकपदमित्रक' भनिन्छ।

–शुक्रनीति

अनुवाद : रामहरि बञ्जारा

## सहर चर्चा



### ज्याक अफ अल...

काठमाडौं खाल्डोको चाबहिल, मैजुबहाल मूल घर भएका उनको अहिलेको घर युरोपमा छ। उनी बेल्जियम, जर्मनी, फ्रान्स, बेलायत आदि मुलुक घुमिरहन्छन्। दस वर्षअघिका प्राय: चलचित्रकर्मीले उनलाई चिन्छन्। त्यतिबेला उनी पनि 'फिल्मवाला' नै थिए। अहिले उनको परिचय बदलिएको छ। उनलाई युरोपका नेपालीहरू त्यहाँको 'नेपाली टेलिभिजन'का संयोजक वा पत्रकारका रूपमा चिन्छन्। दस वर्षअघि उनी दुई 'फ्लप' चलचित्र 'आघात' र 'दाजुभाइ'मा क्रमश: सहायक निर्देशक र निर्माण नियन्त्रकका रूपमा संलग्न भए। नेपाली चलचित्रमा लागेर आर्थिक उन्नति हुँदैन भन्ने महसुस भएपछि उनी परिवारसहित बेलायत हानिए। त्यहाँ एउटा वृद्धाश्रममा काम गर्दागर्दै बेलायतका स्थायी आप्रवासी नेपालीहरूको लगानीमा एउटा टेलिभिजन च्यानल सुरु भयो र उनी भए उक्त टेलिभिजनको संयोजक। अप्रवासीका नयाँ पुस्ताले भारतीय टेलिभिजनको प्रभावमा परेर आफ्नो देश र संस्कृति बिर्सन थालेपछि उनीहरूले उक्त टेलिभिजन च्यानल स्थापना गरेको उनी अर्थात् राजेन्द्र भट्ट बताउँछन्। अहिले पनि भट्टलाई चलचित्र मोहले छाडेको छैन। तब त उनकै संयोजनमा चलचित्र 'सपनाको नौलो संसार'को सुटिङ हालै युरोपमा सम्पन्न भयो। मज्जाको कुरा के भने उक्त चलचित्रका लागि अनुबन्धित भएका क्यामेरा म्यानले भिसा नपाएपछि युरोपमा भट्ट नै क्यामेराम्यान भएछन्। भएन त 'ज्याक अफ अल मास्टर अफ नन' ?

### साइबर गर्ल

## रोजी थापा



चर्चित मोडल बन्ने इच्छा कसमा हुँदैन ? तर पनि मोफसलमा बसेर संर्घष गर्न गाह्रो हुन्छ। केही समय हङकङ बसेर हालै मात्र बाग्लुङ आएकी २० वर्षीय रोजी थापा यसै भन्छिन्। सानै उमेरदेखि मोडलिङमा संलग्न हुन चाहने रोजीमा एउटी मोडलमा हुनुपर्ने सबै गुण छ भन्ने कुरा उनलाई हेर्नेहरू सजिलै अनुमान लगाउन सक्छन्। अहिलेका युवायुवतीहरू फेसन-ग्ल्यामरप्रति निकै चासो राख्छन् भन्ने रोजी आफैं पनि सौन्दर्य सामग्रीसम्बन्धी व्यापार गर्छिन्। सुनौलो रङको जिगज्याग केश तथा आकर्षक शारीरिक बनावट भएकी ५ फिट २ इन्च अग्ली रोजी हाल +२ अध्ययनरत छिन। ४८ किलोकी कुशल नृत्याङ्गना रोजीले विभिन्न टेलीफिल्ममा अभिनय गरिसकेकी छिन्। राजनैतिक क्षेत्रमा त्यति चासो नराख्ने रोजी क्यारियर बनेपछि मात्र जीवनसाथी रोज्ने कुरा बताउँछिन्। असल व्यक्ति नै आफ्नो जीवनसाथी होस् भन्ने उनको इच्छा छ। उनका तस्बिरहरू धौलागिरि अञ्चलको पहिलो वेबपोर्टल www.cyberbeni. com मा हेर्न सकिन्छ।

**–घनश्याम खड्का**

## मुखाले

चुनाव नहुने माओवादीको अनर्गल हल्लाको पछि नलाग्नुहोस्।
**गिरिजाप्रसाद कोइराला, प्रधानमन्त्री**

प्रचण्डले शान्ति-सम्झौता तोडेका छन्।
**रामचन्द्र पौडेल**
**शान्ति तथा पुनर्निर्माण मन्त्री**

सरकारले वार्ता लगभग अन्त्य गर्न खोज्यो, त्यसैले मधेसमा पहिलेजस्तै आन्दोलन हुने सम्भावना बढेको छ।
**उपेन्द्र यादव**
**अध्यक्ष, मधेसी जनअधिकार फोरम**

आठ दलको गणतान्त्रिक मोर्चा नबनाई सुखै छैन।
**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

आन्दोलनकारीले जस्तोसुकै माग राखेको भए पनि उनीहरू विखण्डनवादी होइनन्।
**कृष्णप्रसाद सिटौला, गृहमन्त्री**

नेपालका कम्युनिस्टहरू मिल्न खोजे पनि बाहिरिया शक्तिले मिल्न दिँदैनन्।
**डिल्लीबहादुर महत**
**केन्द्रीय सदस्य, नेकपा (एमाले)**

नेपाल वायुसेवा निगमलाई निजीकरण गरिनेछ।
**पृथ्वी सुब्बा गुरुङ**
**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री**

हरेकको लिमिट हुन्छ, तर म यस्तो व्यक्ति हुँ, जसलाई जति पैसा भए पनि पुग्दैन।
**महावीर पुन**
**म्यागासेसे पुरस्कार विजेता**

संगीत क्षेत्रमा गलाको होइन, भनसुनको आवश्यकता बढ्दै गएको छ।
**त्रिलोक राना, गायक**

## हाम्रो नेपालमा

### अस्पताल छ, बिरामी छैनन्

नेपालका गाउँहरूमा अस्पताल नभएका कारण बिरामीको मृत्युको खबर दिनदिनै सुनिँदै आएको छ। आवश्यकताअनुसारका डाक्टर तथा स्वास्थ्यचौकी नभएर समस्या परेको पनि उत्तिकै सत्य हो। खबरका विपरीत यसपालि अर्को समाचार आएको छ। समाचार हो, सवा करोडको लागतमा बनेको अस्पतालमा एक महिनामा सरदर २३ जना मात्र बिरामी आउँछन्। यो अवस्था मुस्ताङको लेते गाउँको हो। यो गाउँको जनसंख्या १ हजार १ सय छ। दस रोपनी क्षेत्रफलमा फैलिएको २३ कोठे उक्त अस्पताल निर्माण गर्न १ करोड २४ लाख खर्च भएको थियो। यो गाउँ सदरमुकाम मुस्ताङबाट ३५ किलोमिटर टाढा छ। अस्पतालमा डाक्टरसहित १३ कर्मचारीको दरबन्दी छ।

### लिखित प्रतिबद्धता

तिमी कुन श्रेणीमा प्रवेशिका उत्तीर्ण हुन्छौ ? यो प्रश्न विद्यार्थीलाई जहाँ पनि सोधिन्छ, तर नेपालगन्जको बागेश्वरी माध्यमिक विद्यालयमा यस्तो प्रश्न सोधिने मात्र होइन, विद्यार्थीले गरेको प्रतिबद्धताको भिन्दा-भिन्दै फाइलसमेत बनाएर राखिन्छ। कुन विद्यार्थीले आफूले गरेको प्रतिबद्धताअनुसार पढ्छ, त्यसलाई अध्ययनमा विशेष सुविधा दिने व्यवस्था पनि उक्त विद्यालयले मिलाएको छ। यदि आफूले प्रतिबद्धता गरेअनुसारको परिणाम आएन भने ? विद्यालयले त्यसको पनि व्यवस्था गरेको छ। त्यस्ता विद्यार्थी, अभिभावक तथा विषय शिक्षकलाई कुनै न कुनै तरिकाले दण्ड दिने।

### यस्तो पनि जबरजस्ती

विवाह अनेक किसिमका हुन्छन्। हिन्दू धर्मशास्त्रमा विवाह आठ किसिमका हुन्छन् भनेर प्रत्येक विवाहको व्याख्या गरिएको छ। ती विवाहहरूमध्ये राक्षस विवाह पनि एक हो। आधुनिक समाजमा यस्तो राक्षस विवाहका बारेमा धेरै कुरा सुनिएको छैन। यस्तो विवाहमा वर वा वधू पक्षले अर्को पक्षलाई अपहरण गरी आफ्नो नियन्त्रणमा ल्याएर विवाह सम्पन्न गराउँछन्। यस्तै एउटा विवाह महोत्तरी जिल्लाको बिजलपुरा गाविसमा भएको बताइन्छ। समाचारअनुसार बिजलपुरा गाविस वडा नम्बर २ बस्ने विष्णुदेव सिंहका १८ वर्षीय छोरा इन्द्रदेव सिंहलाई दुलही पक्षका मानिसहरूले जबरजस्ती कब्जामा लिई एक स्थानीय युवतीसँग विवाह गराए। यो विवाहका बारेमा दुलही पक्षले दुलाहा र दुलहीबीच प्रेमपूर्ण सम्बन्ध रहेकाले यस्तो निर्णय गर्नुपरेको तथ्य सार्वजनिक गरे पनि दुलहा पक्ष भने उसको उमेर कानुनअनुसार विवाहयोग्य नभएकाले अहिले कानुनको शरणमा पुगेको छ।

### श्रीमान्माथि खुकुरी

सोझो मानिसलाई रिस उठ्दैन, उठिसकेपछि बस्दै बस्दैन भन्ने भनाइ मोरङ बेलबारीकी निर्मला भट्टराईमाथि लागू भएको छ। पटक-पटक श्रीमान्बाट कुटाइ खाएर पनि चुप लागेर बस्ने निर्मलाले गत साता अचानक कालीको रूप धारण गरिन्। पहिले गल्ती गर्दा श्रीमान्को हातबाट कुटाइ खाने निर्मलाले गत साता आफ्नो गल्ती नभै हातपात गर्ने श्रीमान्माथि खुकुरी प्रहार गरिन्। मादक पदार्थ सेवन गर्ने बाबुराम कहिले खाना नमीठो भएकोमा, कहिले बेलामा ढोका नखोलेको निहुँमा निर्मलामाथि हातपात गर्थे। गत साता भने न त उनले खाना नमीठो पकाएकी थिइन् न त ढोका बन्द गरेर नै सुतेकी थिइन्। मादक पदार्थ खाएर आएका बाबुरामले राम्रो कुरा गर्दागर्दै अचानक कपाल समातेर कुट्न थालेपछि भने उनी साह्रै रिसाइन्। सिरानीको खुकुरी निकालेर उनले पहिले बाबुरामको खुट्टामा, त्यसपछि टाउकोमा हानिन्। 'मर्ने गरी हानेकी होइन।' प्रहरीमा बयान लेखाउन पुगेकी निर्मलाले भनिन्, 'सोझोलाई हेप्दा कस्तो हुँदो रहेछ बुझून् भनेर हानेकी हुँ।' निर्मलाको कुरा सुनेर प्रहरीले उनलाई एउटा कागज बनाएर छाडिदिएको छ।

### एक नागरिकता दुई जागिरे

पर्वतका कुमार घलेको नागरिकता प्रयोग गरेर अन्य दुई व्यक्तिले रोजगारी पाएको घटना खुलेको छ। कुमारको नागरिकतामा उनले त जागिर पाए नै, उनका साथीले बेलायती सेनामा समेत जागिर खाइरहेका छन्। त्यसैगरी इमान नामका अर्का व्यक्तिले त्यही नागरिकता प्रयोग गरेर नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसनमा जागिर खाइरहेका छन्। यसअघि उनी भारतीय सेनामा जागिरे थिए। उमेर तथा आवश्यक योग्यता कम भएका कारण इमानले कुमारको नागरिकता प्रयोग गरेको बताएका छन्। नेपालबाहेक विदेशमा जागिर खान नागरिकतामा फोटो टाँसी प्रतिलिपि नागरिकता बनाएर जागिर खानेहरूको संख्या धेरै भएको इमानले बताए। बेलायती तथा भारतीय सेनामा जागीर खान शारीरिक तन्दुरुस्ती तथा उमेर एवं योग्यता सबै चाहिने भएकाले अर्काको नागरिकता भाडामा लिने चलन छ। इमानका अनुसार भारतीय तथा बेलायती सेनामा दस प्रतिशतभन्दा बढी जागीरेले अरूको नागरिकताबाट जागिर खाएका छन्।

## मेरो विचार

### संविधानसभाको महत्व

६ दशक लामो इतिहास बोकेको संविधानसभा २०६२/०६३ सालको दोस्रो जनआन्दोलनको मुख्य एजेण्डा हुनुले पनि यो शब्द नेतादेखि कार्यकर्ता, जागिरेदेखि व्यापारी, व्यवसायी, विद्यार्थी, शिक्षक हुँदै के बूढा, के युवा साराको मुखमा झुन्डिन पुगेको छ। त्यसो त विगतमा मुखमा रामराम भन्दै बगलीमा छुरा बोक्ने, जनताको आँखा छोपी सत्तामा चढ्ने अनि कुर्सी नछाड्ने नेताहरूको प्रत्येक भाषणमा संविधानसभा शब्द नटुट्नुले पनि यसको महत्त्व बढेको छ। अझ सञ्चार माध्यमहरू (टेलिभिजन, रेडियो, एफएम, पत्रपत्रिका आदि) मा कार्यक्रमैपिच्छे संविधानसभाका बारेमा व्यक्त धारणाले प्रत्येक नेपालीका कानमा यो शब्द गुन्जिएको छ भन्दा अत्युक्ति नहोला। यो शब्द सुन्नुभन्दा यसको महत्त्व बुझ्नु लोकतान्त्रिक गणतन्त्र स्थापनामा अघि बढिरहेको नेपालको माग हो।

भ्रष्टाचारमा रुमलिरहने तथा कुर्सी तानातानलाई नै सर्वोपरि मान्ने नेताहरूको गलत एवं भ्रष्ट प्रवृत्ति नै संविधानसभाका बाधा, अड्चन हुन्। नेताहरूको एकाकीपन र अरूलाई नगन्ने प्रवृत्तिले गर्दा नै संविधानसभा निर्वाचनमा बाधा खडा भएको छ भन्ने कुरामा दुईमत नहोला। बिना अर्थका माग तेर्स्याएर बन्द र हड्ताल हुनु संविधानसभा ढिलो गर्न चाहनेहरूका लागि के खोज्छस् कानो आँखो भएको छ। अतः सम्पूर्ण नागरिकहरू एकजुट भै यथास्थितिवादीहरूलाई पराजित गर्दै संविधानसभाको निर्वाचनमा जुट्नुपर्छ।

**– अनुज श्रेष्ठ, त्रिपुरेश्वर–१, धादिङ**

### सहकार्य आवश्यक

नयाँ संविधान निर्माणका लागि हुन लागेको संविधानसभा निर्वाचन हुन नदिन प्रतिक्रियावादीहरूले विभिन्न किसिमका षड्यन्त्र गर्न सक्छन्। लोकतन्त्रलाई विफल तुल्याउन अहिले पनि आमनागरिकमा विभिन्न भ्रम फैलाई निराशा जगाउने कार्यहरू भैरहेका छन्। अर्कातिर बोलीमा जतिसुकै चोखो देखिए पनि आठ दलका नेताहरू व्यवहारमा संविधानसभाप्रति प्रस्ट छैनन्। दलहरू अरूको दोष देखाएर आफ्नो पक्षमा मत पार्ने नियतले काम गरिरहेका छन्। लोकतन्त्रमा विश्वास राख्ने शक्तिहरूबीचको आपसी द्वन्द्व नै संविधानसभाको मुख्य बाधक हो। संविधानसभाको चुनावलाई निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न गराउन सर्वप्रथम सरकारले हाल देखिएका असन्तुष्ट पक्षहरूका मागलाई सम्बोधन गर्नुपर्छ। तराई, चुरेभावर र जनजातिलगायतका समस्या बढ्दै जानुमा सरकारको राजनैतिक दृष्टिकोण जिम्मेवार छ। विशेष गरी सरकारमा रहेका काङ्ग्रेस, एमाले र माओवादीको 'लेनदेन-राजनीति' का कारण समस्या लम्बिएको हो। आठ दललगायत लोकतन्त्रमा विश्वास राख्ने सबैले साझा कार्यक्रम लिएर जनतामाझ जानुपर्छ। मुख्य कुरा आठदलीय गठबन्धनलाई अझ दरिलो बनाउनु परम आवश्यक छ। सबै दलका भ्रातृसंस्था एवं तिनका कार्यकर्ताहरूलाई एक ढिक्का बनाई उपयुक्त वातावरणका लागि परिचालन गरिनुपर्छ। संविधानसभाको निर्वाचनमा कुनै दलविशेषले बहुमत प्राप्त गर्नुभन्दा समानुपातिक सहभागिता रहनु श्रेयस्कर हुन्छ।

संविधानसभा निर्वाचनमा भाग लिने प्रत्येक मतदाताले यसप्रति जागरूक हुनु पनि उत्तिकै महत्त्वपूर्ण छ। प्रत्येक मतदाताले आफ्नो विचारअनुसार उपयुक्त व्यक्ति वा दललाई नहिचकिचाई मतदान गर्न सक्नुपर्छ। व्यक्तिगत फाइदा-बेफाइदाका विषयलाई संविधानसभाको निर्वाचनसित जोडियो भने भोलि मेरो विचारको मृत्यु हुनेछ र अर्काको विचारको भारी ममाथि लादिनेछ भन्ने कुरा बुझ्नु आवश्यक छ। नागरिकले संविधानसभाका लागि सरकारले सञ्चालन गरेका कार्यक्रमहरूमा सक्रिय सहभागी भै यस विषयमा जानकारी लिने, सरसल्लाह गर्नेजस्ता काम गर्नु आवश्यक छ। यसरी संविधानसभाका बारेमा जानकारी दिँदै उपयुक्त वातावरण सिर्जना गर्नु सरकारको कर्तव्य हो, जनताबीच निष्पक्ष र सामूहिक रूपमा प्रस्तुत हुनु दलहरूको दायित्व हो भने निर्भयपूर्वक संविधानसभामा भाग लिनु प्रत्येक नागरिकको जिम्मेवारी हो।

**– गङ्गाराम गड्तौला**
**(पुरस्कृत पत्र)**

**तपाईंको विचारमा संविधानसभा के हो ? यसले के गर्छ ? यसका बाधा–अड्चनहरू के–के हुन् ? तिनलाई हटाउन के गर्नुपर्छ ? संविधानसभाको निर्वाचन कसरी सफल हुनसक्छ ? संविधानसभाका लागि सरकार तथा नागरिकका दायित्व के–के हुन् ? जस्ता प्रश्नमा केन्द्रित रहँदै आफ्ना धारणा हामीलाई लेखिपठाउनुहोस्। उत्कृष्ट प्रकाशित सामग्रीलाई नगद रु. २ सय प्रदान गरिनेछ।**

## कान्तिपुर समाचार डायरी

### सेयर कारोबार दशककै उच्च

मुलुकको एक मात्र सेयर बजारमा गत वर्ष कारोबार तथा मूल्यमा उल्लेख्य वृद्धि भएको छ। स्टक एक्सचेन्जले सेयर कारोबार एवं मूल्यका आधारमा गत आर्थिक वर्षलाई दशककै उच्च कारोबारका रूपमा महत्त्व दिएको छ। गत वर्ष ८ अर्ब ३६ करोड रुपैयाँ बराबारको सेयर कारोबार भएको छ। अघिल्लो वर्षको तुलनामा यो परिमाण झन्डै १ सय ४२ प्रतिशत बढी हो। यो अवधिमा सेयर २ सय ९७ प्रतिशतले बढेको छ। झन्डै पाँच वर्षअघिको रेकर्डलाई तोड्दै नेप्से गत आर्थिक वर्षमा ६ सय ८३ दशमलव ९५ कायम भएको छ। यस आधारमा नेप्से मूल्य १ खर्ब ८६ अर्ब ३० करोड रुपैयाँ पुगेको छ। गत वर्ष १ सय ३५ कम्पनीमध्ये १ सय १६ वटाको मात्र कारोबार भएको थियो।

### गोही संकटमा

चितवन निकुञ्जस्थित नदीनालामा रहेका गोही मानिसका कारणले संकटमा पर्न थालेको छ। माछा मार्न प्रयोग गरिएको विषका कारण गोहीहरू संकटमा परेका हुन्। यस वर्ष गरिएको गणनामा राप्ती तथा नारायणी नदीमा गरी १ सय १७ गोही फेला परेका छन्। गत वर्ष यी दुवै नदीमा ६७ घडीयाल गोही फेला परेका थिए। गोहीको संख्या बढाउन चितवन राष्ट्रिय निकुञ्जले थप २६ घडियाल गोही नदीमा छाडेको थियो।

### वैदेशिक रोजगारमा दुई लाख

गत आर्थिक वर्षमा २ लाख ५ हजार कामदार वैदेशिक रोजगारीमा गएका छन्। यो संख्या अघिल्लो वर्षको तुलनामा २४ प्रतिशतले बढी हो। अघिल्लो वर्ष यो संख्या १ लाख ६५ हजार थियो। श्रम तथा रोजगार प्रवर्द्धन विभागका अनुसार यसरी बिदेसिनेमध्ये अधिकांश खाडी मुलुक पुग्छन्। एक अनौपचारिक तथ्यांकअनुसार भारतबाहेक वैदशिक रोजगारीमा जानेहरूको संख्या १८ लाख छ।

### बालश्रमिक २५ प्रतिशत

नेपालको कुल श्रमशक्तिको २५ प्रतिशत अंश बालश्रमिकले ओगटेका छन्। नेपालमा २६ लाख बालश्रमिक रहेको अध्ययनले देखाएको छ। ती बालश्रमिकमध्ये ८० प्रतिशतभन्दा बढी बालश्रमिक जोखिमपूर्ण श्रमक्षेत्रमा कार्यरत छन्।

### सहस्राब्दी लक्ष्यमा प्रगति भएन

सहस्राब्दी विकासलक्ष्यमा अपेक्षित प्रगति हासिल हुन नसकेको एक अध्ययनमा देखिएको छ। शिक्षा, स्वास्थ्य, खानेपानी आदि सामाजिक क्षेत्रका सूचकांक तथा गरिबी निवारण, लैंगिक समानता, बालमृत्युदर, मातृमृत्युदरजस्ता क्षेत्रमा अपेक्षित सुधार हुन सकेको छैन। कुल १८ पूर्णाङ्कमा पाँच अंक बराबर मात्र प्रगति हासिल भएको अध्ययन-प्रतिवेदनमा उल्लेख छ। विकास लक्ष्यभन्दा कम प्रगति हुने देशहरूमा अफ्रिकी तथा दक्षिण एसियाली मुलुकहरू पर्छन्। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले गरेको सहस्राब्दी विकासलक्ष्यसम्बन्धी अध्ययन-प्रतिवेदन– २००७ मा बालमृत्युदर तथा मातृमुत्युदरमा सामान्य सुधार भए पनि प्रगति सन्तोषजनक नभएको जनाइएको छ।

# उच्च शिक्षाको केन्द्र त्रिभुवन विश्वविद्यालय



वि.सं. २०१६ सालमा स्थापित त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षालाई सर्वसाधारण जनताको पहुँचभित्र सर्वसुलभ, सहज र स्तरीय ढंगमा अधिराज्यव्यापी रूपमा पुऱ्याउने महत्त्वपूर्ण जिम्मेवारी बहन गरेको छ। यो विश्वविद्यालयअन्तर्गत चारवटा संकाय, पाँचवटा अध्ययन संस्थान, चारवटा अनुसन्धान केन्द्र, ६१ वटा आङ्गिक क्याम्पस, ३२ वटा केन्द्रीय विभाग तथा करिब २ सय सम्बन्धनप्राप्त क्याम्पस छन्।

त्रिभुवन विश्वविद्यालय प्रतिपर्स्धा तथा गुणस्तरीय शिक्षाको क्षेत्रमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त विश्वविद्यालय हो। विशेष गरेर चिकित्सा र इन्जिनियरिङ शिक्षाको क्षेत्रमा यो विश्वविद्यालयमा उत्कृष्ट विश्वविद्यालय मानिन्छ। त्रिभुवन विश्वविद्यालय सरकारी क्याम्पस तथा उच्च शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने केन्द्रका रूपमा पनि चिनिन्छ। यो विश्वविद्यालयले प्रदान गर्ने शिक्षा अन्य विश्वविद्यालयको तुलनामा अत्यन्तै सस्तो छ।

राष्ट्रका विभिन्न तह र तप्कामा नेतृत्व सम्हाल्ने, कार्यकारी भूमिका निर्वाह गर्ने वा दैनिक प्रशासनका नियमित कार्य गर्ने ९० प्रतिशतभन्दा बढी व्यक्ति त्रिभुवन विश्वविद्यालयबाटै शिक्षित छन्। देशका लागि दक्ष एवं अर्धदक्ष जनशक्ति उत्पादन गर्ने अभिभारा बोकेको त्रिभुवन विश्वविद्यालय अहिले पनि हजारौं विद्यार्थीको पहिलो रोजाइ रहँदै आएको छ।

विश्वविद्यालयले सीमित स्रोत-साधनको भरमा प्राज्ञिक तथा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु ठूलो चुनौती भएको विज्ञहरू बताउँछन्। विभिन्न कठिनाइका बाबजुद त्रिभुवन विश्वविद्यालयमा आमसञ्चार तथा पत्रकारिता, ग्रामीण विकास, वातावरण विज्ञान, बुद्धिज्म, लैङ्गिक विकासजस्ता विषयमा केन्द्रीय विभागहरू स्थापना गरी स्नातकोत्तर तहको कार्यक्रम सञ्चालन गरिएको छ।

अनुसन्धान एवं शिक्षाको स्तर बढाउन शैक्षिक, भौतिक उपकरण र सामग्रीहरूको विस्तारसँगै विश्व बैंकको २ अर्ब रुपैयाँ ऋण सहयोगमा थुप्रै नयाँ आधुनिक सुविधा सम्पन्न भवनहरूको निर्माण सम्पन्न गरिएको छ। अधिराज्यको सबैभन्दा ठूलो अस्पताल त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा चिकित्सा क्षेत्रका नवीनतम उपकरण एवं सुविधा थप गरी सेवा सञ्चालन गरिएको छ भने नेपालको सबैभन्दा ठूलो पुस्तकालय त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयमा पनि पाठक तथा अनुसन्धानकर्ताहरूलाई पेरी सुविधा, इन्टरनेट सूचना-प्रविधिमार्फत सामग्रीहरू खोज्न र डाउनलोड गर्न सकिने सेवा उपलब्ध गराइएको छ। त्यस्तै ऐतिहासिक अभिलेख र पुस्तकहरूको दीर्घकालीन संरक्षण गर्न जापान सरकारको २ करोड रुपैयाँबराबरको सांस्कृतिक अनुदानअर्न्तगत विभिन्न प्राविधिक उपकरण तथा सुविधाहरू प्रदान गरिएको छ।

यसै परिप्रेक्ष्यमा त्रिभुवन विश्वविद्यालयले शैक्षिक क्षेत्रको स्तर वृद्धिका लागि विश्वका २४ मुलुकका ७० भन्दा बढी विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाहरूसँग सम्बन्ध स्थापना गरी शैक्षिक एवं अनुसन्धानात्मक कार्यक्रमहरू अघि बढाउँदै लगेको छ। त्रिभुवन विश्वविद्यालयले विश्वविद्यालयहरूसँग सहयोग तथा विद्यार्थी आदान-प्रदान गर्न वैदेशिक छात्रवृत्तिका कार्यक्रमहरू सञ्चालन गर्न एवं विदेशी विद्यार्थीहरूलाई नेपालमा सोझै भिसा उपलब्ध गराउन 'सेन्टर फर इन्टरनेसनल रिलेसन' नामक छुट्टै निकाय स्थापना गरेको छ।

त्रिभुवन विश्वविद्यालयले इन्जिनियरिङ, चिकित्सा, वन, विज्ञान तथा प्रविधि, मानविकी, व्यवस्थापन, शिक्षा तथा कानुनजस्ता विषयमा प्रमाणपत्र तह, तीनवर्षे स्नातक तह, स्नातकोत्तर तह र एमफिल गरी चार तहमा पठनपाठनको कार्यक्रम तथा विधावारिधि तहमा अनुसन्धानको कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। अबको दुई वर्षपछि त्रिभुवन विश्वविद्यालयअन्तर्गतका सम्बन्धनप्राप्त कलेजहरूमा पनि प्रमाणपत्र तहलाई विस्थापन गरी दस जोड दुईकै पाठ्यक्रम लागू गर्ने योजना छ।

–भोला

## त्रिभुवन विश्वविद्यालयमा कुन विषय कहाँ पढ्ने ?

| क्याम्पस | अध्ययन हुने विषय |
|---|---|
| महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम | मानविकी, व्यवस्थापन, शिक्षा |
| मेची बहुमुखी क्याम्पस, झापा | मानविकी, व्यवस्थापन, विज्ञान |
| म.मो. आ. ब. क्याम्पस, विराटनगर | मानविकी, व्यवस्थापन, विज्ञान |
| महेन्द्र बहुमुखी क्याम्पस, धरान | मानविकी, व्यवस्थापन |
| धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | मानविकी, विज्ञान, शिक्षा |
| भोजपुर क्याम्पस, भोजपुर | मानविकी, व्यवस्थापन |
| म. वि. बहुमुखी क्याम्पस, राजविराज | मानविकी, व्यवस्थापन, विज्ञान |
| सिरहा बहुमुखी क्याम्पस, सिरहा | मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षा |
| रा.रा. बहुमुखी क्याम्पस, जनकपुर | मानविकी, व्यवस्थापन, विज्ञान |
| ठाकुरराम बहुमुखी क्याम्पस, वीरगन्ज | मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षा |
| वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर | मानविकी, विज्ञान |
| भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर | मानविकी, विज्ञान |
| पाटन संयुक्त क्याम्पस, पाटनढोका | मानविकी, व्यवस्थापन, विज्ञान |
| महेन्द्ररत्न क्याम्पस, ताहाचल | शिक्षा, विज्ञान |
| सरस्वती क्याम्पस, लैनचौर | मानविकी, व्यवस्थापन |
| पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार | मानविकी, व्यवस्थापन, विज्ञान |
| पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा | मानविकी, व्यवस्थापन, विज्ञान, शिक्षा |
| त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा | मानविकी, व्यवस्थापन, विज्ञान |
| बुटबल बहुमुखी क्याम्पस, बुटबल | मानविकी, विज्ञान, शिक्षा |
| भैरहवा बहुमुखी क्याम्पस, भैरहवा | मानविकी, व्यवस्थापन |
| महेन्द्र बहुमुखी क्याम्पस, दाङ | मानविकी, व्यवस्थापन |
| महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज | मानविकी, व्यवस्थापन, विज्ञान |
| जुम्ला बहुमुखी क्याम्पस, जुम्ला | व्यवस्थापन, विज्ञान र मानविकी |
| तेह्रथुम क्याम्पस, चुहानडाँडा, तेह्रथुम, | मानविकी |
| ललितकला क्याम्पस, काठमाडौं | चित्रकला, नृत्यकला, मूर्तिकला र संगीत |
| रत्नराज्यलक्ष्मी क्याम्पस, काठमाडौं | मानविकी (पत्रकारिता) |
| विश्वभाषा क्याम्पस काठमाडौं | विभिन्न विदेशी भाषाहरू |
| महेन्द्ररत्न बहुमुखी क्याम्पस, बाग्लुङ | मानविकी |
| पब्लिकयुथ क्याम्पस, धोबीचौर | व्यवस्थापन |
| मीनभवन कमर्स क्याम्पस, काठमाडौं | व्यवस्थापन |
| केन्द्रीय प्रविधि क्याम्पस, धरान | विज्ञान |
| अमृत साइन्स क्याम्पस, काठमाडौं | विज्ञान |
| सिद्धनाथ क्याम्पस, महेन्द्रनगर | विज्ञान |
| नर्सिङ क्याम्पस, विराटनगर | नर्सिङ |
| ललितपुर नर्सिङ क्याम्पस, ललितपुर | नर्सिङ |
| केन्द्रीय क्याम्पस, काठमाडौं | नर्सिङ |
| पोखरा नर्सिङ क्याम्पस, पोखरा | नर्सिङ |
| नर्सिङ क्याम्पस, नेपालगन्ज | नर्सिङ |
| पूर्वाञ्चल क्याम्पस, धरान | इन्जिनियरिङ |
| पुल्चोक क्याम्पस, पुल्चोक, काठमाडौं | इन्जिनियरिङ |
| थापाथली क्याम्पस, थापाथली, काठमाडौं | इन्जिनियरिङ |
| पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस, पोखरा | इन्जिनियरिङ |
| हेटौंडा क्याम्पस, हेटौंडा | वनविज्ञान |
| वन विज्ञान क्याम्पस, पोखरा | वनविज्ञान |
| लमजुङ कृषि क्याम्पस, लमजुङ | कृषि तथा पशुविज्ञान |
| पक्लिहवा क्याम्पस, पक्लिहवा | कृषि तथा पशुविज्ञान |
| सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत | शिक्षा |
| डडेलधुरा शिक्षा क्याम्पस, डडेलधुरा | शिक्षा |

एसएलसीलाई जीवनको क्यारियर सुरु गर्ने प्रारम्भिक खुड्किलो मानिन्छ। त्यसैले बर्सेनि एसएलसी परीक्षा उत्तीर्ण गर्ने लाखौ युवायुवती प्लस टु र विश्वविद्यालयको समान स्तरको प्रवीणता प्रमाणपत्र तहमा भर्ना हुन जान्छन्। एसएलसी परीक्षामा प्रथम श्रेणीमा उत्तीर्ण हुने अधिकांश विद्यार्थीले विज्ञान, इन्जिनियरिङ, चिकित्साशास्त्र अध्ययन गर्ने चाहना राखेका हुन्छन्। द्वितीय र तृतीय श्रेणीमा एसएलसी परीक्षा उत्तीर्ण गर्ने तथा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीहरूले मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र संकाय अन्तर्गतका विषय पढ्नुपर्ने बाध्यता हुन्छ। उच्च शिक्षा अध्ययन गर्ने क्रममा विद्यार्थीले आफ्नो चाहना, आर्थिक अवस्था तथा समय र ठाउँमा अनुकूलताअनुरूप छुट्टाछुट्टै विषय अध्ययन गर्नेगरेको पाइन्छ। यसै सन्दर्भमा त्रिभुवन विश्वविद्यालयमा कुन विषय कहाँ पढ्ने ? कुन विषय अध्ययन गर्दा के बनिन्छ र कहाँ अध्ययन गर्नु राम्रो हुन्छ ? जस्ता प्रश्नले विद्यार्थीलाई असमञ्जसमा पारेको हुन्छ। इन्जिनियर, डाक्टरजस्ता प्राविधिक विषयमा विशेषज्ञता हासिल गर्नतर्फ नै बढी विद्यार्थी आकर्षित देखिन्छन्, तर यी विषय पढ्न प्रवेशिकामा विज्ञान, अंग्रेजी र गणितमा कम्तीमा पनि ५० प्रतिशत अंकका साथै दरो आर्थिक क्षमता, लगनशीलता तथा परिश्रम अनिवार्य हुन्छ।

प्लस टु अध्ययन गर्न विद्यार्थीहरूको आकर्षण निजी उच्च मा.वि. तथा क्याम्पसहरूतर्फ भए पनि प्राविधिक विषयहरू अध्ययन गर्न अझै पनि त्रिभुवन विश्वविद्यालयलाई नै भरपर्दो, स्तरीय, कम खर्चिलो र विश्वासिलो मानिन्छ। यसैगरी मानविकी, व्यवस्थापन, शिक्षाशास्त्रजस्ता विषय अध्ययन गर्न पनि त्रिभुवन विश्वविद्यालय अन्तर्गतकै बहुमुखी क्याम्पसहरूलाई नै उपयुक्त थलो मानिन्छ। हाल त्रिभुवन विश्वविद्यालयले पनि प्रमाणपत्रतह हटाई प्लस टु सञ्चालन गर्ने निधो गरेकाले भविष्यमा त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसहरूमा विद्यार्थीहरूको आकर्षण अझ बढ्ने निश्चित छ।

# रोजगारमूलक शिक्षामा केन्द्रित छ पूर्वाञ्चल विश्वविद्यालय

विराटनगरस्थित नेपालकै दोस्रो ठूलो विश्वविद्यालय पूर्वाञ्चल विश्वविद्यालय वि.सं. २०५४ सालमा स्थापना भएको हो । रोजगारमूलक एवं गुणस्तरीय शिक्षालाई आफ्नो लक्ष्य बनाएर अघि बढेको यो विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धनप्राप्त कलेजमा १२ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । त्यस्तै हरेक वर्ष ५ हजार विद्यार्थी भर्ना हुने गरेका छन् । क्षेत्रीयताको अवधारणामा खुलेको यो विश्वविद्यालयले थुप्रै नयाँ विषयका पाठचक्रम विकास गरेको छ । 'विश्वविद्यालयले व्यावहारिक शिक्षा पद्धतिलाई अँगालेको छ,' विश्वविद्यालयका निमित्त परीक्षा नियन्त्रक ईश्वरचन्द्र बानियाँ भन्छन्– 'विश्वविद्यालयले नेपाली जीवनशैली सुहाउँदो विषयका पाठचक्रममा अध्यापन गराउँदै आएको छ ।' निमित्त परीक्षा नियन्त्रक बानियाँका अनुसार नयाँ विश्वविद्यालय भएकाले प्रचार-प्रसारको कमी भए पनि विश्व-विद्यालयबाट उत्पादित जनशक्ति अवसर नपाएको भन्ने सुनिएको छैन । रोजगारमूलक विषयमा पाठचक्रम तयार गरेकाले यहाँका उत्पादन बजारमा सजिलै खपत हुन्छन् ।

विश्वविद्यालय स्थापना भएपछि नयाँ विषयका पाठचक्रमसँगै सम्बन्धनको संख्या बढे पनि यो विश्वविद्यालयले गुणात्मक अभिवृद्धिमा ध्यान दिएको पाइँदैन । यसको प्रत्यक्ष उदाहरण, अहिलेको घट्दो सम्बन्धन पनि हो । कुनै बेला १ सयभन्दा बढी कलेजले सम्बन्धन लिएकोमा अहिले त्यो संख्या ८८ मा पुगेको छ । यो विश्वविद्यालयको अर्को अचम्मको पाटो पनि छ । त्यो हो, सार रूप एउटै भएका फरक विषयका पाठचक्रम । विश्वविद्यालयले सम्बन्धन दिएका फरक कलेजले फरक नाममा एउटै पाठचक्रममा अध्यापन गराउने गरेका छन् । त्यसका लागि उनीहरूले आफैंले तयार पारेको पाठचक्रम विश्वविद्यालयबाट पारित गराएका छन् । त्यसपछि उक्त पाठचक्रम अध्यापन गराउने एक मात्र कलेज भनेर प्रचार गर्न कलेजहरू पछि पर्दैनन् । उदाहरण, कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन र सेफर्ड कलेजले एउटै पाठचक्रम भन्न मिल्ने दुईवटा फरक पाठचक्रममा अध्यापन गराउँदै आएका छन् । यो मामिलामा अन्य कलेज पनि पछि छैनन् ।

पूर्वाञ्चल विश्वविद्यालयले नेपालमै पहिलो पटक विभिन्न संकायमा नयाँ-नयाँ विषय भित्र्याएको हो, जसअनुसार रोजगारमुखी शिक्षाको अवधारणाअनुरूप विश्वविद्यालयले बजारमा आवश्यक पर्ने जनशक्तिमा केन्द्रित रहेर पाठचक्रम तयार पारेको छ । त्रिभुवन विश्वविद्यालयको तुलनामा यो विश्वविद्यालयको शुल्क केही महँगो छ, तर शुल्कभन्दा पनि पढाइको स्तरीयतालाई महत्त्व दिइएको विश्वविद्यालयको जिकिर छ । विश्वविद्यालयले शैक्षिक पाठचक्रममा क्षेत्रीयतालाई पनि महत्त्व दिएको छ । भौगोलिक एवं जातीय हिसाबले विविधता भएको हाम्रो मुलुकका लागि विभिन्न क्षेत्रमा जनशक्ति पूर्ति गर्न प्रभावकारी भूमिका खेल्ने दाबी विश्वविद्यालयको छ, जसअनुसार यो विश्वविद्यालयअन्तर्गत व्यापारिक व्यवस्थापन, खाद्य विज्ञान, दुग्ध तथा मासु प्रविधी, वन तथा बाली विज्ञान, पशु विज्ञान, मेडिकल, कम्प्युटर साइन्स, सूचना प्रविधि आदि पाठचक्रममा अध्यापन गराइन्छ । निमित्त परीक्षा नियन्त्रक बानियाँका अनुसार औद्योगिक अनुसन्धान, चिया, मसला, जडिबुटी, फलफूल, तरकारीजस्ता नगदे बाली, अर्गानिक फार्मिङ, प्राकृतिक स्रोत-साधन तथा वातावरणीय विज्ञानलगायतका पाठचक्रम तयार भए पनि यी विषयमा अध्यापन प्रारम्भ भएको छैन । विश्वविद्यालयले सबै तहका कार्यक्रममा अनुसन्धानमुखी अध्ययनलाई प्राथमिकता दिएको छ । अनुसन्धानकै लागि मोरङको गोठगाउँस्थित ८ सय विघाहा जग्गा उपयोग गर्ने विश्वविद्यालयको दीर्घकालीन योजना छ । विश्वविद्यालयले गोठगाउँको उक्त जमिनलाई अनुसन्धानका लागि उपयोग गर्ने र त्यहाँ कृषि एवं वनविज्ञानको अध्ययन-अध्यापन प्रारम्भ गर्ने योजना बनाएको छ । त्यसका लागि जडिबुटी खेती प्रारम्भ भैसकेको छ । विश्वविद्यालयको केन्द्रीय कार्यालय पनि सोही स्थानमा सार्ने योजना भए पनि हालसम्म यो विश्वविद्यालय विराटनगरमै छ । प्राध्यापक बानियाँका अनुसार केन्द्रीय कार्यालयका लागि निर्माणकार्य पनि लगभग पूरा भएको छ ।

**संकाय र विषय**

प्रायः विषयमा ६ महिने सेमेस्टर प्रणालीअन्तर्गत पाठचक्रम सञ्चालन गरेको यो विश्वविद्यालयले केही विषयमा वार्षिक तथा दूर शिक्षा प्रणालीअन्तर्गत पाठचक्रम उपलब्ध गराएको छ । विश्वविद्यालयले विराटनगरमा आफ्नै तीनवटा आंगिक क्याम्पस सञ्चालन गरेको छ । निमित्त परीक्षा नियन्त्रक बानियाँका अनुसार इन्जिनियरिङ क्याम्पसमा कम्प्युटर, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए) र ब्याचलर अफ इन्फरमेसन टेक्नोलोजी (बीआईटी), व्यवस्थापन क्याम्पसमा ब्याचलर अफ बिजनेस एडमिनेस्ट्रेसन (बीबीए), मास्टर्स अफ बिजनेस एडमिनेस्ट्रेसन (एमबीए) र मानविकी संकायमा जनसंख्या तथा ग्रामिण विकास पाठचक्रममा अध्यापन गराइन्छ ।

विश्वविद्यालयले दिएको जानकारीअनुसार भिन्न-भिन्न संकायअन्तर्गत तल उल्लेखित शैक्षिक कार्यक्रमलाई विश्वविद्यालयले पारित गरेको छ, जसमध्ये कतिपय विषयमा अध्यापन सुरु भैसकेको छैन । विश्वविद्यालयले ७३ वटा विषयमा पाठचक्रम तयार पारे पनि ६५ वटा कार्यक्रम मात्र सञ्चालन भैरहेको निमित्त परीक्षा नियन्त्रक बानियाँ बताउँछन् ।

विज्ञान तथा प्रविधि संकायअन्तर्गत स्नातक तहमा ४ वर्षे इन्जिनियरिङमा कम्प्युटर, सिभिल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेसन, बायोमेडिकल, ज्यामितीय तथा भू-स्रोत व्यवस्थापन, ५ वर्षे आर्किटेक्चर विषय छन् ।

**यसैगरी ३ वर्षे ब्याचलर अफ कम्प्युटर एप्लिकेसन (बीसीए), १ वर्षे बीसीए अनर्स, १ वर्षे पोस्ट ग्र्याजुएट डिप्लोमा इन कम्प्युटर एप्लिकेसन, ४ वर्षे इन्फर्मेसन टेक्नोलोजी (बीआईटी), एग्रीकल्चर, बायोकेमेस्ट्री, बायोटेक्नोलोजी, बीटेक (फुड), बिटेक**

**बाँकी पृष्ठ २० मा**

## कलेजले आफैं कोर्स निर्माण गर्ने कि ?

**पूर्वाञ्चल विश्वविद्यालयसँग सम्बन्धन लिएका कलेजहरूले आफैंले पाठचक्रम निर्माण गरेर अध्यापन गराउन सक्छन् । विश्वविद्यालयले कलेजले तयार पारेका पाठचक्रमलाई सजिलै पास गरिदिने भएकाले कलेजले नयाँ शीर्षक राखेर पाठचक्रम निर्माण गर्न सक्छन् । यदि उस्तै प्रकारको अर्को पाठचक्रम सञ्चालनमा भए पनि विश्वविद्यालयले त्यसको मतलब नै नराखी कलेजको प्रस्तावित पाठचक्रम पास गरिदिन्छ । त्यसो भएकाले कलेजहरूले यो पाठचक्रम मेरोमा मात्र छ भनेर विद्यार्थीलाई आकर्षित गर्न सक्छन् । यो राम्रो अवसर भएकाले सम्बन्धन लिएका सबै कलेजले यसलाई उपयोग गर्न सक्छन् । एउटा उदाहरण तल प्रस्तुत गरिएको छ ।**

**हिमालय ह्वाइट हाउस कलेजले नयाँ विषय भनेर 'बी-टेक बायोटेक्नोलोजी' विषयमा छ महिनाअघि भर्ना लिएको थियो । यो कार्यक्रम विश्वविद्यालयमा प्रस्ताव नै नगरी ह्वाइट हाउसले सञ्चालन गर्ने निधो गरिसकेको थियो । जब विद्यार्थी भर्ना लिइयो, त्यतिबेला विश्वविद्यालयका केही पदाधिकारीले यसो नगर्न ह्वाइट हाउसलाई जानकारी गराएका थिए, तर कलेजले त्यसको मतलबै नगरी अध्यापनकार्य प्रारम्भ गर्‍यो । सेमेस्टर प्रणालीअन्तर्गतको यो पाठचक्रममा विद्यार्थीले छ महिना अध्ययन गरिसकेपछि परीक्षा लिने बेला भैसकेको थियो । अन्ततः विश्वविद्यालयले ह्वाइट हाउसले विकास गरेको पाठचक्रमलाई पास गर्‍यो ।**

**सरसर्ती हेर्दा नै अचम्म लाग्ने यो प्रणालीले विश्वविद्यालयको व्यवस्थापनकस्तो छ, पुष्टि हुन्छ, किनभने पाठचक्रम विकास विश्वविद्यालयअन्तर्गतका केन्द्रीय विभाग एवं विषय समितिले गर्छन् । त्यसो त पूर्वाञ्चल विश्वविद्यालयमा केन्द्रीय विभाग, संकाय सञ्चालनमा आउन सकेका छैनन् । विश्वविद्यालय पदाधिकारीहरूका अनुसार विराटनगरमा गएर न्यून तलबमा काम गर्न प्राज्ञिक व्यक्तित्वहरू तयार नहुनुले यसले विश्वविद्यालयको अवधारणामा काम गर्न नसकेको हो ।**

## एमबीबीएसमा धोका

**पूर्वाञ्चल विश्वविद्यालयले यो वर्ष पनि एमबीबीएसका कक्षा सञ्चालन गर्न सकेन । विश्वविद्यालयले तीन वर्षअघि आफ्नै आंगिक क्याम्पस मार्फत एमबीबीएस सञ्चालन गर्ने भनेर आवेदन माग गरेको थियो । त्यसपछि प्रवेश परीक्षा लिएर छनौटमा परेका विद्यार्थीहरूको नामसमेत सार्वजनिक गरियो, तर एमबीबीएसको कक्षा सञ्चालन हुन सकेन । कोसी अञ्चल अस्पताललाई शिक्षण अस्पतालका रूपमा प्रयोग गर्ने योजना बुनेको विश्वविद्यालयलाई नेपाल मेडिकल काउन्सिलको निर्देशनले अवरोध पुर्‍याएको बताइएको थियो । काउन्सिलको नियमअनुसार विश्वविद्यालयले एमबीबीएस सञ्चालन गर्न आफ्नै अस्पताल खडा गर्नुपर्थ्यो, तर पैसाको अभाव भएकाले विश्वविद्यालय अहिले पनि अस्पताल सञ्चालन गर्न असमर्थ छ । त्यसबेला आफ्नै आंगिक क्याम्पस प्रारम्भ गरेर मात्र अन्यलाई सम्बन्धन दिने बताउँदै नोबल अस्पताल विराटनगरलाई पनि एमबीबीएस सञ्चालनका निम्ति सम्बन्धन दिइएको थिएन । विश्वविद्यालयले भविष्यमा आफ्नै अस्पताल स्थापना गरेर एमबीबीएसका कक्षा सञ्चालन गरे पनि तीन वर्षअघि प्रवेश परीक्षामा छनौट भएका विद्यार्थीको हकमा भने ठूलो अन्याय भएको छ । यो एक किसिमको अपराधजस्तै भएको छ, विश्वविद्यालयसँग सम्बन्धित एक पदाधिकारीले नाम उल्लेख नगर्ने सर्तमा भने– विश्वविद्यालयजस्तो गरिमामय संस्थाले विद्यार्थीको भविष्यमाथि नै खेलबाड हुने गरी यस प्रकारको व्यवहार गर्नुहुँदैन ।**

# फेसन डिजाइनिङ अध्यापन हुने कलेज तथा इन्स्टिच्युटहरु

## नमुना कलेज अफ फेसन टेक्नोलोजी

नमुना कलेज अफ फेसन टेक्नोलोजीले अहिलेसम्म दुईवटा समूहमा गरेर २२ जना फेसन डिजाइनका जनशक्ति उत्पादन गरिसकेको छ। ती जनशक्ति स्वदेशी तथा विदेशी बजारमा सजिलै खपत भएका छन्। वि.सं. २०५९ मा स्थापना भएको यो कलेजले पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा फेसन डिजाइनमा तीनवर्षे स्नातक तहको कार्यक्रम सञ्चालन गरेको छ। नेपाली विश्वविद्यालयको सम्बन्धन लिएर सञ्चालन भएको यो मात्र एक कलेज हो।

स्नातक तह अन्तर्गत पहिलो समूहमा ६, दोस्रो समूहमा १६, तेस्रो समूहमा २५, चौथो समूहमा १५ तथा पाँचौं समूहमा ५० जना विद्यार्थी भर्ना भएका थिए भन्दै भाइस प्रिन्सिपल श्रेष्ठ भन्छन्- 'तथ्यांक हेर्दा तल-माथि भए पनि गत वर्षलाई आधार मान्ने हो भने आकर्षण बढ्दै गएको प्रस्ट हुन्छ।' कलेजले एउटा कक्षामा बढीमा २५ विद्यार्थीलाई राखेर अध्यापन गराउने गरेको छ। प्रमाणपत्र तह तथा प्लस टुमा जुनसुकै विषय लिएर उत्तीर्ण विद्यार्थीले यो विषय अध्ययनका लागि आवेदन दिन सक्छन्।

प्रिन्सिपल ज्ञानीशोभा तुलाधर भन्छिन्- नेपाली विश्वविद्यालयको सम्बन्धनप्राप्त संस्थाबाट डिग्री हासिल गर्ने विद्यार्थीका निम्ति यो एक मात्र माध्यम कलेज हो। विश्वविद्यालयअन्तर्गतको विषय समितिले तयार पारेको शैक्षिक कार्यक्रम र प्रणालीअनुरूप कलेजले दक्ष प्राध्यापकमार्फत अध्यापन गराउँदै आएको छ। कलेजले सिटिइभिटीको सम्बन्धनमा प्रमाणपत्र तहमा पनि फेसन विषयको शैक्षिक पाठ्यक्रम सञ्चालन गर्ने योजना बनाएको छ। यो वर्ष एक सय जना विद्यार्थी भर्ना लिने लक्ष्य बनाएको यो कलेजले स्नातक तहको फेसन डिजाइनिङ कार्यक्रममा स्केचिङ, टेक्सटाइल गार्मेन्ट, ट्रेपिङ-ग्रेभिङ, मर्चेन्टाइजिङ, प्रिन्सिपल अफ म्यानेजमेन्ट, फेसन मार्केटिङ आदि शीर्षकमा अध्यापन गराउँदै आएको छ। श्रेष्ठका अनुसार तीन वर्षका छवटा सेमेस्टरमध्ये पहिलो सेमेस्टरमा माथी उल्लेखित शीर्षकमा आधारभुत ज्ञान, त्यसपछिका दोस्रो, तेस्रो, चौथो र पाँचौमा विस्तृत ज्ञान एवं छैठौं सेमेस्टरमा विद्यार्थीकै सक्रियतामा बृहत् फेसन सो आयोजनाका कार्यक्रम राखिएको छ।

## लर्ड बुद्ध एजुकेसन फाउन्डेसन

सिक्किम मणिपाल विश्वविद्यालय, गान्तोकको सम्बन्धन लिएर लर्ड बुद्ध एजुकेसन फाउन्डेसनअन्तर्गतको कलेज फर प्रोफेसनल स्टडिजले फेसन डिजाइनिङमा तीनवर्षे स्नातक तहको कार्यक्रम सञ्चालन गरेको छ। 'यो वर्ष हाम्रो पहिलो समूह बजारमा निक्लँदैछ,' कलेजका पंकज जालान भन्छन्- 'सैद्धान्तिक तथा व्यावहारिक दुवै पद्धतिबाट अध्यापन गराइने हाम्रो कलेजको शैक्षिक पाठ्यक्रम गुणस्तरीय र अन्तर्राष्ट्रिय स्तरको भएकाले विद्यार्थीको आकर्षण बढ्दै गएको छ।' प्रमाणपत्र तह तथा प्लस टु उत्तीर्ण सबै संकायका विद्यार्थीले फेसन डिजाइनिङको यो पाठ्यक्रममा शिक्षा हासिल गर्न सक्छन्।

कलेजले विद्यार्थीको क्षमता अभिवृद्धिका लागि फेसन सोजस्ता व्यावहारिक पक्षलाई ध्यान दिएको जालानले बताए। यो विषय अध्ययन गर्ने विद्यार्थीले विश्वविद्यालयले निर्धारण गरेको शैक्षिक क्यालेन्डरअनुसार भारतीय दूतावासमा परीक्षा दिनुपर्ने हुन्छ। जालानका अनुसार तीनवर्षे यो पाठ्यक्रममा १५ वटा स्ट्रिममा रहेर विद्यार्थीले अध्यापन गराइन्छ। यो कार्यक्रमअन्तर्गत विद्यार्थीले गार्मेन्ट म्यानुफ्याक्चरिङ, मर्चेन्टाइजिङ, फिनान्सियल एन्ड म्यानेजमेन्ट एकाउन्ट, मार्केटिङ एन्ड एड्भरटिजमेन्ट, प्रोडक्सन म्यानेजमेन्ट, इ-कमर्स, इन्ट्रोडक्सन टु टेक्सटाइल, यार्न क्राफ्ट, इलेमेन्ट अफ डिजाइन, प्याटर्न मेकिङ, एडभान्स मल्टी मिडिया, अटो क्याड आदि शीर्षकमा अध्ययन गर्छन्।

६ वटा सेमेस्टरमा पाँचवटा सेमेस्टर कम्प्युटर एप्लिकेसन्स बेसमा रहेर अध्यापन गराइने जालानले बताए। हामी बुटिक खोल्ने जनशक्ति उत्पादनमा मात्र केन्द्रित रहेर शिक्षा प्रदान गर्दैनौं भन्दै जालान भन्छन्- 'हाम्रो उत्पादन गार्मेन्ट व्यवस्थापक, फेसन मर्कन्टाइजिङ, फेसन जर्नालिस्ट, फेसन एड्भरटिजमेन्ट व्यवस्थापकलगायतका क्षेत्रमा जान सक्षम हुन् भन्नेतर्फ केन्द्रित छौं, बुटिक खोल्नु भनेको उनीहरूको अन्तिम विकल्प हो।' नेपालमै अन्तर्राष्ट्रिय स्तरको डिग्री हासिल गर्न सकिने यो कोर्सको अध्ययनपछि जुनै संकायमा पनि स्नातकोत्तर तह अध्ययन गर्न सकिनेछ। लर्डबुद्धले तीन वर्षको यो पाठ्यक्रम अध्ययनका लागि २ लाख २२ हजार रुपैयाँ शुल्क लाग्ने बताएको छ।

## आईईसी, बागबजार

नेपालमै पहिलो पटक आईईसीले सन् १९९७ मा फेसन डिजाइनसम्बन्धी प्रोफेसनल कोर्समा अध्यापन प्रारम्भ गरेको हो। आईईसीकी निर्देशक शैलजा अधिकारीले साप्ताहिकलाई भनिन्- यहाँबाट उत्पादित जनशक्तिले सञ्चालन गरेका ६४ वटा बुटिक र २७ वटा डिजाइनर टेलर्सले यसलाई पुष्टि गर्छ।'

निर्देशक अधिकारीका अनुसार मुख्य कार्यालय दिल्लीले निर्माण गरेको शैक्षिक कार्यक्रमअन्तर्गत तालिम सञ्चालन हुने भएकाले यो कोर्स अन्तर्राष्ट्रिय स्तरको छ। आईईसीले एकवर्षे डिप्लोमा र दुईवर्षे एडभान्स डिप्लोमा इन फेसन डिजाइनिङ कोर्स उपलब्ध गराएको छ। जुन कोर्सअन्तर्गत डिजाइन, स्केच, टेक्सटाइल, इम्ब्रोइडरी, प्याटर्न मेकिङ, गार्मेन्ट कन्स्ट्रक्सन, कोमा थेरापी, ज्वेलरी डिजाइनिङ, कम्प्युटर बेस टुका क्याट एप्लिकेसन लगायतमा विद्यार्थीलाई ज्ञान प्रदान गरिन्छ। निर्देशक अधिकारी भन्छिन्- 'आईईसीबाट एक वर्षको कोर्स गरेका विद्यार्थीले क्रेडिट ट्रान्सफरअन्तर्गत ४६ वटा राष्ट्का शैक्षिक संस्थामा दोस्रो वर्षदेखि एकेडेमिक कोर्स हासिल गर्न सक्छन्।'

आईईसी आफैंले पनि बेलायतको एक विश्वविद्यालयको सम्बन्धन लिएर कलेज सञ्चालन गर्ने योजना बनाएको छ। सम्भवतः अर्को वर्षदेखि शैक्षिक योग्यता हासिल गर्न सक्ने कक्षा सञ्चालन हुने अधिकारीले बताइन्। आईईसीबाट तालिम लिने विद्यार्थीले आईईसी दिल्ली र अमेरिकाको टुका क्याट दुईवटा इन्स्टिच्युटका सर्टिफिकेट प्राप्त गर्न सक्छन्। नेपाली बजार सुहाउँदो शुल्क निर्धारण गरेको यो इन्स्टिच्युटले व्यावहारिक सिकाइ पद्धतिका हरेक पक्षलाई समेटेको छ। आईईसीले पोखरा, बुटवल, वीरगन्ज, जनकपुरमा पनि शाखा कार्यालय विस्तार गरेको छ।

## आईएनआईएफडी, लाजिम्पाट

भारतको आईएनआईएफडी (इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन डिजाइनिङ) को नेपाल शाखाका रूपमा सन् २००६ मा लाजिम्पाटमा स्थापना भएको यो इन्स्टिच्युटमा हाल ६० जना विद्यार्थीले कोर्स हासिल गरिरहेका छन्।

भारतको चण्डिगढस्थित मुख्य कार्यालयले तयार गरेको अन्तर्राष्ट्रिय स्तरको यो कोर्स गरेका विद्यार्थी बजारमा सजिलै खपत हुने इन्स्टिच्युटका म्यानेजर समीर पौडेल बताउँछन्। हाम्रो कोर्स उत्कृष्ट छ भन्दै म्यानेजर पौडेल भन्छन्- 'सिकाइ पद्धति पनि राम्रो र व्यावहारिक भएकाले विद्यार्थीले आफैं पनि स्वरोजगार सिर्जना गर्न सक्छन्।' भारतमा बलियो रूपमा स्थापित यो संस्थाका त्यहाँ १ सय ६० शाखा रहेको पौडेल बताउँछन्। इन्स्टिच्युट शैक्षिक स्तरीयता खस्कन नदिन समय-समयमा यहाँका शिक्षकहरूलाई मुख्य कार्यालयका शिक्षकहरूबाट 'टिचिङ मेथोड' तालिम उपलब्ध गराइन्छ। इन्स्टिच्युटले एसएलसी उत्तीर्णका लागि एकवर्षे प्रोफेसनल र प्लस टु उत्तीर्णका लागि दुईवर्षे एड्भान्स कोर्स गराउँदै आएको छ।

व्यावहारिक ज्ञान, गुणस्तरीय शिक्षा, दक्ष शिक्षक, घरायसी वातावरण इन्स्टिच्युटको विशेषता रहेको पौडेलले बताए। कोर्सअनुसारको फिल्ड भिजिट, डिजाइनर कन्टेस्ट, जब प्लेसमेन्टको व्यवस्था, प्रशिक्षार्थीका रूपमा बुटिकहरूमा काम गर्ने अवसरजस्ता सुविधा यो इन्स्टिच्युटले विद्यार्थीलाई उपलब्ध गराएको छ। निकट भविष्यमा नै विश्वविद्यालयबाट सम्बन्धन लिएर योग्यता हासिल गर्ने शैक्षिक कार्यक्रम लागू गर्ने योजना बनाएको आईएनआईएफडीले अमेरिकाको लस एन्जलस डिजाइन एकेडेमी (लाडा) तथा इटलीको मिलानस्थित आइएमबीसँग सम्बन्ध विस्तार गरेको छ।

## लखौटिया इन्स्टिच्युट अफ आर्ट एन्ड डिजाइन, कुपन्डोल

भारतको कोलकातास्थित लखौटिया इन्स्टिच्युटको शाखाका रूपमा सन् १९९७ मा स्थापित यो शैक्षिक संस्थाले पनि अहिलेसम्म थुप्रै दक्ष जनशक्ति उत्पादन गरिसकेको छ। नेपालमा फेसन शिक्षा उपलब्ध गराउने प्रारम्भिक शैक्षिक संस्थामध्ये एक लखौटियाका अधिकांश उत्पादनले रोजगार पाएका छन्। 'हाम्रा धेरै विद्यार्थी स्वरोजगार बनेका छन्,' इन्स्टिच्युटका केन्द्रीय निर्देशक मुकुन्दकुमार श्रेष्ठ भन्छन्- 'त्यत्तिकै मात्रामा उनीहरूले अरूलाई रोजगार प्रदान गर्ने सामर्थ्य पनि राख्छन्।' हरेक वर्ष १ सय विद्यार्थीलाई फेसन डिजाइनिङसम्बन्धी कोर्स गराउँदै आएको यो संस्थाले कम शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरेको बताएको छ। श्रेष्ठका अनुसार हरेक कक्षामा १० जनाभन्दा बढी विद्यार्थी राखिँदैन, त्यस्तै अध्यापन गराउने शिक्षकहरूको समूह पनि दक्ष छ।

लखौटियाले छमहिने बेसिक कोर्स, एकवर्षे डिप्लोमा र दुईवर्षे अनर्स डिप्लोमा कोर्स उपलब्ध गराएको छ। आन्तरिक प्रतिस्पर्धा, फेसन सोको आयोजनाजस्ता कुरालाई ध्यान दिइएको इन्स्टिच्युटले बताएको छ। तालिम लिने विद्यार्थीलाई प्रशिक्षार्थीका रूपमा बुटिकहरूमा पठाएर काम सिकाउनेजस्ता व्यावहारिक सिकाई पद्धतिलाई इन्स्टिच्युटले अगालेको श्रेष्ठ बताउँछन्। इन्स्टिच्युटले दुवै कोर्स गर्नका निम्ति न्यूनतम् एसएलसी उत्तीर्ण विद्यार्थीलाई मात्र भर्ना लिने गरेको छ। हालसम्म ३ सयभन्दा बढी विद्यार्थी उत्पादन गरिसकेको लखौटियाले ५ जना विद्यार्थीबाट आफ्नो यात्रा प्रारम्भ गरेको थियो।

## आईआईएफटी, कुपन्डोल

सन् २००५ मा नेपालमा शाखा विस्तार भएको भारतको आईआईएफटी (इन्टरनेसनल इन्स्टिच्युट अफ फेसन टेक्नोलोजी) मा हाल ४० जना विद्यार्थीले कोर्स हासिल गरिरहेका छन्। १० जना विद्यार्थीबाट प्रारम्भ भएको आईआईएफटीले अन्तर्राष्ट्रिय स्तरको व्यावसायिक कोर्स उपलब्ध गराएको बताएको छ। इन्स्टिच्युटले एसएलसी उत्तीर्णका लागि एकवर्षे प्रोफेसनल तथा प्लस टु उत्तीर्णका लागि दुईवर्षे एड्भान्स कोर्समा तालिम प्रदान गर्दै आएको इन्स्टिच्युटका शिक्षक अभय कर्णले बताए।

विश्वभर ७० वटा शाखा विस्तार गरेको आईआईएफटीको सर्टिफिकेटप्राप्त व्यक्तिले विश्वमा जहाँ रोजगार पाउन सक्ने कर्णको जिकिर थियो। कर्णका अनुसार इन्स्टिच्युटले फेसन डिजाइनिङ, इन्टेरियर डिजाइनिङ र ज्वेलरी डिजाइनिङका कोर्समा अध्यापन गर्दै आएको छ। 'हाम्रो दुई वर्षको पाठ्यक्रम स्नातक तहको पाठ्यक्रमसँग मिल्दो छ, शिक्षक कर्ण भन्छन्- 'त्यसैले यहाँबाट एक वर्ष अध्ययन गरिसकेका विद्यार्थीले कलेजको स्नातक तहको दोस्रो वर्षमा सजिलै क्रेडिट ट्रान्सफर पाएका छन्।' आईआईएफटीमा एक वर्षको कोर्स गरेका विद्यार्थीले सिक्किम मणिपाल विश्वविद्यालयको सम्बन्धन प्राप्त लर्ड बुद्ध एजुकेसन फाउन्डेसनको स्नातक तहको दोस्रो वर्षमा सोझै भर्ना पाउने व्यवस्था पनि छ।

कर्णका अनुसार त्यसका लागि विद्यार्थीले पहिलो सेमेस्टरको परीक्षा नदिए पनि दोस्रो सेमेस्टर नपढी सीधै परीक्षा दिनुपर्ने हुन्छ। विद्यार्थीलाई व्यावहारिक पद्धतिबाट ज्ञान प्रदान गर्न इन्स्टिच्युटले विभिन्न समयमा फेसन सोको आयोजना पनि गर्दै आएको छ। इन्स्टिच्युटले आफूले अहिलेसम्म उत्पादन गरेको जनशक्ति प्रायः शैक्षिक योग्यता हासिल गर्न स्वदेशी तथा विदेशी कलेजमा भर्ना भएको उल्लेख गर्‍यो।


साउन २५, २०६४

साप्ताहिक झल्को



गफै त हो

## पाँच वर्षपछि अरुणिमाको स्कुप



चलचित्रमा पछिल्लो पटक निकै ग्ल्यामरस रूपमा प्रस्तुत भैरहेकी नायिका अरुणिमा लम्सालले पाँच वर्षपछि मिडियालाई 'स्कुप न्युज' दिने घोषणा गरेकी छिन्। एक चलचित्रको सुटिङका क्रममा मिनिस्कर्ट लगाएर नाचिरहेकी अरुणिमालाई जिस्क्याउँदै सञ्चारकर्मीहरूले सोधेका थिए- 'अब त आमा हुने बेला भएन र ?' अरुणिमाले सहज हुँदै भनिन्- 'अब पाँच वर्ष पर्खनुहोस्, म तपाईंहरूलाई स्कुप न्युज दिन्छु।'विवाहिते भए पनि आमाको प्रसंग कोट्याउँदा युवतीहरू लजाउँछन्, तर अरुणिमाले सञ्चारकर्मीको जिज्ञासालाई स्वाभाविक रूपमा लिँदै त्यसो भनिन्। पाँच वर्ष चलचित्रमै मरिहत्ते गरेपछि अरुणिमाले त्यसपछि भने शिशु जन्माएर घर गृहस्थीमै रमाउने योजना बनाएकी छिन्। आमा हुनुअघि नै कलिउडकी स्टार हुने चाहना उनको छ। अरुणिमालाई चलचित्रमा काम गर्न अहिले भ्याई-नभ्याई छ। कामको चाप बढेपछि छानेर मात्रै चलचित्रमा अभिनय गर्न थालेको दाबी गर्ने अरुणिमाको व्यस्तता विवाहपछि निकै बढ्नुमा घर-परिवार र श्रीमान्‌को सहयोगकै कारण हो पनि भन्न उनी पछि पर्दिनन्। अनि नरेश दाइ (पौड्याल) को बिहान घरमा लिन आउने र साँझ पुऱ्याउने मेहनत र हिरो होन्डा सिडी हन्ड्रेड मोटरसाइकललाई चाहिँ 'थ्याङ्क्यु' भन्नु पर्दैन, अरुणिमाजी ?

## गुरुबाट पीडित द्वन्द्व शिष्य



पाँच वर्षअघि प्रदर्शित चलचित्र 'अञ्जुली' मा हिमाल केसीले एउटा गाडी उडाएर अर्को गाडी नघाए। त्यसको लगत्तै उनले बडो डरलाग्दो पारामा चलचित्र 'जिद्दी' मा पनि गाडी उडाए। द्वन्द्वनिर्देशक हिमाल केसी ती घटना सम्झँदै भन्छन्- 'त्यति खतरा मोल्दा पनि न मैले नाम कमाएँ, न त दाम नै।' बरु हिमालले सधैंका लागि घाँटी बिगारे। दुई-चार दिनमा एक पटक चलाउनै नहुने गरी उनको घाँटीको नशा दुख्छ। हिमाललाई घाँटी दुखेको भन्दा पनि आफ्ना गुरुले चेला नमानेको कुरामा बढी दुःख छ। १४ वर्षसम्म उनले एन.बी. महर्जनलाई गुरु माने। उनी भन्छन्- 'तर चेलाको प्रगतिमा दुःख मान्ने गुरु के गुरु ?' हिमाल थप्छन्- 'म खासमा राजेन्द्र खड्गीलाई गुरु मान्छु।'

हिमालले एक दर्जनभन्दा बढी भोजपुरी चलचित्रमा द्वन्द्व-निर्देशकका रूपमा काम गरेका छन्। दर्जनौं नेपाली चलचित्रका द्वन्द्व सहायक हिमाल चलचित्र 'मर्यादा' बाट द्वन्द्व निर्देशक बनेका छन्। केसी भन्छन्– 'मैले मर्यादाबाट धेरै आशा गरेको छु।' उनले थप दुई चलचित्रमा पनि काम पाएका छन्। उनले काम गरेका दुई चलचित्र हुन्– फैसला र मिसन पैसा। चलचित्रमा नायक बन्न रजतपट छिरेका हिमाल १४ वर्षसम्म द्वन्द्व सहायक भए। हिमाल भन्छन्– मेरो त्यो १४ वर्षचाहिँ बित्थामा सकियो। अब जे गर्छु क्वालिटीका निम्ति मात्रै गर्छु।'



## दुई लाखको अनुहार

धेरै राजनीतिकर्मीको टाउकाको मोल तोकिएको इतिहास छ नेपालमा तर एक नायकले आफ्नो अनुहारको मोल दुई लाख भनेर सार्वजनिक गरेका छन्। ती नायक हुन् भोजराज भट्ट उर्फ विराज भट्ट।

कुरा चलचित्र 'बाटुली' को सुटिङको हो। सुटिङमा मेकअपम्यानले विराज भट्टको अनुहार गोरो बनाउने योजना बनाए। यस क्रममा मेकअपम्यानले उनको अनुहार सफा गर्न पानीले मुख धोइदिन थाले। भट्ट विराजले सोधे- यो कस्तो पानी हो भाइ ? मेकअपम्यानले डराई-डराई भनेछन्- धाराको पानी हो दाइ। धाराको पानी भन्ने शब्द खसेको मात्र के थियो, विराज पड्किहाले- तैंले के सोचेको छस् ? जा, मिनरल वाटर लिएर आइज। उनले थपे- भाइ, यो चानचुने अनुहार होइन, यो त दुई लाखको अनुहार हो। त्यसैले अलि ध्यान दिनु। विराजको चेतावनीपछि आत्तिँदै मेकअपम्यानले उनको अनुहार मिनरल वाटरले धोइदिए।

यो समाचार पढिसकेपछि सबैलाई चेतना भया- दुई लाख पारिश्रमिक पुगेपछि मिनरल वाटरले अनुहार धुनुपर्छ।

## ६ भाषा बोल्ने कालुदादा



कसले भन्छ नेपाली कलाकारलाई विभिन्न भाषा बोल्न आउँदैन भनेर। नेपाली कलाकार अंग्रेजी बोल्नुपर्दा तीन हात पर भाग्छन् भन्ने यथार्थबाट अलग छन् धुलिखेलका अभिनेता रामशरण जंगम। टाइट पाइन्ट, घुम्रिएको कपाल, कालो चस्मा, कलर भएको टिसर्ट र त्यसमाथि वेस्टकोट लगाएर केही समयअघि टेलीश्रृंखला 'तितो सत्य'मा कालुदादा भएर देखा परेका अभिनेता जंगमलाई अंग्रेजी र मातृभाषा नेपालीका अतिरिक्त जापनिज, हिन्दी, नेवारी तथा तामाङ भाषा बोल्न आउँछ। 'अरू भाषा पनि बोल्न आउँछ तर अलिअलि,' -उनले आफ्नो दक्षता सुनाउँदै भने। २०५० को चलचित्र 'ज्वाला' देखि खलनायकको चरित्र निर्वाह गर्दै आएका जंगम चलचित्रमा अभिनय गर्न धुलिखेलबाट हरेक दिन ३० किलोमिटर यात्रा गरेर राजधानी आइपुग्छन्। उनले हालैको 'दाइको ससुराली' सम्म गरेर ३० वटाजति चलचित्रमा अभिनय गरिसके भने सातवटाजति टेलिश्रृंखलामा काम गरिसके। भाषाको ज्ञाता कसरी भए त ? जंगमले भने- 'भाषा सिक्नु अभिनयजस्तै रहर हो।' धुलिखेलमा कुनै चलचित्रको छायाङ्कन गर्नुपरे केही चलचित्रकर्मी उनलाई नै सम्झन्छन्।



## म:म: व्यापारी शर्मिला

चलचित्रमा काम नपाएपछि अभिनेत्री शर्मिला मल्ल अचेल व्यापार-व्यवसायतिर लागेकी छिन। कालोपुलस्थित आफ्नै घर छेउमा रेडिमेड मम व्यापार सुरु गरेकी शर्मिला व्यापारबाट सन्तुष्ट छिन्। 'आफ्नै लगानीमा सुरु गरेको व्यापारबाट राम्रै आम्दानी छ। पहिल्यै गर्न पाएको अझ राम्रो हुने रै'छ,' उनले भनिन्। आम्दानीका साथै समय कटाउन पनि सजिलो हुने भएकाले व्यापार सुरु गरेको बताउने शर्मिला आममहिला पुरुषहरूबाट हेपिएको अवस्थामा महिलाहरूले आफ्नै लागि केही गर्नुपर्छ भन्ने मान्यता राख्छिन्। घर चलाउन गाह्रो नभए पनि आफैंले काम गरेपछि परिवारको आर्थिक भार ब्यालेन्समा आउने उनको कथन छ। त्यसो त शर्मिला आममहिलालाई पनि आफूजस्तै आत्मनिर्भर हुन आग्रह गर्छिन्। उनको मम व्यापार पनि अरूको तुलनामा भिन्न छ। यस्तो रेडिमेड मम काठमाडौंका ठूला डिपार्टमेन्ट स्टोरहरूले खरिद गर्ने गरेका छन्। रेडिमेड मम र ससेजकी व्यापारी शर्मिलाको चलचित्रप्रतिको मोह भने सेलाएको छैन। राम्रो भूमिका पाए जसरी पनि समय निकाल्ने कुरा बताउने शर्मिला व्यापार त टाइम पासका लागि मात्रै हो भन्छिन्। दीपक रायमाझीको नयाँ चलचित्रमा अनुबन्ध भैसकेकी शर्मिला चित्तबुझ्दो भूमिका नपाएसम्म काम नगर्ने बताउँछिन् भने आफैंले चलचित्र बनाउने योजना भने उनले थाँती राखेकी छिन्।

## तुलसी घिमिरे दर्तामा मात्रै




चलचित्र निर्माता संघका अनुसार वरिष्ठ निर्देशक तुलसी घिमिरेलाई निर्देशक बनाएर चलचित्र 'देशदेखि विदेशसम्म' दर्ता गरिएको थियो, तर दर्तापछि घिमिरेको नाम हटाएर त्यहाँ निर्माताले आफ्नै नाम राखेका छन् र निर्माताले नै त्यो चलचित्र निर्देशन गरिसकेका छन्।

सफल चलचित्र 'दर्पण छाया' पछि तुलसी घिमिरेद्वारा निर्देशित दुई चलचित्र 'लहना' र 'दुई किनारा' दर्शकविहीन बने। त्यसपछि घिमिरेले अर्को चलचित्र पाएका छैनन् वा गरेका छैनन्। निर्माता भाइ श्रवण घिमिरे बाहेक उनलाई निर्देशक बनाउन अरूले हिम्मत गरेको देखिँदैन। नम्बर वान निर्देशकको पगरी भिरेका घिमिरेले किन निर्माता पाइरहेका छैनन् ? त्यो उनैले जानून्, तर 'देशदेखि विदेशसम्म' मा उनको नाम दर्ता गर्ने र पछि हटाउने काम कसले, किन, कसरी गरे ? त्यसमा चाहिँ सबैको चासो छ।

# मेहन्दीको ग्ल्यामरस फेसन





पोखरा- साउन-भदौमा महिलाहरूलाई मेहन्दी नभै हुँदैन। मेहन्दीविना श्रृंगारको रंग आउँदैन। मोडल सपना गुरुङले आफ्नो वक्षस्थल र ढाडभरि टाटु आकारमा मेहन्दी लगाएकी छिन्। आफ्नो लुक्सलाई ग्ल्यामरस देखाउन मेहन्दी लगाएकी हुँ, थोरै लजाउँदै उनले भनिन्- 'टाटुकै शैलीमा मेहन्दी लगाउँदा फेसनेवल पनि देखिन्छ। ब्युटीसियन सीता गुरुङ मेहन्दीकी पारखी नै हुन्। अहिले त भन् मेहन्दीको मौसम नै छ, तर उनलाई मेहन्दी लगाउन मौसम कुर्नु पर्दैन। जुनसुकै बेला पनि आकर्षक लुक्स दिन मेहन्दीमै चिरिच्याँट्ट पर्छिन्। फेरि पहिरन पनि उस्तै ग्ल्यामरस हुन्छ उनको।

आफ्नो पहिरनसँग तालमेल मिलाएर मेहन्दी लगाएकी गुरुङले भनिन्- 'प्रचलनका रूपमा लगाइने मेहन्दी अहिले फेसनका रूपमा लगाउन थालिएको छ।' विवाह एवं चाडपर्वको मौसममा बढी प्रचलनमा रहेको मेहन्दीको प्रयोग फेसनेवल युवतीहरूले आफ्नो लुक्सलाई पृथक् देखाउन जुनसुकै बेला लगाउन थालेका छन्। मेहन्दी लगाउन कुनै समय पर्खनु पर्दैन, पोखराको फेसनको र्‍यापमा क्याटवाक गरिसकेकी मोडल सपना गुरुङ भन्दै थिइन्- 'आकर्षक देखिनका लागि मेहन्दी लगाएकी हुँ। आफ्नो ढाड र थाई वरिपरि स्टाइलिस्ट मेहन्दी लगाएकी छिन् उनले।

सपना मात्र होइन, उनीजस्तै अधिकांश युवतीहरू आकर्षक देखिनका लागि नै मेहन्दी लगाउने गरेको बताउँछन्। हुन त पहिले सामान्य रूपमा मेहन्दी लगाउने प्रचलन थियो। अहिले डिजाइनर मेहन्दी लगाउने होड छ। कतिपय युवतीले सांकेतिक रूपमा आफ्नो ब्वाइफ्रन्डकै नाम अंकित गरेर मेहन्दीले हात-पाखुरा सजाउने गरेका छन्। पोखराकै एक पार्लरमा ब्वाईफ्रेन्डको नाममा लेखेर मेहन्दी लगाइरहेकी एक युवतीले आफ्नो परिचय लुकाउँदै भनिन्- 'अब यो ब्वाइफ्रेन्डलाई देखाउने हो, अनि ऊ खुसी हुन्छ। मेहन्दी जति गाढा लगायो आफ्नो ब्वाइफ्रेन्ड वा श्रीमान्सँगको माया उति नै गाढा हुन्छ भन्ने विश्वासका कारण पनि मेहन्दीले व्यापकता पाएको हो।

सुरुका दिनमा हातमा मात्र लगाइने मेहन्दी हिजोआज खुट्टा, गाला, वक्षस्थल, नाइटो तथा छातीमा समेत लगाउन थालिएको छ। परापूर्व कालदेखि चलनचल्तीमा रहँदै आएको मेहन्दीको प्रयोग अहिले आएर फेसनमा बदलिएको छ, ब्युटीसियन कमला गुरुङले भनिन्। अहिले मेहन्दी लगाउन विवाह वा कुनै समारोह पर्खनु पर्दैन। मेहन्दी विशेषज्ञ कुलदीप भन्छन्- 'मेहन्दी अहिले सदावहार फेसन हुन थालेको छ।'

यतिबेला ब्युटीसियनहरूलाई मेहन्दीले सिंगार्दै ठिक्क छ। साना केटाकेटीदेखि उमेर पाकेका महिलाहरूमा पनि मेहन्दीको रंग चढेको देखिन्छ। युवतीहरूको त भन कुरै बेग्लै छ। आफ्नो लुक्सलाई सुन्दर र ग्ल्यामरस देखाउन गोल्डेन कलर र फूल मेहन्दीमा सजिने युवतीहरूको होडबाजी नै छ तर धेरैलाई थाहा नहोला, मेहन्दीले औषधीको पनि काम गर्छ। यसले मनलाई उस्तै शीतलता पनि दिन्छ। एक दशकदेखि पोखरामा मेहन्दी लगाउँदै आएकी मेहन्दी विशेषज्ञ पम्पी सिन्हाले भनिन्- 'हातखुट्टा पोल्ने रोगलाई मेहन्दीले निराकरण गर्छ।'

अहिले विभिन्न डान्सपार्टी, फेसन सो, गेट टुगेदर आदिमा पनि स्टाइलका लागि मेहन्दी लगाउने फेसन बढेको छ। पोखराकै कुरा गर्ने हो भने युवतीहरूले टाटुकै शैलीमा वक्षस्थल, नाइटो तथा छातीमा मेहन्दी लगाउने प्रतिस्पर्धा बढेको छ। अरविक फेन्सी, गोल्डेन, मारबाडी, राजस्थानी डिजाइनका मेहन्दीहरू अहिले चल्तीमा छन्। तराई क्षेत्रका महिलाले मात्र लगाउने मेहन्दी अहिले सबै क्षेत्रका महिलाको रोजाइ बनेको छ।

**–शिव शर्मा**

# फुसर्दको कुराकानी



गजलसम्राट् गुलाम अलीलाई नेपाल भित्र्याउने श्रेय दीपक जंगमलाई जान्छ। स्वरसम्राट् नारायणगोपालदेखि अहिले नेपाली संगीतमा स्थापित र पुराना गायक/गायिकाहरू जो जीवत छन्, उनीहरू सबैले जंगमद्वारा रचित गीत गाएका छन् भने ती गीतमा संगीत पनि उनैले भरेका छन्। कोलकाताबाट संगीतमा स्नातकोत्तर जंगम त्रिभुवन विश्वविद्यालयमा संगीत शिक्षाका प्रमुख हुन्। काठमाडौंवासी ५४ वर्षीय जंगमले ११ वर्षकै उमेरदेखि स्टेजमा गीत गाउन थालेका थिए। जंगम सुरुदेखि नै सांगीतिक प्रतिस्पर्धा नेपाली तारामा निर्णायक रहँदै आएका छन् ।

**परिवारको चाहना तपाईंलाई के बनाउने थियो ?**

सम्पन्न परिवार भएकाले बा-आमा म डाक्टर भएको हेर्न चाहनुहुन्थ्यो तर संगीत मोहले मलाई चिकित्सा विज्ञानप्रति आकर्षित गर्न सकेन। आईएस्सी पूरा नगरी म भारतमा संगीत पढ्न थालें।

**पुराना स्रष्टाका गीत/संगीत सुरक्षित राखिएको छैन भनिन्छ। तपाईंका गीतहरू सुरक्षित छन् ?**

हालै खोजी गरेको थिएँ, ३ सयमा ३० वटा गीत भेटिएका छन्। हिजोआज जस्तै गीत रेकर्ड गर्नका निम्ति उहिले धेरै स्टुडियो थिएनन्। रेडियो नेपालमै गीत रेकर्ड गराउनुपर्ने बाध्यता थियो। उसको एकाधिकार भएकाले पनि सुरक्षित नभएको हुनसक्छ।

**गीत/संगीत संरक्षण गर्ने दायित्व कसको हो ?**

संगीत देशकै सम्पत्ति भएकाले संरक्षण गर्ने दायित्व राज्यको हो तर राज्य पक्षबाट नेपाली संगीत उपेक्षित छ।

**वि. सं. २०४० यता श्रोताहरूले तपाईंका नयाँ गीत सुन्न पाएका छैनन् नि ?**

संगीत उत्थानका निम्ति २३ वर्षयता एकेडेमिक क्षेत्रमा लागिरहेको छु। त्यसैले नयाँ गीत रेकर्ड गराउन सकेको छैन। त्रिभुवन विश्ववद्यालयमा संगीतमा स्नातकोत्तर तहको अध्ययनका निम्ति मेरै संयोजकत्वमा एक समूहले सिलेबस तयार गरेको छ। संगीतसम्बन्धी मेरा दुई पुस्तक पनि प्रकाशित भएका छन्।

**अब गीत गाउन छाड्नुभएको त होइन ?**

होइन, आहिले पनि दैनिक दुई घन्टा रियाज गर्छु। हरेक दिन म्युजिक कम्पोज गर्छु। नयाँ गीत रेकर्ड गराउँदैछु। चाँडै एल्बम निकाल्ने योजना छ।

**कतिवटा गीतमा संगीत दिनुभएको छ ?**

चार हजारभन्दा बढीमा। सन् २००२ मा गरेको बीबीसीको सर्वेक्षणमा सर्वोत्कृष्ट नेपाली गीत ठहरिएको 'एउटा मान्छेको मायाले कति फरक पार्छ जिन्दगीमा' गीत मेरै संगीतमा नारायणगोपालले २१ वर्षअघि गाएका हुन्।

**गजलसम्राट् गुलाम अलीलाई भित्र्याउनुको कारण के थियो ?**

नेपाली संगीत अन्तर्राष्ट्रिय रूपमा अपरिचित थियो। नेपाली संगीतको परिचय दिनकै निम्ति पनि विदेशी गायक/गायिकाको स्वर नेपाली शब्दमा आवश्यक थियो। मेरै संगीतमा अलीले २३ वर्षअघि गाजलु ती..., लोलाएका तिम्रा ठूला दुई नजरले, किन किन तिम्रो तस्बिर, के छ र दिऊँ तिमीलाई मैले कोसेली भनेर जस्ता लोकप्रिय गीत गाएका थिए।

**पुराना गीत रिमिक्स गर्नेलहर आएको छ। रिमिक्सको प्रभाव कस्तो रहला ?**

रिमिक्स गर्ने बहानामा कतिपय गीत बिगाएिको छ भने पुराना गीतको खोजी पनि बढेको छ। सुरुमा स्वर दिनेको जस्तो प्रभाव रिमिक्समा हुँदैन। यो एउटा सांगीतिक फेसन हो केही दिनमै परिवर्तन हुन्छ।

**केही वर्षयता दोहोरी गीतको लोकप्रियता बढेको छ। पप गीत युवा पुस्तामा लोकप्रिय छ। पप र दोहोरीको प्रभावमा आधुनिक गीतको लोकप्रियता घटेको हो ?**

दोहोरी हाम्रो आफ्नै संगीत हो। नेपाली संगीतलाई जनमानसमा पुऱ्याउन दोहोरीले ठूलो योगदान गरेको छ। पप संगीतलाई मिडियाले अनावश्यक रूपमा चर्चामा ल्याएको छ। पत्र-पत्रिकादेखि एफएम, रेडियो अनि टेलिभिजन च्यानलहरूले स्वदेशी संगीत र संस्कृतिको महत्त्व बुझ्न सकेका छैनन्। मिडियाले विदेशी संगीतलाई स्थान दिइरहेका छन्, त्यो राम्रो होइन। पप र दोहोरीले ओझेलमा पारे पनि संगीतको मूल धार आधुनिक गीत नै भएकाले यसको महत्त्व कहिल्यै घट्दैन।

**सांगीतिक प्रतियोगिता नेपाली ताराको निर्णायक हुनुहुन्छ। यस्ता प्रतियोगिताहरूको प्रभाव कस्तो होला ?**

अहिले सांगीतिक प्रतियोगिताको लहर नै चलेको छ। यस्ता प्रतियोगिताबाट प्रतिभावान् कलाकारहरू चुनिन्छन्, उनीहरूका लागि अवसर सिर्जना हुन्छ। सांगीतिक विकासका निम्ति यस्ता प्रतियोगिताहरूको आयोजना भैरहनुपर्छ।

**–राजु घिसिङ**

# आकर्षण ब्याकलेस शैलीको



**पृष्ठ १ बाट जारी**

श्रेष्ठका अनुसार इभिनिङ गाउन तथा निलेन्थ वान पिस ड्रेसहरूमा हल्टर नेकलाइन ब्याकलेस शैलीको पर्यावाची बनेको छ। इभिनिङ गाउन तथा नीलेन्थ वन पिस ड्रेसहरूमा ब्याकलेसतर्फ स्पोर्टिभ हल्टर, रेट्रो स्टाइल हल्टर, वन, सोल्डर टप, लो काउल नेक, ट्युब स्टाइल, डबल स्पेगेटी स्ट्राइप, र्‍याप अराउन्ड, अफ सोल्डर आदि बढी प्रचलनमा देखिन्छन्। विशेषतः पार्टीहरूमा यस्ता पहिरन बढी सुहाउने र आफूलाई ग्ल्यामरस, स्टाइलिस एवं सेक्सी रूपमा प्रस्तुत गर्न रुचाउने फेसनेबल यौवनाहरूले यस्ता ब्याकलेस शैलीका गाउन एवं वन पिस ड्रेस बढी रुचाएको कुरा डिजाइनर अर्चना बताउँछिन्। उनका अनुसार ब्याकलेस वन पिस ड्रेसहरू विशेषगरी रातो र कालो रंगमा बढी आकर्षक ग्ल्यामरस देखिन्छन्, यी पहिरनको सुन्दरता एवं आकर्षण भने सिफन, लाइक्रा, क्रेप, जर्जेट, साटन सिल्क आदि फ्याब्रिकमा बढी झल्किन्छ।

ब्याकलेस पहिनप्रतिको मोह उमेरअनुसार फरक-फरक पाइन्छ। जहाँ डिजाइनर चोली, ब्लाउज, इभिनिङ गाउन तथा वन पिस ड्रेसतर्फ कामकाजी महिला, गृहिणी एवं यौवनाहरू आकर्षक देखिन्छन्, त्यही टिनएजर यौवनाहरूमा ब्याकलेस शैलीतर्फको मोह विविधतापूर्ण क्याजुएल पहिरनमा देख्न पाइन्छ। विशेषतः डान्स पार्टी, कन्सर्ट आदिमा ब्याकलेस पहिरन सबैभन्दा हट आइटम बन्न पुग्छ। यस्ता वातावरणमा विभिन्न डिजाइनका मिनी, माइक्रो स्कर्टका साथमा क्यामिसोल, हल्टर नेक, स्ट्राइपलेस टप, ट्युब टप आदि डिजाइनका ब्याकलेस पहिरनमा रमाउनेहरू बढी देखिन्छन्। जिन्स, सिगरेट, पाइन्ट साथमा स्पेगेटी टप, कोर्सेट, लो काउल नेक, रेट्रो स्टाइल हल्टर आदि शैलीको प्रचलन पनि उत्तिकै छ। क्याजुएल वेयरतर्फ ब्याकलेस शैलीमा निलेन्थ वान पिस साथै डबल, स्पेगेटी स्ट्राइप, अफ सोल्डर, स्ट्राइपलेस ट्याङ्किनी, कट अवे टप, रफल टप, टोर्सो स्टिम लाइनिङ ट्याङ्किनी आदिको माग पनि त्यत्तिकै छ।

## ब्याक्लेस लगाउँदा ध्यान दिनुपर्ने केही कुरा

- ब्याकलेस पहिरन लगाउनुको अर्थ आफ्नो शरीरको पछाडिको वेष्ट लाइनभन्दा माथिको भागलाई एक्सपोज गर्नु हो। अतः उक्त हिस्साको सुन्दरता र आकर्षणमा ध्यान दिनु आवश्यक छ।
- शरीरको पछाडिको भागमा बडी मांसल हुनेहरूका लागि ब्याकलेस पहिरन भद्दा देखिन्छ। स्लिम र स्मार्ट फिगर भएकाहरूलाई ब्याकलेस बढी आकर्षक देखिन्छ।
- ब्याकलेस पहिरन लगाउनुपूर्व आफ्नो शरीरको पछाडिको भागमा कुनै दाग, खटिरा, घाउ छ-छैन भन्ने विषयमा सजग हुनु आवश्यक छ।
- ब्याकलेस पहिरन लगाउँदा एक्सपोज हुने भागको क्लिनिङ र टोनिङ राम्रोसँग गर्नुपर्छ। जाडो मौसममा बडी लोसन वा बेबी अयलबाट तथा गर्मीमा मोस्चराइजर वा सनब्लक लोसनबाट मोस्चराइजिङ गर्नुपर्छ।
- हेयर ग्रोथ छ भने बडी बेक्स वा ब्लिच गराउनु राम्रो हुन्छ।
- ब्याकलेस पहिरन लगाएर घाममा हिंड्दा सनबर्न हुने भएकाले बाहिर जानुपूर्व छाला अनुसार एसपीएफ-१५ युक्त सनस्क्रिन लोसन वा सन ब्लक क्रिम प्रयोग गर्नु उचित हुन्छ।
- ब्याकलेस पहिरन लगाउँदा सोही अनुसारको इनरवेअर छनौट गर्नुपर्छ। स्ट्रिपलेस ब्रा कुनै पनि प्रकारको ब्याकलेस पहिरनसित लगाउन सकिन्छ। ट्याङ्क टप र ट्युब टपका साथमा भने टि-सर्ट वा ब्रा वा अन्डर वयर ब्रा लगाउन सकिन्छ। यसमा लो ब्याक कन्वर्टर पनि प्रयोग गर्न सकिन्छ। यस्ता खाले इनर वेअरको डिजाइनमा हुक स्ट्रिप पातलो हुने र धेरै हदसम्म तलसम्म हुने भएकाले ब्याकलेस ड्रेसबाट देखिने सम्भावना कम रहन्छ। स्पेगेटी, बस्टियर वा फ्रक स्टाइलका पहिरनसित सिमलेस एवं अन्डरवेयर भएका स्ट्रिपलेस वा टि-सर्ट ब्रा उपयुक्त हुन्छन्।
- ब्याकलेस पहिरन स्लिभलेस नै हुने भएकाले आफनो सोल्डर हेभी छ-छैन भन्ने कुराको पनि ख्याल राख्नुपर्छ। हातको बाइसेप एरियाको टोनिङ पनि उत्तिकै जरुरी छ।
- ब्याकलेस पहिरन लगाउँदा आफ्नो शरीर पछाडिको भाग एक्सपोज गर्नुपर्ने भएकाले हेयर स्टाइल लामो हुनु हुँदैन। सकेसम्म सोल्डर लेन्थ हेयर स्टाइल बनाउनु राम्रो हुन्छ। हेयर स्टाइलिङ स्क्रन्च हेयर वेट वा कर्ली लुक पनि राम्रो मानिन्छ। साथै वातावरणअनुसार विभिन्न स्टाइलका जुरो बनाउन सकिन्छ।
- हेयर स्ट्रिकिङ हाइलाइटिङ आदि गर्नु पनि राम्रो हुन्छ। यसले व्यक्तित्वमा आकर्षण थप्छ।
- ब्याकलेस पहिरन लगाउँदा ब्याक एक्स्पोजरका साथै ब्रेष्ट कलीवेज, सोल्डर्स तथा नेक एरियामा पनि मेकअप बेस लगाउनुपर्छ।
- ब्याक एक्सपोजरका साथै कलरबोन र सोल्डर्समा ब्रोन्ज तथा सिमर्सद्वारा हाइलाइट गर्नु अझ राम्रो हुन्छ।
- ब्याक एक्स्पोजरलाई हाइलाइट गर्न ग्लिटर्स स्टोन वा स्वारोस्की ट्याटुका साथै फयाब्रिक मेहन्दी डिजाइन गर्न सकिन्छ। ब्याकलेस पहिरनमा हेभी ज्वेलरीभन्दा पातलो, मसिनो ज्वेलरी नै बढी उपयुक्त हुन्छ।

## लवगुरु रेखा

**म २० वर्षीया युवती हुँ। आजभन्दा दुई वर्ष पहिले मेरो एकजना पुरुषसँग प्रेम सम्बन्ध सुरु भयो। यद्यपि अहिले आएर म यो सम्बन्धका बारेमा सोच्न बाध्य भएकी छु। किनकि म यो सम्बन्धबाट खुसी हुन सकिरहेकी छैन। किनकि ऊ नातामा मेरो दाइ पर्छ। यस्तो सम्बन्धलाई समाजले राम्रो मान्दैन। मैले ऊसँग यसका बारेमा निकै पटक कुरा गरिसकें, तर ऊ जति सम्झाउँदा पनि मान्दैन। ऊ यो सम्बन्धलाई तोड्न मिल्दैन भन्छ। म के गरूँ ? आत्महत्या गरूँ कि सम्बन्धलाई जसरी भए पनि अघि बढाऊँ ?**

**–पी.डी.**

मेरो विचारमा समस्यासँग भिड्न नसक्ने र आँट नभएकाहरूले नै आत्महत्याको सहारा लिन्छन्। आत्महत्या गर्नुलाई म कायरता मान्छु। जीवन पाउन निकै कठिन छ। त्यसैले जीवनमा आइपर्ने उतार-चढाव एवं समस्याहरूसँग लड्न सक्नुपर्छ। आत्महत्या समस्याको समाधान होइन। जहाँसम्म तपाईंको समस्या छ, दाइ पर्नेसँग प्रेमसम्बन्ध हाडनाताअन्तर्गत नै पर्न सक्छ। यो सम्बन्धलाई तपाईंहरूको परिवारले सम्भवतः स्वीकार गर्नेछैनन्। दाइ पर्नेसँग प्रेम गरेर तपाईंले पहिलो गल्ती त गरि नै सक्नुभयो। अब उसको घुर्की सहेर अर्को गल्ती गर्दै हुनुहुन्छ। अहिले आएर तपाईंलाई त्यो सम्बन्ध बोझ भैरहेको छ। त्यसैले यो कुरा तपाईंको भावनालाई सजिलै बुझ्ने र कुरा गोप्य राख्न सक्ने परिवारका कुनै नजिकका सदस्यलाई बताउनुहोस्। परिवारमा कसैले तपाईंलाई साथ दिए अभिभावकहरूसमक्ष कुरा राख्न सजिलो हुन्छ। आफ्नो गल्ती स्वीकार गर्दै सर्वप्रथम परिवारसँग माफी माग्नुहोस् र उसलाई सकेसम्म नभेट्ने प्रयास गर्नुहोस्। यदि भेट भैहाले बेवास्ता गर्नुहोस्। बिस्तारै ऊ तपाईंबाट टाढिँदै जानेछ। यतिले पनि भएन भने उसलाई थाहा नदिई केही समयका लागि बाहिर गएर पनि बसोबास गर्न सकिन्छ।



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## फिल्मी खबर

**निर्माता** शम्भु गौतम तथा रमेशकुमार पाण्डेले नायक सुशील क्षेत्रीलाई पोखरास्थित विभिन्न तालमा डुंगा खियाउने र माछा मार्ने माझीको भूमिकामा अभिनय गराउने भएका छन्। भदौतिर छायाङ्कन आरम्भ गरिने चलचित्र 'माझीमामा'मा सुशीलले उक्त भूमिका पाएका हुन्। नयाँ नायिका र नयाँ सहनायक पनि रहने उक्त चलचित्रका लागि नायिकाहरूको चयन हुन बाँकी भए पनि गीतकार दयाराम पाण्डेको शब्द रचनामा संगीतकार हरि लम्सालले यो चलचित्रका गीत/संगीत तयार पारिसकेका छन्। राजुध्वज राणाले निर्देशन गर्ने उक्त चलचित्रमा विष्णु रिजालले पनि अभिनय गर्नेछन्।

**निर्माता** प्रभुशमशेर जबराले निर्माण गरेको चलचित्र 'घातक'को प्रदर्शन भदौ महिनाको दोस्रो सातातिर काठमाडौं उपत्यका बाहिरबाट हुने भएको छ। रामजी लामिछानेको निर्देशनमा निर्माण भएको यो चलचित्रका सहनिर्माता करण मालाकार हुन्। रमित ढुंगाना, सुमन सिंह, रवि बस्नेत, झरना थापा, गरिमा पन्त, जीवन लुइँटेल, प्रेरणा शर्मा आदि कलाकारले अभिनय गरेको यो चलचित्रको संगीत लक्ष्मण शेषले दिएका छन्।

**चलचित्र** 'सोल्टिनी'बाट चिनिएका नायक लोकेन कार्कीले आफ्नो नाम लोकेन्द्रबाट लोकेन राखे पनि उनले पर्याप्त काम पाउन सकेनन्। केही चलचित्रमा अभिनय गरेपछि उनले चलचित्र 'शासन' निर्माण गर्ने घोषणा गरेका थिए। यद्यपि त्यो चलचित्र बनेन। अब फेरि लोकेनले त्यही चलचित्र निर्माण गर्ने पुनःघोषणा गरेका छन्। भनिन्छ, लोकनले यसपटक 'शासन'को निर्माण गरेरै छाड्नेछन्। उक्त चलचित्रको गीत निकै पहिले संगीतकार शम्भुजित बासकोटाले तयार पारिसकेका थिए। 'शासन'को निर्देशन आकाश अधिकारीले गर्ने पक्का भएको छ भने लोकन कार्की नै चलचित्रका नायक रहनेछन्। नायिकाको मुख्य भूमिकामा रेखा थापालाई लिइएको छ।



जम्का भेट



सञ्चिता लुइँटेल सोझी नायिकाका रूपमा चिनिन्छिन्।त्यति मात्रै होइन, यतिबेला उनीसँग हातभरि चलचित्र छन् अर्थात् उनी व्यस्त छिन्। यही व्यस्तताका बीच सञ्चिताभन्छिन् 'मैले फेरि विश्राम लिने बेला आएको छ।' सञ्चितासँग साप्ताहिकको जम्काभेट :

**तपाईंलाई नम्बर वान नायिका भन्न थालेका छन् नि ?**

(हाँसो) अलि व्यस्त हुनेबित्तिकै नम्बर वान, केही समय काम नगर्नेबित्तिकै हराई भन्ने चलन छ हामीकहाँ। त्यसैले म यस्तो नम्बरको कुरा मान्दिनँ। बरु म केही समयलाई विश्राम लिँदैछु।

**यस्तो व्यस्त भएका बेला किन विश्राम ?**

पढाइका लागि। मैले बीए पास गरें। अब एमए किन नपढ्नु ? म कलाकारिता तथा अध्ययनलाई सँगसँगै लिएर जान चाहन्छु।

**धेरै पढेर राम्रो कलाकार भइन्छ भन्ने हो ?**

पढ्नु आफैंमा राम्रो कुरा हो। कतिले चाहेर पनि पढ्न सक्दैनन्। पढेर पनि पास गर्न सक्दैनन्।

**विश्राम नै लिएर पढ्दा क्यारियरमा असर पर्दैन ?**

अभिनयमा धेरै सक्रिय हुँदा पनि पढाइमा त असर पर्छ नि। म केही समय आफैं पनि केही हदसम्म विश्रामजस्तै थिएँ। अहिले आउनेबित्तिकै व्यस्त भएँ।

**एम.ए. उत्तीर्ण गरेर आउँदासम्म बूढी भइँदैन ?**

त्यो प्राकृतिक कुरा हो। अनि वास्तविकता के पनि हो भने चलचित्रमा हरेक किसिम तथा हरेक उमेर

## सानो पर्दा

**टेलिभिजन** कार्यक्रम सञ्चालिका तथा पूर्व मिस टिन नेपाल प्रियङ्का कार्की उच्च अध्ययनका लागि अमेरिका जाने भएकी छिन्। मिस टिन नेपाल भएपछि चर्चामा आएकी कार्की कान्तिपुर टेलिभिजनमा कार्यक्रम सञ्चालिका भएपछि अझ चर्चित भएकी थिइन्। उक्त च्यानलको हास्य धारावाहिक 'घरबेटी बा'का साथै म्युजिक भिडियो र विज्ञापनहरूमा अभिनय गरेर उनले लोकप्रियता पाइन्। त्यसपछि उनी इमेज च्यानलमा काम गर्न थालिन्। कार्कीका अनुसार अध्ययन पूरा गर्न उनी अमेरिका जान लागेकी हुन्।

**हास्यश्रृंखला** 'तीतो सत्य'की नायिका दीपाश्री निरौलालाई उक्त श्रृंखलाका पछिल्ला भागहरूमा हात भाँचिएको भनि प्लास्टर गरेर अभिनय गराइएको छ। नायिका निरौलाको हात दुई साताअघि साँच्चै भाँचिएको थियो। साथीको स्कुटर चलाउने चक्करमा लडेर उनको कुमको हड्डी चर्किएको हो। हाल उपचारकै क्रममा रहेकी निरौलाले कामलाई भने निरन्तरता दिइरहेकी छिन्।

**हास्यटेलिश्रृङ्खला** जीरे खुर्सानीको प्रारम्भिक दिनमा जोडी हास्यकलाकार जितु नेपालसँग काम गरेका हास्यकलाकार दमन रूपाखेतीले आफ्नै निर्देशनको टेलिश्रृङ्खला बनाउने होडमा केही नयाँ युवाहरूलाई लिएर 'मेरी बास्सै' निर्माण गरे। लोकप्रियता बढ्दै गएपछि मेरी बास्सै समूहभित्र पनि एक-अर्काबीच वैमनस्यता बढ्न थाल्यो। अन्ततः आफैंले जन्माएको श्रृङ्खलाबाट दमन बाहिरिए। भाइ-छोराहरूले गरिखाऊन् भनेर छोडिदिएको दमन बताउँछन्, तर उनी यसै चुप लागेर बसेनन्। दमनका अनुसार उनी अर्को श्रृङ्खला ल्याउने तयारीमा जुटिसकेका छन्। आगामी असोज १ गतेदेखि हरेक मंगलबार साढे सात बजे दमनद्वारा निर्देशित अर्को हाँस्य श्रृङ्खलाको 'भ्याइँकुटी भ्याइँ' प्रसारण हुने भएको छ। 'गाउँको कथावस्तु फाप्ने,' दमनलेसाप्ताहिकसँग भने- 'त्यसैले यो श्रृङ्खला सहरकै परिवेशमा आधारित हुनेछ।'



केवल एक प्रश्न

# रिसाएकी गर्लफ्रेन्डलाई कसरी खुसी पार्न सकिन्छ ?

अहिलेसम्म कसैलाई खुसी पार्नुपरेको छैन, साथीहरूको देखेर भनूँ ? गर्लफ्रेन्ड रिसाउँदा उसलाई मनपर्ने स्थानमा लाने, मनपर्ने खाना ख्वाउने, गल्ती गरेको छ भने 'सरी' भन्ने त्यही हो। अरू त आइडिया नै भएन।

**जविक, गायक**

मेरी गर्लफ्रेन्ड सेक्सी भएकाले उनलाई धेरै माया चाहिन्छ। त्यही भएर उनलाई धेरै 'टाइम' दिन्छु। त्यस्तै मीठा परिकारको पारखी भएकाले ख्वाएर उसलाई सन्तुष्ट बनाउँछु।

**दिपंकर कसजु, क्रिएटिभ डाइरेक्टर, साइबरसंसार डट कम**

रोमान्टिक डिनरमा लाने नि, अनि लङ-ड्राइभमा जाने। उनले चाहेको कुरा पूरा गरिदिने। केटाहरूलाई गर्लफ्रेन्डको प्रोब्लम थाहा भैहाल्छ नि, हाहा...


**सोनु पौडेल, लक्स सुपरमोडल-२००६**

धेरै दुःख नदिई, धेरै फोन नगरी, रिसलाई केही समय मर्न दिने अनि फूल पठाएर, मीठा-मीठा कुरा गरेर फकाउनुपर्‍यो नि। गर्लफ्रेन्डको घरबाहिर आएर गिटार बजाउने, गीत गाउने, नाच्ने र जोक्स भनेपछि रिस शान्त भैहाल्छ नि।


**मालिभका सुब्बा, भिजे**

आफू पनि रिसाएर, अलिकति घुर्की देखाएर, भाउ देखाइदिने अनि आफैं ठीकमा आइहाल्छन् नि।

**सुदिन पोखरेल, र्‍याप गायक**



## चलचित्र



### भाइमारा

पुस्तैनी सम्पत्तिमा दाजुभाइबीचको विवाद आम नेपालीको घरघरको कथा भैसकेको छ। एउटै कोखबाट जन्मिएर सँगै हुर्किएका दुई दाजुभाइबीच भाइलाई विभिन्न दुःख दिने र पुस्तैनी सम्पत्तिमा भाइको हक कम गर्न खोज्ने दाजुलाई समाजले 'भाइमारा' को संज्ञा दिन्छ। त्यस्तै विषयलाई समेटिएको चलचित्र 'भाइमारा' यो साताबाट काठमाडौं उपत्यकामा सार्वजनिक हुँदैछ। सुशील क्षेत्री, गरिमा पन्त, दिनेश शर्मा, दिग्विजय सिंह आदि कलाकारको मुख्य भूमिका रहेको यो चलचित्रमा दिनेशले दाइ र सुशीलले भाइको भूमिका निर्वाह गरेका छन्। चलचित्रलाई पूर्णरूपमा व्यावसायिक साँचोमा ढालिएको छ। त्यसैले यसमा द्वन्द्व, नृत्य, हास्य, ग्ल्यामर आदि मरमसला समेटिएका छन्। हरि उदासीको निर्देशनमा तयार भएको यो चलचित्रका निर्माता रमेशकुमार पाण्डे हुन्।

### स्टारडष्ट



हलिउड चलचित्र उद्योगमा आज चलचित्र 'स्टारडस्ट' सार्वजनिक हुँदैछ। म्याथु भागनले निर्देशन गरेको यो चलचित्र रोमान्टिक तथा साइन्स फिक्सन बेसमा तयार भएको छ। चलचित्रमा चार्ली कक्सले सियना मिलरको मन जित्ने प्रयास गर्छन्। चार्लीको मन सुन्दर भए पनि उनको चाहना उद्देश्यपरक छ। यस क्रममा उनले रहस्यमय स्थानको यात्रा गर्छन्। त्यहाँ उनको अर्की सुन्दरी क्लेयर डेनिजसँग भेट हुन्छ। चार्लीले क्लेयरलाई पनि मन पराउँछन् तर क्लेयरलाई त्यहाँका राजकुमार तथा एक अर्का खलनायकले पनि मन पराएका हुन्छन्। आफ्नो प्रेम प्राप्तिका लागि चार्लीले दुवैको चुनौतीका सामना गर्नुपर्ने हुन्छ। अन्ततः चार्ली साँचो प्रेमको महत्त्व बुझेर पहिलो प्रेममै फर्कन्छन्। चलचित्रमा रोबर्ट डि निरो, माइकल फिफर, सायना मिलर, चार्लीकक्स तथा क्लेयर डेनिजले मुख्य भूमिकामा अभिनय गरेका छन्। बेलायत तथा आइसल्यान्डमा छायांकन गरिएको यो चलचित्रले राम्रो व्यापार गर्न सक्ने अनुमान समीक्षकहरूले गरेका छन्।

### चक दे इन्डिया



बलिउड चलचित्र उद्योगमा आज एउटा पृथक् शैलीको चलचित्र सार्वजनिक हुँदैछ। 'चक दे इन्डिया' शीर्षकको यो चलचित्र हक्की खेलसंग सम्बन्धित छ। हक्कीमा कुनै बेला विश्वमै अग्रणी स्थान ओगटेको भारतको खस्कँदो अवस्थालाई दृष्टिगत गरेर जित्नका लागि खेल्ने प्रेरणा दिने उद्देश्यले यो चलचित्र निर्माण भएको बताइएको छ। यश चोपडाको प्रस्तुतिमा यशराज ब्यानरका लागि आदित्य चोपडाले निर्माण गरेको यो चलचित्रलाई शिमित अमिनले निर्देशन गरेका छन्। चलचित्रमा कुनै बेला भारतिय हक्की टिमका कप्तान रहे पनि परिचय हराइसकेको व्यक्तिको भूमिकामा शाहरूख खानले अभिनय गरेका छन्। हक्कीमा गुम्दै गएको सानलाई देखेर कोही पनि टिमको प्रशिक्षक बन्न तयार नभएको अवस्थामा शाहरूखले त्यो जिम्मेवारी लिन्छन्। उनी महिला टिमको प्रशिक्षक बन्छन्। महिला टिममा भारतका विभिन्न राज्यका खेलाडी सम्मिलित भए पनि उनीहरूमा खेल जित्नुपर्छ भन्ने भावना हुँदैन्। यस्तो अवस्थामा शाहरूखले देशका लागि जित आवश्यक भएको प्रेरणा दिँदै उनीहरूलाई प्रशिक्षण दिन्छन्। चलचित्रमा शाहरूखका अतिरिक्त विद्या माल्वाडे, अन्जन श्रीवास्तव, जावेद खान, विभा चिब्बर, नकुल वैद्य, सागारिका घट्जे, चित्राश्री रावत, शिल्पा शुक्ला, तान्या अब्रोल, निशा नैयर आदिले अभिनय गरेका छन्। जयदीप शाहनीको कथा तथा गीतमा निर्माण भएको यो चलचित्रका गीतमा सलिम र सुलेमान मर्चेन्टले संगीत भरेका छन्।

## अब प्रतिस्पर्धा डिजाइनरहरूको

समय, वातावरण र व्यक्तित्व सुहाउँदो नयाँ-नयाँ फेसन सिर्जना गर्ने श्रेय फेसन डिजाइनरहरूलाई जान्छ। तिनै डिजाइनरहरूको सिर्जनशीलता एवं कल्पनाशीलतालाई प्रतिपर्स्धात्मक वातावरणमा मूल्यांकन गरिने भएको छ। राजधानीको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा भोलि शनिबार डिजाइनर कन्टेस्ट २००७ शीर्षकमा सञ्चालन गरिने प्रतियोगितामा राजधानी तथा मोफसलका गरी करिब तीन दर्जन डिजाइनको सहभागिता रहनेछ।

नेपाल एजुकेसन अफ फेसन टेक्नोलोजी (एन.इ.एफ.टी.) का लागि तमन्ना श्रेष्ठ र समिता बस्नेत आयोजक रहने यो प्रतियोगितामा १६ जना व्यावसायिक मोडलले प्रतिस्पर्धी डिजाइनहरूको सिर्जनालाई र्‍याम्पमा प्रस्तुत गर्नेछन्। बी.एल. हाउसको व्यवस्थापन रहने यो डिजाइनर प्रतिस्पर्धामा टेन्थ रनरअपदेखि सर्वोत्कृष्ट स्थान हासिल गर्ने डिजाइनरहरूलाई पुरस्कृत गरिनेछ।

-रोजिन शाक्य

## भोलि मिस पश्चिमाञ्चल



पोखरा– गुलमोहोर मिस पश्चिमाञ्चलमा प्रतिस्पर्धा गर्न लागेका सुन्दरीहरूको भाग्यपरीक्षा भोलि शनिबार स्थानीय दीपेन्द्रसभागृहमा हुँदैछ। करिब एक महिनाको दौडधूपपछि १४ जना सुन्दरी अन्तिम प्रतिस्पर्धामा भिड्नेछन्। सहभागी सुन्दरीहरूलाई ब्युटीसियन चिनु गुरुङले ब्युटी टिप्स, फेसन डिजाइनर सविता शेरचनले फेसन डिजाइनिङसम्बन्धी जानकारी तथा रवीन्द्र बज्राचार्यले कोरियोग्राफी एवं ग्रुमिङको कक्षा दिएका थिए। युवतीहरूका तस्बिर लब्लीपोखरा डटकमका फोटोग्राफर गणेश खड्काले क्यामेरा कैद गरे।

प्रतियोगीहरूले पाउने मुख्य उपाधिबाहेक अन्य सहायक उपाधिहरूको छिनोफानोसम्बन्धित विधाका विशेषज्ञहरूबाट भैसकेको छ। शीर्ष उपाधिसँगै फस्ट रनरअप र सेकन्ड रनरअपको छनौट भने अन्तिम प्रतिस्पर्धामा हुनेछ। यो वर्षको सुरुवातसँगै पोखरामा बालसौन्दर्य, मिस टुरिज्म क्विन, समलिङ्गी सुन्दरी प्रतियोगिताहरू भैसकेका छन्।

सुन्दरी प्रतियोगिताको वातावरण नसुस्ताओस् भनेर द लुक्स फेसन होम्सले गत वर्षजस्तै यो प्रतियोगितालाई निरन्तरता दिएको हो। अघिल्लो वर्ष मिस्टर एन्ड मिस पश्चिमाञ्चलमार्फत युवाहरूलाई पनि सहभागिता गराइएको थियो। यस पटक भने युवतीहरूलाई मात्र समेटेर मिस पश्चिमाञ्चल गर्न लागिएको हो। ब्युटिसियन स्यान्ड्रा पुनको हेयर स्टाइल तथा मेकअप अनि फेसन डिजाइनर सविता शेरचनको पहिरनमा मोडलहरू स्टेजमा प्रस्तुत हुनेछन्।

## लिटिल मिस काठमाडौं सम्पन्न



गत शुक्रबार साँझ करिब ६ बजेतिर राजधानीस्थित प्रज्ञाभवनको डबलीमा पर्दा उघारियो र एउटा आकर्षक सामूहिक नृत्य प्रस्तुतिसँगै लिटिल मिस काठमाडौंको प्रतिस्पर्धा अघि बढ्यो। इशा फेसनका डिजाइनर विकेश अग्रवालद्वारा तयार पारिएको प्याजी रंगको वन पिस फुल लेन्थ पहिरनमा सजिएका ४७ जना प्रतिस्पर्धीले एकपछि अर्को गर्दै आफ्नो परिचय दिदै प्रतिस्पर्धाको पहिलो चरण पार गरे। त्यसपछि कोरियोग्राफरद्वय इशा बज्राचार्य र चिरण श्रेष्ठले सिकाएअनुसार आकर्षक बिरालो चालमा प्रतिस्पर्धीहरूले बेस्ट ड्रेस राउन्डको सिक्वेन्समा प्रस्तुत भए। अनिला श्रेष्ठको संयोजनमा मुभी हाउसले आयोजना गरेको लिटिल मिस काठमाडौं शीर्षकअन्तर्गतको प्रतिपर्स्धामा त्यसपछि ४७ जना प्रतिस्पर्धीबाट २५ जना प्रतिस्पर्धी छानिए।

उपस्थित निर्णायकहरूले सोधेका प्रश्नको उत्तरका आधारमा अन्ततः १० जना सहभागीले फाइनल राउन्डमा प्रवेश पाए। फाइनल राउन्डमा पुगेका प्रत्येक सहभागीलाई निर्णायकहरूद्वारा प्रदान गरिएको छुट्टाछुट्टै विषयअन्तर्गत निर्धारित समयभित्र लिखित रूपमा आफ्नो विचार व्यक्त गर्न लगाइएको थियो। अन्य प्रतिस्पर्धीको तुलनामा उत्कृष्ट विचारधारा व्यक्त गर्दै ५० नम्बरको ट्याग लगाएकी दिक्ता थापाले बेस्ट क्याटवाकको उपाधिसहित प्रथम लिटिल मिस काठमाडौंको ताज पहिरिन्। मिस फोटोजेनिक उपाधिसहित फस्ट रनरअप विजेता बनिन् प्रकृति सापकोटा, सेकेन्ड रनरअप उपाधिमा कृतान्सा शर्मा विजयी भइन्। अन्य उपाधितर्फ रिजा शर्मा- बेस्ट ड्रेस, किपा मानन्धर- बेस्ट परफर्मेन्स, सुरभि मानन्धर- मोस्ट टयालेन्टेड, श्रुति श्रेष्ठ- चार्मिङ पर्सनालिटी, अंशु थापा मोस्ट फ्रेन्डली, अपूर्वा ढकाल- बेस्ट स्किन, वृष्टि बोहरा- वेष्ट हेयर, अभिनन्दनी श्रेष्ठ- मोस्ट डिसिप्लिन, सिङ्गिनी महर्जन- बेस्ट स्माइल र अपूर्वा बराल- स्विट पर्सनालिटीका रूपमा छानिएका थिए।

## पोखरामा सटर्डे ब्लास्टको धुम

पोखरा- लगातारको वर्षापछि वातावरणमा गर्मी बढेको छ। शनिबार भने लेकसाइडको क्लब प्याराडिसोमा मध्याह्नको चर्को घामलाई समेत बेवास्ता गर्दै हूलका हूल युवाहरू क्लब परिसरमा छिरिरहेका थिए। सधैं रात छिप्पिएपछि जम्ने डान्स पार्टी यस पटक भने दिउँसैदेखि उत्कर्षमा देखियो। सटर्डे ब्लास्ट नामकरण गरिएको डान्सपर्टीमा डान्स फ्लोरमा नाच्नेहरूको भीड बढ्दै गयो। डान्सपार्टीमा हाफ स्कटदेखि हाफ कट्टुसम्म लगाएका युवतीहरू तथा पङ्क, हिपहपदेखि रक स्टाइलका फेसनेबल तन्नेरीहरूको हानथाप देखिन्थ्यो।

युवायुवतीहरूको पहिरन हेर्दा यस्तो लाग्थ्यो– डान्सपार्टी फेसन प्रदर्शन गर्ने स्थान पनि हो। डान्सपार्टीमा झुल्कनेहरू साधारणभन्दा पनि फेसनेबल नै हुने गरेका छन्। बढी मात्रामा अंग्रेजी र हिन्दीको



तालमा झुमिरहेका युवायुवतीहरूमध्ये कतिपयले त नाच्दानाच्दै आफूलाई नै काबुमा राख्न सकिरहेका थिएनन्।

बिदाको दिन भएकाले पनि होला, तन्नेरी जमातका अतिरिक्त विभिन्न पेसा-व्यवसायका मनोरञ्जनपारखीहरू डान्सको मस्तीमा रल्लिए। साँझ पर्दै जाँदा अझ बढी धुम मच्चायो डान्सपार्टीले। दिउँसो १२ बजे सुरु भएको डान्सपार्टी साँझ ७ बजेसम्म लगातार चलेको थियो। यस पटक डान्सपार्टीको उद्देश्य पनि बेग्लै थियो। नयाँबजारका युवासमूहले जिम क्लब खोल्नका लागि आर्थिक सहयोग जुटाउन यो डान्सपार्टी आयोजित गरेका थिए।

-शिव शर्मा

# शोभाको पर्फर्मिङ आर्ट्स



**साप्ताहिक समाचार**

काठमाडौं- 'पर्फर्मिङ आर्ट भनेको कस्तो हुन्छ ?' नवनायक सुमन सिंहले रंगकर्मी शोभा चन्दसँग सोधेका थिए। विगत दस वर्षदेखि फ्रान्सको पेरिस सहरमा 'थियटर आर्ट' पढिरहेकी चन्दले नायक सिंहलाई भनिन्- 'तपाईंलाई परिभाषा वा वर्णन गरेर बुझाएर भन्दा पनि हेर्न पाउनुभयो भने सजिलै बुझ्नुहुन्छ।' गत शनिबार राजधानीको ठमेलस्थित जात्रा क्याफेको पहिलो तलामा दुई दर्जनजति दर्शकका सामुन्ने चन्दले पेरिसबाट सिकेर आएको 'पर्फमिङ आर्ट' प्रस्तुत गरिन्। साँझको साढे पाँच बजे दर्शकहरूको आगमन भैसकेको थियो। काउन्टरमा टिकट खरिद गर्दा स्वयंसेवकले दर्शकलाई सोध्ये- 'तपाई कहाँ जान चाहनुहुन्छ ?' अलमल्ल परेका दर्शक सोध्ये- 'किन ?' जवाफ आउँथ्यो- 'किनकि यसको थिम नै यात्रा हो।'

टिकटमा ल्याप्चे लगाएर माथि उक्लिएका दर्शकहरू त्यतिबेला अझ अचम्भित भए, जतिबेला त्यहाँ कुनै रेल स्टेसनको जस्तो आवाज घन्कियो। क्याफेको झ्यालभित्र कोठामा चन्द विभिन्न हाउभाव प्रस्तुत गर्दै थिइन्। उनले हाउभाव र ब्याले शैलीको नृत्यबाट आ-आफ्नो गन्तव्य रोजेका दर्शकहरूलाई पालैपालो त्यहाँ पुऱ्याएको अनुभूति गराउन थालिन्। यो क्रम ४८ मिनेटसम्म चल्यो। दर्शकहरू आफैंले कुनै नाटक खेलेजस्तो अनुभव गर्दै गए। नायक सुमन सिंह पनि त्यहाँ पुगेका थिए। चन्दको प्रस्तुति हेरेपछि उनले भने- 'पर्फमिङ आर्ट भनेको के हो भन्ने बुझें, तर वर्णन गर्न सक्दिनँ।' हाल पेरिसको एक विश्वविद्यालयमा फ्रान्सेली नागरिकहरूलाई नेपाली विषय पढाइरहेकी चन्द गत महिना थियटर आर्टमा पीएचडी थेसिसको तयारी गर्न स्वदेश फर्किएकी थिइन्।

# अग्ला र लामो टुप्पी एकै ठाउँ



मोरङको बयरवन गाविस- ७ का नेपालका सबैभन्दा अग्ला ७ फिट ३ इन्च उचाइ भएका राजन अधिकारी र नेपालकै लामो ९ फिट ६ इन्च टुप्पी भएका फिदिमका यामनारायण भण्डारीले एकैस्थानमा भेला हुने अवसर पाए। उनीहरूले जिल्ला प्रशासन कार्यालयमा भेला भएर पाँचथरका सर्वसाधारणदेखि विशिष्ट व्यक्तिहरूसँग फोटो खिचाउँदै आफ्नो अलग पहिचान दिन सफल भए। राजन आफ्नी बहिनीको नागरिकता बनाउने क्रममा फिदिम आएका थिए भने नागरिकता वितरण गर्ने कार्यालयका पियन भण्डारी त्यही भएबाट यहाँका प्रजिअ, सैनिक, प्रहरी, अनुसन्धानसमेतका सरकारी कार्यालयका प्रमुखले विभिन्न दृश्यमा राजन र यामनारायणसँग फोटो खिच्ने अवसर पाए।

बढ्दो उमेर तथा ब्रेन ट्यूमरको अप्रेसनपछि राजनको उचाइ बढ्न छोडेको छ भने यामनारायणको टुप्पी अझै बढ्दो छ। राजन आफू अग्लो भएबाट दैनिक जीवनयापनमा भएका समस्याको समाधान गर्न राष्ट्रबाट राहतको आशा गर्छन् भने भण्डारी गिनिज बुक अफ वर्ल्डमा आफ्नो नाम लेखाउन चाहन्छन्।

-सुरेन्द्र सुवेदी

## साताको स्वर



## पूनम पन्त

**काली पारे दाइ कति राम्रो... गीत रिमिक्स हो कि रिमेक ?**

रिमेक हो। तारादेवीले त्यति राम्रोसँग गाएको गीतलाई रिमिक्स गर्नुहुँदैन।

**त्यसो भए रिमेक गर्न पनि आवश्यक थिएन नि, होइन ?**

रिमेक गर्दा नयाँ बाजाहरू थपिन्छन्। समयअनुसार बाजाको टेस्ट थप्न सकिन्छ। नयाँ स्वरमा यस्ता गीत गाउँदा नयाँ पुस्ता आकर्षित हुन्छ।

**काली पारे...मा के-कस्तो परिमार्जन गर्नुभएको छ ?**

साउन्ड सिस्टम तथा नयाँ बाजाहरू थपिएको छ। शब्द तथा संगीतमा कुनै परिवर्तन गरिएको छैन। स्वर फरक छ तर सबैले रुचाएका छन्।

**काली पारेलाई नै किन रिमेक गर्नुभयो ?**

म तारादेवीकी फ्यान हुँ। कम्पनीले पनि एउटा गीत रिमेक गर्नु व्यावसायिक हिसाबले राम्रो हो भनेकाले मैले उक्त गीत छानेकी हुँ।

**नयाँ प्रतिभाले पुरानो गीत गाउनु राम्रै हो र ?**

नयाँ प्रतिभाले आफ्नै गीत गाउनु राम्रो हो, तर तारादेवीजस्ती विशिष्ट गायिकाको गीत गाउँदा घाटा हुँदैन।

## अफबिट

**संगीतकार** आलोकश्रीको सुरताल म्युजिक प्रा.लि. डेराको घर छोडेर आफ्नै घरमा सरेको छ। अनामनगरस्थित कम्पनीको नयाँ कार्यालय पुरानो घरदेखि दुई मिनेटको दूरीमा छ। छोटो समयमै नेपाली सांगीतिक क्षेत्रमा स्थापित भएका संगीतकार आलोकश्रीले नेपाली संगीतको क्षेत्रमा थुप्रै लोकप्रिय सिर्जना दिइसकेका छन्। उदितनारायण झा, जगजित सिंह, रामकृष्ण ढकाल आदिका लोकप्रिय एकल गीतिसंग्रहमा एकल संगीत भरिसकेका यी संगीतकारले संगीतका सबै विधाका गायक-गायिकाहरूसँग काम गरेका छन्।

**अचेल** हिपहप गायक निर्णय श्रेष्ठलाई तपाईं कुन ब्रान्डको पहिरन लगाउनुहुन्छ भनेर सोधियो भने उनको जवाफ हुनसक्छ- 'आफ्नै ब्रान्डको।' र्‍याप गायनमा निर्णय डा. एनएसके नामबाट परिचित उनको आफ्नै ब्रान्डका पहिरन हाल प्रयोगका लागि मात्र भए पनि लगाएका छन्। उनले 'एनएसके', 'निर्णय' आदि अंकित इब्रोइडरी गरिएका टिसर्ट तथा लुज सर्ट लगाउन थालेका छन्। उक्त पहिरन काठमाडौंको दरबारमार्गस्थित एक बुटिकमा इब्रोइडरी गराएको निर्णयले बताए। उनले आफ्ना प्रशंसकहरूका लागि वेबसाइट इनशा डटकममार्फत निकट भविष्यमा 'एनएसके ब्रान्ड'का टिसर्ट तथा लङ् सर्ट बेच्ने कुरा पनि बताएका छन्।

**गायिका** माण्डवी त्रिपाठी यतिखेर आफ्नै एकल गीतिसंग्रह दर्शक-श्रोतामाझ ल्याउने तयारीमा छिन्। गायिका त्रिपाठीले बजारमा ल्याउन लागेको यो पहिलो एकल गीतिसंग्रह हो। लोकगीतका क्षेत्रमा बलियो परिचय बनाएकी यी गायिकाले पप, आधुनिक तथा चलचित्र सबै विधाका गीत गाइसकेकी छिन्। संग्रह कहिलेसम्म सार्वजनिक हुन्छ ? भन्ने जिज्ञासामा गायिका त्रिपाठीले भनिन्- 'सबै तयारी भैसकेको छ, तर कम्पनी फिक्स भएको छैन।' पप तथा आधुनिक गीतहरू समावेश हुने यो संग्रहले आफ्नो क्यारियरलाई अझ माथि उठाउने विश्वास गायिका त्रिपाठीको छ।

**गोठालो**, नासो, मुनामदनजस्ता थुप्रै चलचित्रको छायाङ्कन रसुवामा भएको छ, यद्यपि यहाँका दृश्यहरू ठूलो पर्दामा हेर्न राजधानी नै पुग्नुपर्छ, तर अब गायक दामोदर खतिवडाद्वारा निर्मित क्यासेट एल्बम लाङटाङ थोराङपास म्युजिक भिडियोका रूपमा बजारमा आउने तयारीमा छ। मनोरञ्जनका माध्यमबाट स्थानीय कला-संस्कृतिको प्रचारप्रसार गरी स्थानीय पर्यटकीय सम्पदासमेत पहिचान गराई पर्यटन प्रवर्द्धन एवं परम्पराको संरक्षणका लागि यो भिडियो बनाइएको हो। लाङटाङकी शेर्पिनीले गाइडलाई मन पराएपछि परम्परागत तरिकाले विवाह भएको रोमाञ्चक दृश्य यो भिडियोमा समेटिएको छ।

**नेपाल** सरकारले गत शुक्रबार नयाँ राष्ट्रिय गान सार्वजनिक गरेको छ। उक्त राष्ट्रिय गान सार्वजनिक भएपछि एक शताब्दीदेखि प्रचलनमा रहेको पुरानो राष्ट्रिय गान 'श्रीमान् गम्भीर..' पूर्ण रूपमा खारेज भएको छ। कवि व्याकुल माइलाको रचनामा 'सयौं थुँगा फूलका हामी एउटै माला नेपाली..' बोलको नयाँ राष्ट्रिय गानमा संगीतज्ञ अम्बर गुरुङले एक मिनेटको धुन भरेका छन्। लोकतान्त्रिक परिवर्तनसँगै गत ०६३ जेठ ४ बसेको प्रतिनिधिसभाको बैठकले पुरानो राष्ट्रिय गान खारेज गरेको थियो। त्यसपछि शुक्रबारसम्म मुलुक राष्ट्रिय गानविहीन भएको थियो। नयाँ राष्ट्रिय गानमा शरद गुरुङको संगीत-संयोजनमा ज्ञानु राणा, यम बराल, राजेशपायल राई, शिशिर योगी, विमला राई, सुनिता सुब्बा, अञ्जु पन्त, अजय थापा, अनिलमान महर्जन, गंगा न्यौपाने, चन्दा देवान, जयनन्द लामा, झुमा लिम्बु, बेनुका राई, नारायण ओली, राजेन्द्रमान श्रेष्ठ, राम गुरुङ, रिना भुषाल, रूपा झा तथा सिर्जना श्रेष्ठले स्वर भरेका छन्। रेडियो नेपालमा प्राविधिक असक्षमता देखिएपछि राजधानीको गणबहालस्थित प्लाटिनम स्टुडियोमा उक्त गान रेकर्ड गरिएको थियो। प्राप्त जानकारीअनुसार नेपाल सरकार संस्कृति मन्त्रालयले प्रारम्भिक कामका लागि ३ लाख ५० हजार रुपैयाँ छुट्ट्याएको थियो भने गीतकार तथा संगीतकारको पारिश्रमिक अझै निर्धारण गरिएको छैन।

**गत** शुक्रबार राजधानीमा लोपोन्मुख ठाडो भाकासम्बन्धी एक कार्यक्रमको आयोजना गरियो। जिनेक्स्ट इन्टरटेन्मेन्टद्वारा आयोजित उक्त कार्यक्रममा ठाडो भाकाका गायक बुद्धिमान दुरा 'धम्पु'ले उक्त गायन विधा लोपोन्मुख हुँदै गएकोमा दुःख व्यक्त गरे। ठाडो भाका संकलन गरिएको डिभिडी सार्वजनिक गरिएको कार्यक्रममा लोकगीतिविधाका अन्वेषणकर्ता कृष्ण गुरुङले ठाडो भाका नेपालका सबै लोकदोहरी गीतको जन्मदाता भएको बताए भने डिभिडीका निर्देशक तथा परम्परा फिल्म्स, पोखराका केश गुरुङले हराएका गायक दुरालाई बाहिर ल्याउन निकै मेहनत गर्नुपरेको कथा सुनाउँदै भने- 'बुद्धिमान जति प्रतिभाशाली हुनुहुन्छ, त्यति नै लजालु पनि। त्यसैले उहाँको यो कलालाई बाहिर ल्याउन धेरै पटक मैले क्यामेरा लुकाएर उहाँका क्रियाकलाप खिचेँ। त्यसपछि लुकेर खिचिएको उक्त भिडियो हेरेपछि 'म त ठीकै गाउँदो रहेछु' भन्ने उहाँलाई लागेछ र बाहिर आउन राजी हुनुभयो।' उक्त डिभिडीको बिक्रीबाट आउने रकमको ५० प्रतिशत तराईमा बाढी-पहिरोबाट पीडितहरूको राहतका लागि प्रदान गर्ने घोषणासमेत उक्त कार्यक्रममा गरिएको थियो।

**गायक** सञ्जय श्रेष्ठ, भूपेन्द्र बज्राचार्य, प्रवीण मानन्धर, ज्योति घिमिरे, सरोज दत्त तथा सुगम पोखरेल हाल अमेरिकाका विभिन्न सहरमा सांगीतिक कार्यक्रम गर्नमा व्यस्त छन्। प्राप्त जानकारीअनुसार नेप्लिज युथ सोसाइटीको आयोजनामा उनीहरूले हालै टेक्सास सहरस्थित दुर्गाबरी अडियोटोरियममा सयौं नेपाली दर्शकलाई आफ्ना गीत सुनाए। 'युएसए टुर २००७' अन्तर्गत गत असार ९ गते उनीहरू अमेरिका पुगेका हुन्। अमेरिकामा उनीहरूले विभिन्न स्थानमा कार्यक्रम गरिरहेका छन्। पोर्टल्यान्ड, सनफ्रान्सिस्को, वासिङ्टन डिसी, बाल्टिमोर आदि सहरमा उनीहरूको कार्यक्रम सफलतापूर्वक सम्पन्न भैसकेको छ। आगामी असोज २७ गतेपछि मात्र उनीहरू स्वदेश फर्कनेछन्। यसैगरी अमेरिकामा सञ्चालित सगरमाथा टेलिभिजन, नेपाल होराइजन डटकम, रेडियो दोभान तथा विश्व सन्देशको संयुक्त आयोजनामा हाल सञ्चालन भैरहेको 'डेस्टिनेशन युएसए २००७' शीर्षकको कार्यक्रमका लागि आधा दर्जन नेपाली संगीतकर्मी त्यहाँ सांगीतिक प्रस्तुति प्रस्तुत गरिरहेका छन्। संगीतकार तथा गायक न्ह्यु बज्राचार्य, गायकहरू सविन राई, दीपेशकिशोर भट्टराई, सुजिल कर्माचार्य, सेक्सोफोन बादक अमूल कार्कीढली, ड्रमवादक इन्द्रमान तथा गीतारबादक गोपाल रसाइली कार्यक्रमकै सिलसिलामा हाल अमेरिकाका विभिन्न सहर घुमिरहेका छन्। प्राप्त जानकारीअनुसार उनीहरूले एउटा संगीत समूहका रूपमा लसएञ्जल्स, वासिङ्टन डिसी, मेरिल्यान्ड, भर्जिनिया आदि स्थानमा कार्यक्रम प्रस्तुत गरिरहेका छन्।



नायिकासँग गायिका : मिथिला शर्मा तथा देविका बन्दना एक कार्यक्रममा एकसाथ। तस्बिर : ई-नशा डटकम

## लाइभ सो

-बाढीपिडितहरूको सहयोगार्थ भोलि शनिबार दशरथ रंगशालामा सञ्चारकर्मी विरुद्ध नेपाली चलचित्र र संगीत कलाकारहरू फुटबल खेल्दैछन्। साँझ चार बजे प्रारम्भ हुने उक्त फुटबल खेलको शीर्षक 'वेभ किकअफ २००७' राखिएको छ। फुलबल खेलभन्दा अघि कलाकार तथा सञ्चारकर्मी सहयोग जुटाउने र्‍यालीमा सहभागी हुनेछन्। वसन्तपुर दरबार क्षेत्रबाट आरम्भ हुने उक्त र्‍याली सहर परिक्रमा गरेर रंगशाला पुग्नेछ। फुटबल तथा र्‍यालीको आयोजना वेभ पत्रिका र केटिएम कार्डले संयुक्त रूपमा गर्न लागेका हुन्।

-मंगलबारको साँझलाई संगीतमय रात्रीभोजमा परिवर्तन गर्न चाहनुहुन्छ भने दरबारमार्गस्थित नाङ्लो क्याफे एन्ड पबमा हरेक मंगलबार साँझ 'लिभेन अप योर ट्युजडे इभनिङ' शीर्षकमा तीन संगीतकर्मी जर्ज सुब्बा, राज वाइवा र बैजु राईले प्रत्यक्ष संगीतको आनन्द प्रदान गर्छन्।


## नजिकबाट

## तुलसी पराजुली

| | | |
|---|---|---|
| जन्ममिति | : | २०२९ असार १० |
| नामको अर्थ | : | वनस्पति, जसलाई आँगनमा स्थापना गरेर पूजा गरिन्छ |
| जन्मस्थान | : | डाँडाबजार, धनकुटा |
| तपाईंको गोप्य कुरा | : | कलम पनि चलाउँछु |
| रुचि | : | संगीत, साहित्य |
| अध्ययन | : | स्नातकोत्तर |
| पहिलो एल्बम | : | परदेशी |
| सांगीतिक गुरु | : | पूर्णबहादुर थापा |
| प्रेरणा | : | स्थानीय गाउँघर |
| पहिलो प्रेम | : | बिर्सिसकें |
| पहिलो डेटिङ | : | भन्नैपर्छ र ? |
| हनिमुन | : | काठमाडौं |
| पहिलो प्रेमपत्र | : | ९ कक्षामा |
| पहिले बजाएको बाजा | : | गितार |
| मनपर्ने परिकार | : | गुन्द्रक, ढिंडो |
| मनपर्ने रंग | : | नीलो |
| मनपर्ने पहिरन | : | क्याजुअल |
| पहिलो उपहार | : | साथीले विदेशबाट ल्याइदिएका पाइन्ट |
| मनपर्ने मौसम | : | दसैं-तिहारको समय |
| मनपर्ने खेल | : | फुटबल |
| फुर्सदमा | : | टेलिभिजन हेर्ने, पत्रिका पढ्ने, गफ गर्ने |
| कत्तिको व्यस्त हुनुहुन्छ | : | व्यस्त छु भन्छु, काम खासै देखिँदैन |
| मनपर्ने संगीत | : | जसले मन छुन्छ |
| रिस उठेको बेला | : | आँखा देख्दिनँ, जसका कारण पछि पछुताउँछु |
| मनपर्ने आफ्नै बानी | : | कमजोरी स्वीकार्न सक्छु |
| पहिलो चुम्बन | : | धेरै पहिले .... |
| रमाइलो क्षण | : | पहिलो पटक रेडियोमा आफ्नो गीत बज्दा |
| नरमाइलो क्षण | : | धेरै छन्, जसलाई बिर्सन चाहन्छु |



# बुटवलमा हाउसफुल कन्सर्ट



बुटवल- वर्षायाम लागेदेखि कुनै सांगीतिक कार्यक्रम नभएको बुटवलमा शनिबार आयोजित एउटा कन्सर्ट भव्य रूपले सम्पन्न भयो। राजधानीका गायकहरू मीन लामा, डम्बर नेपाली, सुमन उदय, गायिका रजनी कायस्थ आदि कलाकारलाई बुटवलमा पहिलो पटक उतारिएको कार्यक्रममा यहाँको कान्ति सभागृहमा सहभागीहरूको थामिनसक्नुको भीड भयो। करिब २ हजार मानिस अटाउने हलमा नअटाएर टिकट काटेका कैयौं सहभागी बाहिरैबाट कन्सर्टको आनन्द लिन बाध्य भए। बुटवल सिटी डट कम तथा लियो क्लब अफ बुटवलको आयोजना एवं ताल म्युजिकको प्रस्तुतिमा 'ताल म्युजिक प्रोमोसनल टुर-२०६४' शीर्षकको कन्सर्टमा भर्खरै एसएलसी दिएर खाली बसेका टिनएजर र कलेज पढिरहेका युवायुवतीहरूको उत्साहजनक सहभागिता थियो।

कन्सर्टमा राजधानीबाट आएका कड ब्याण्डका कलाकारहरूको रिमिक्स गीतले टिनएजरहरूलाई सुरुमै तताउँदै उफारेको थियो भने कार्यक्रमको आकर्षण बनेकी रजनी कायस्थको रिमिक्स गीतले युवाहरूलाई पर्याप्त मनोरञ्जन दिलाउँदै धीत मरुन्जेल नचाएको थियो। दर्शकसँगै आफू पनि मस्की-मस्की नाचेकी रजनीको प्रस्तुतिलाई युवाहरूले 'वान्स मोर' भन्दै हुटिङ गरेर दोहोर्‍याउन लगाएका थिए। यस्तै डम्बर नेपाली, मीन लामा र सुमन उदयका गीतले पनि सहभागीहरूलाई पर्याप्त मनोरञ्जनसँगै चर्को गर्मी बिर्साएर असिनपसिन हुने गरी नचायो।

दिउँसो ४ बजेतिर सुरु भएर साँझ साढे सातसम्म चलेको कन्सर्टमा स्थानीय ब्यान्डहरू वेध, जङकयार्ड तथा मेलिगेन्ट एक्सको प्रस्तुतिले पनि दर्शकहरूलाई निराश पारेन। झरी-वर्षाको मौसममा त्यति ठूलो उपस्थिति निकै शान्त र अनुशासित रहेको बुटवल सिटी डटकमका नगेन रानाले बताए। नाच्दानाच्दा पसिनाले निथ्रुक्क भिजेकी स्थानीय मोडल वर्षा थकालीले भनिन्- 'राम्रो लाग्यो कन्सर्ट, कतै खल्लो महसुस भएन यस्तै अनुशासित र शान्त हुनुपर्छ अब पनि।'

**-टोपराज शर्मा**

# महिला सैनिक छनौटमा असन्तुष्टी

**प्रवीण दत्त**



चितवन– विगत ४ महिनादेखि गोर्खा ब्रिटिस महिला आर्मीका लागि शारीरिक अभ्यासका साथै विभिन्न क्रियाकलाप गर्दै आएकी सुनीता थापा त्यतिबेला छाँगाबाट खसेझैं भइन्, जतिबेला उनले सहपाठीहरू सुटुक्कै फोनबाट छानिएको खबर सुनिन् । बेलायती क्याम्पले पहिलो चरणको छनौटका लागि पोखरास्थित इन्टरनेटबाट फर्म भराएर फोनको माध्यमबाट प्रतिस्पर्धीहरूलाई छनौट गरेकोमा उनले गुनासो गर्दै भनिन्- 'यो कस्तो प्रतिस्पर्धा हो ? एक कल फोनको भरमा केन्डिडेट सेलेक्सन गर्ने ।' यही विषयमा केन्द्रित रहेर यी उम्मेदवारले गत शनिबार पत्रकार सम्मेलनमा गुनासो मात्र गरिनन्, यसमा केही पहल नभए आन्दोलन गर्ने धम्की पनि दिइन् । प्रतिस्पर्धीहरूको विचार उम्मेदवारलाई फोन र नेटका भरमा सेलेक्सन नगरी ग्राउन्डबाटै शारीरिक अभ्यासका साथै विभिन्न क्रियाकलापबाट छानिनुपर्छ भन्ने थियो ।

प्रतिस्पर्धीहरू कोही क्याम्पसमा अध्ययनरत छन् त कोही कतै जागिर गरिरहेका छन् । सबैले आ-आफ्ना कामबाट यसका लागि समय निकालेर अभ्यास गर्दै आएका थिए । चितवनमा बेलायती गोर्खा आर्मीका लागि तालिम दिने दुई ट्रेनिङ सेन्टरमा ६७ जना उम्मेदवार अभ्यास गर्दै आएका थिए । तीमध्ये 'टास्कफोर्स नेपाल' बाट ४३ तथा 'ब्रिटिस गोर्खाज बिफ आर्मी एजुकेसन एन्ड ट्रेनिङ' बाट २१ जना युवतीले आफ्नो भविष्य उज्ज्वल पार्ने सपना बुनेका थिए । दीपिका काफ्लेले ३ महिना पहिलेदेखि विभिन्न केन्द्रमा रहेर बिहान साढे ४ देखि ७ बजे सम्म फिजिकल ट्रेनिङ, ८ देखि १० सम्म एक्सरसाइज र बाँकी समय म्याथ र इङ्लिसको ट्युसन लिनुका साथै बेलुका पनि फिजिकल एक्सरसाइज गर्ने गरेको बताइन् । काफ्लेले भनिन्- 'गराउने बेलामा यी सबै क्रियाकलाप गराउने र सेलेक्सन फर्मको हाइट, उमेर पुगेपछि छनौट फोनबाट गर्नु भनेको कहाँको न्याय हो ?' फर्मबाट मात्र विद्यार्थीको सम्पूर्ण क्षमता मापन गर्न सकिँदैन, तसर्थ हामीमाथि अन्याय भएको छ, उनी बताउँछिन् । काफ्लेले तर्क दिँदै भनिन्- विद्यार्थीले परीक्षामै सामेल हुन पाएनन् भने पास र फेलको के अपेक्षा गर्नु ? उम्मेदवारहरूले टेलफोनबाट छनौट सम्पन्न गरेर नेपाली महिला उम्मेदवारको प्रतिस्पर्धात्मक क्षमतामाथि व्यङ्ग्य गरिएको आरोपसमेत लगाएका छन ।

सन् २००९ देखि बेलायतले युवतीहरूलाई गोर्खा सैनिकमा भर्ती गर्ने निर्णय गरेको हो । त्यसैले अहिले धरान, पोखरा, चितवन आदि विभिन्न जिल्लामा बेलायती सेनामा भर्ती हुन युवतीहरू कम्मर कसेर मानसिक एवं शारीरिक अभ्यासमा लागिपरेका छन् । आगामी वर्षदेखि युवतीलाई सेनामा समेट्ने भए पनि यस वर्ष ५० जनालाई ट्रायलका रूपमा लाने निर्णय उक्त संस्थाले गरेको छ । जसअन्तर्गत पूर्वबाट २५ जना र पश्चिमबाट पनि उत्तिकै संख्यामा प्रारम्भिक छनौट गरिनेछन् । त्यसका लागि प्रतिस्पर्धी युवतीहरू उच्च मनोबलका साथ पूर्व लाहुरेहरूले दिइरहेको तालिममा सहभागी भएका थिए । युवतीहरूको सपना अहिले तुहिएको छ । यी युवतीहरूको एउटै गुनासो छ- 'धरान र पोखराबाट बढी छनौट हुने तर चितवनलाई मात्र किन हेंला ?' छनौट प्रक्रिया निष्पक्ष नभएको भन्दै गोर्खाज बिफ आर्मी एजुकेशन एन्ड ट्रेनिङ सेन्टरका डाइरेक्टर हिमाल गुरुङ भन्छन्- 'फोनबाट सेलेक्सन गर्छ भन्ने मलाई पनि थाहा थिएन्, हामीले सोचेका थियौं, फिल्डबाटै छनौट गर्छन् ।' उम्मेदवारहरूले आफू के कारणले फेल भएँ, थाहा पाउनुपर्छ, तर त्यसो नभएकोमा हामीलाई दुःख लागेको छ, -उनी बताउँछन् । सेनामा फोनबाट सेलेक्सन गरिएको यो पहिलो घटना भएको उनले बताए ।

यो समय भनेको हामीले लक्ष्य लिएर भविष्य बनाउने हो, त्यसैले यसमा हामी होमिएका थियौं, तर अहिले हाम्रा बुबाआमाको पैसा र हाम्रो समय खेर गयो,' -प्रतिस्पर्धी सरस्वती लामाले नीलो अनुहार बनाउँदै सुनाइन् । साउन १५ गते नाम निकाल्ने भनेर घोषणा गरिएको तर साउन ११/१२ केन्डिडेटको घरमा फोन गरेर तिमी सेलेक्सन भयौ भनेर भनिएकोमा उनले आपत्ति जनाइन् । पोखराबाट यहाँका ७ जना प्रशिक्षार्थीको घरमा फोन गरेर छनौट भएको जानकारी गराइएको थियो । तीमध्ये फोन रिसिभ गर्ने २ जना मात्रै पोखरा जान पाएका छन् । अरूको घरमा फोन गर्दा सम्बन्धित व्यक्ति फेला नपरेकाले उनीहरूलाई प्रारम्भिक छनौटबाट वञ्चित गराइएको छ । यसरी वञ्चित हुनेहरूमा पवित्रा कुमाल, सञ्जु कुँवर, अनिता लामा, सूर्या गुरुङ तथा अर्की एक जना युवती छन् । अहिले आफ्नो तरिकाले गरिएको छनौट प्रक्रियाले विद्यार्थीको भविष्यमाथि खेलबाड भएको अभिभावक आइतमान तामाङले *साप्ताहिक*लाई बताए । उनले छोरीको ३ महिनाको ट्रेनिङ, एडमिसन आदिमा ३० हजार रुपैयाँ खर्च गरेको बताए ।

बीबीएस अध्ययनरत अर्की प्रतिस्पर्धी सोनिका लामाले 'अन द स्पट' फिजिकली र मेन्टली एक्सरसाइज गराएको भए हाम्रो चित्त बुझ्थ्यो, तर त्यसो नभएर इन्डिभुजअली एक कल फोनका भरमा सेलेक्सन गरेकाले आफ्नो ट्यालेन्ट देखाउन नपाउँदै फालिएकोमा दुःख लागेको बताइन् । उनले फ्री कम्पिटिसन भनिए पनि रिजल्ट आउट गर्दा पत्रपत्रिका र नेटबाट सार्वजनिक नगरिएकोमा आपत्ति जनाइन् । घरमा अभिभावकले फोन रिसिभ गर्दा पनि उहाँहरूलाई मेसेज नभनी आफूहरूलाई फालिएकोमा नरमाइलो लागेको लामा बताउँछिन् । भन्नलाई मात्र खुला प्रतिस्पर्धा रहेछ, सबैलाई भित्रभित्रैबाट सेलेक्सन गर्दा रहेछन् ।

बेलायती सेनाले महिलाका लागि हाइट ४ फिट १० इन्च, वेट ४५ किलो, एसएलसी उत्तीर्ण र १७ देखि २१ वर्ष उमेरको हद तोकेको छ । देशभरिबाट ३ हजार ५ सय युवती यो प्रतिस्पर्धामा छन् । धरानबाट ४ जना युवती अघिल्लो चरणको छनौटका लागि पोखरा जाने भएको विफ आर्मीका डाईरेक्टर हिमाल गुरुङ बताउँछन् ।

## लघुकथा

### कालो रात



अध्ययनको क्रम सकेपछि परीक्षा दिन ऊ हलभित्र प्रवेश गर्‍यो । वरपर, दायाँ-बायाँ धेरै साथी पुराना अरूले लेखेका थोत्रा पाना लुकी-लुकी पल्टाइरहेका थिए । आफूले यसअघि कहिल्यै चोरी नगरेकाले होला, उसलाई डर लाग्यो । उसले आफ्नै भाषामा प्रश्न हल गर्‍यो, राम्रै भएको आभास भएको थियो उसलाई । प्रश्नपत्रको माथि मौलिक उत्तरलाई प्रोत्साहन भनेर लेखिएको थियो, त्यसैले ऊ ढुक्क थियो । उसले क्रमशः स्नातक द्वितीय र तृतीय वर्ष राम्रोसँग पढ्यो, राम्रो अङ्क ल्याएर पास गर्ने आशामा अझ बढी परिश्रम गर्‍यो, तर देशको राजनैतिक घटनाले गर्दा परीक्षा दिएको एक वर्षसम्म रिजल्ट पर्खनुपर्‍यो । एक वर्षपछि उसले अचानक आफूलगायत धेरै साथी अंग्रेजीमा असफल भएको खबर सुन्यो । छाँगाबाट खसेजस्तै भयो ऊ, भुत्लो नजान्नेहरू पास भएछन् ।

उसका सबै सपना चकनाचूर भए । कापी जाँच्ने शिक्षक जसको मुटु रहेनछ । उनले क्रूर रातो कलम प्रयोग गरेछन्, जसले उसको जोस, जाँगर र आशामा डढेलो लगायो । यसलाई ऊ कालो रात मान्छ । ऊ भन्छ- यस्तो दिन कसैलाई नआओस्, अंग्रेजी पढ्न नेपालमा जन्मनु नपरोस् जसले आफ्नो मातृभाषालाई बिर्स्याएको छ, भुल्न बाध्य बनाएको छ ।

**–विष्णुकुमार अधिकारी**

## जितु'चाको जोक्स

jitendra_rajb@hotmail.com



साठी वर्ष नाघेका दुई वृद्ध छहारीमा बसेर कुरा गर्दै थिए ।

एक जना बूढा : साँच्चै तपाईं आफ्नो स्मरण कमजोर भएकाले डाक्टरकहाँ जँचाउन गएको होइन ?

दोस्रो बूढा : हो त । त्यो डाक्टर साह्रै राम्रो रै'छ । त्यो डाक्टरले बिरामीहरूलाई सात पुस्तासम्मको कुरा सम्झन सक्ने बनाइदिन्छ । अब त मेरो स्मरणशक्ति धेरै राम्रो भएको छ ।

पहिलो बूढा : ओहो ! त्यस्तो राम्रो डाक्टर ? अनि त्यो डाक्टरको क्लिनिकको नामचाहिँ के हो ?

दोस्रो बूढा (अलि अकमक्काउँदै) : त्यो सेतो रंगको फूल छनि जुन एकदम बास्नादार हुन्छ नि... त्यो फूलको नाम के रे ? कस्तो बिर्सिएको... !

पहिलो बूढा : चमेली हो ।

दोस्रो बूढा : (हो, भन्दै आफूनजिक बसेकी आफ्नी श्रीमतीसँग) चमेली, त्यो हामी शनिबार गएको क्लिनिकको नाम के रे ?

०००

फेसनमा पटक्कै रुचि नभएको विकुराम एउटा कानमा टप लगाएर अफिस आएको देखेर जितुचाले सोधेछ– हैन, आज के देख्नुपरेको मैले, तपाईंको कानमा टप ? विकुराम : अब जाबो एउटा टप मात्र लगाएको त हुँ नि के ठूलो कुरो हो र आजको फेसनेवल जमानामा । जितुचा : छक्क पर्दै, एउटा मात्र टप लगाएको त हुँ रे । कहिलेदेखि लगाउनुभयो टप, तपाँइले ? विकुराम : जबदेखि मेरी श्रीमतीले यो टप मेरो खाटमा भेट्टाइन् ।

०००

एक युगल जोडी नगरकोट घुम्न गएका थिए । बिहानको शान्त र रमाइलो दृश्यले मोहित हुँदै प्रेमिकाले भनिछन् : मोहन, तिमी मलाई केवल एक पटक चुम्बन गर, म सदाका लागि तिम्रै बनिदिन्छु ।

मोहन : धन्यवाद प्रिय, यो चेतावनीका लागि ।

०००

मदिरा सेवन नगर्ने एउटा समूह वनभोज गएको रहेछ । उक्त समूहमा एक जना भने मदिराका पारखी रहेछन् र उनलाई जसरी भए पनि रक्सी खाने निहुँ निकाल्नुपरेछ अनि भनेछन् : साथीभाइ हो, रक्सी एउटा मन्द विष हो, यस्तो विषलाई हामीले खतम गर्नुपर्छ, त्यसैले मोहन, तिमी एक बोतल खत्तम गर म पनि एक बोतल खत्तम गर्छु ।

०००

प्रधानमन्त्रीलाई भेट्न गएको विकुराम प्रतीक्षालयमा अरू थुप्रै आगन्तुकमाझ प्रतीक्षा गर्दै थियो, एक्कासि टेबुलमा राखिएको मोबाइल फोन बज्न थालेछ । बिकुराम फोन उठाउँदै ह्यान्ड फ्री मुडमा राखेर : हलो ...

उताबाट एउटी महिलाको नरम स्वरमा : हलो, हजुर म बजारमा छु । मैले एउटा राम्रो सारी भेट्टाएको छु जसको मूल्य २५ हजार रे, म किन्छु है ?

विकुराम दंग पर्दै: हुन्छ नि, किन ?

महिला : एउटा तीन तोला सुनको सिक्री पनि हेरेको छु, त्यसको मूल्य रु. पचास हजार पर्छ, म त्यो पनि किन्छु है ?

विकुराम खुसी हुँदै : हुन्छ नि, मलाई किन सोध्नुपर्‍यो र, किने भैहाल्छ नि ।

महिला : अनि छ नि हजुर, हाम्रो बैठकमा राख्न एउटा सोफा सेट पनि लिऊँ है, लगभग तीस हजारजतिको ?

विकुराम : अवश्य प्रिय किन, जे-जे किन्न मन लाग्छ किन ।

महिला : धन्यवाद डार्लिङ, आई लभ यू ।

विकुराम र महिलाको कुरा सुनेर तीनछक्क परेर प्रतीक्षालयमा बसेका सबै आगन्तुकले विकुरामलाई हेरिरहेको देखेर, विकुराम : यो मोबाइल सेट कसको हो ?

## सन्देश

शर्मि, तिमीसँग बिताएका क्षणहरू मेरो आँखामा चलचित्रझैं घुमिरहेका छन्। त्रिशूली बजार पुल छेउको घरमा बिताएका सुन्दर पलहरू साथै बट्टार नुवाकोट फिल्म हलछेउको होटलमा तिम्रो खाली सिउँदोमा मेरो औंला काटी लगाएको रगतको थोपालाई त्रिशूलीको पानी सम्फियौ। पशुपति भाकी खाएको कसम आज हावामा उडायौ। मलाई आँसुको सागरमै डुबाए पनि तिमी सदा सुखी बन। जे भए पनि म तिम्रो प्रेमको उच्च सम्मान गर्छु अनि सधैं माया गरिरहने प्रण गर्छु।

**आर**

मेरो इमेल nabinl@yahoo.com मा सम्पर्क गर्न आग्रह छ।

**नवीन**

सरि., सधैं खुसी रहनु, मन कहिल्यै नदुखाउनु। म तिमीलाई हरेक पल साथ दिनेछु। मेरो माया, सधैं मनमा सजाइराख्नु। तिमीलाई हरेक पाइलामा जीवनभर साथ दिनेछु।

**कमल**

सवि, जन्मदिनको मुरीमुरी शुभकामना। जीवनको प्रत्येक पाइलामा सफलता प्राप्त गर, तिम्रो कदम उन्नति-प्रगतिको पथमा बढिरहोस्। जीवनमा कहिल्यै हार नखाऊ। यो दिन सधैंभरि दोहोरिरहोस्। यही छ तिमीलाई जन्मदिनको उपहार यो दुःखीका तर्फबाट।

**देवेन्द्र**

सुष्मी, म तिमीलाई यति धेरै चाहन्छु कि तिमीलाई पनि थाहा छ। मैले तिमीलाई धेरै एसएमएस गरें। म तिम्रो यादमा तड्पिएर बाँचेको छु। किन तिमी निष्ठुरी भएकी ? मेरो पत्रको उत्तर पठाऊ, नत्र म तिम्रो पसलमै आउनेछु। एसएमएस गर्दा इमेल ठेगाना पनि देऊ।

**दि.**




रोजि., मैले तिमीलाई चितवन आएको बेलामा देखेको थिएँ। जब मैले तिमीलाई देखें पहिलो नजरमै तिमीले मेरो मनमा पिरतीको तीखो वाण बर्सायौ। तिमीलाई मेरो सपनाको सिंहासनमा सपनाकी रानी बनाएर सजाउनेछु।

**भीम**

गोकुल, किन मबाट टाढा जानुभयो ? किन केही महिना साथ दिएर बिना कारण छाडिदिनुभयो ? किन कहीं निको नहुने गरी मुटु छियाछिया पारिदिनुभयो। मैले के गल्ती गरेकी थिएँ ? के तपाईंसँग परिचय गर्नु नै मेरो गल्ती हो ? मैले आवेशमा आएर तपाईंको चित्त पो दुखाएँ कि ?

**किरण**

सीता, लाखौंलाख सम्फनाका साथै अपार माया। यो माया भन्ने चीज नै यस्तो रहेछ। कसैका निम्ति अमृत त कसैका निम्ति विष, कसैको हाँसो त कसैका निम्ति आँसु। केही छैन काली, जहाँसुकै गए पनि यो ज्यान नमरुन्जेल यो माया, मन र मुटु तिम्रै निम्ति साँचिराख्नेछु। यो माया तिमीबेगर यो जीवनमा कसैलाई पनि दिनेछैन। तिमी मेरी नै हौ। तिमी १० वर्षपछि आए पनि यो मुटुमा तिम्रो स्थान र ठाउँ म नमरुन्जेल मेटिनेछैन। कहिलेकाहीं भए पनि फोन गर है।

**सत्य**

## जीवनको गोरेटोमा

### पहिलो रात

तीन वर्षअघि मेरो विवाह एक जना माध्यमिक शिक्षकसँग भयो। त्यसबेला म भर्खरै १७ वर्षमा प्रवेश गरेकी थिएँ। प्रवेशिका परीक्षा सकेर काठमाडौंको कलेजको सपना देखिरहेको बेला अचानक घरमा विवाहको प्रस्ताव आएको रहेछ। बुबा केही दिन छोरीलाई कलेज पठाउने कि विवाह गरिदिने भनेर सोचमग्न हुनुभएछ। दाजुसँगको सल्लाह, आमासँगको भलाकुसारी तथा मेरो बढ्दो उमेरलाई ख्याल राखेर पढाउन पठाउनुभन्दा विवाह गरिदिनु नै उत्तम हुने निष्कर्ष निकालिएछ।

चैतको गर्मीमा म नुहाउन ठिक्क परेका बेला आमाले मलाई भान्साकोठामा बोलाउनुभयो। मैले नुहाएर मात्र आउँछु भनें, तर उहाँले पहिले मेरो कुरा सुन अनि नुहाउन जा भन्नुभयो। आमाको कुराबाट थाहा पाएँ, मेरो विवाहको कुरा छिनिएको रहेछ। प्रवेशिका परीक्षामा मलाई अङ्ग्रेजी विषयमा सहयोग गर्ने सरसँगै मेरो विवाह हुने पक्का भैसकेको रहेछ। म रुँदै नुहाउन थाले। किन रुन आयो थाहा छैन। हेर्दाहेर्दै मेरो विवाहको दिन आयो। आफन्तहरू व्यस्त हुन थाले। साथीहरूले जिस्क्याउन थाले। म बेहुली हुने दिन नजिकिँदै जाँदा अरू कुराको चिन्ता भए पनि मलाई पहिलो रातको कल्पनाले कुत्कुत्याउन थाल्यो। सबैभन्दा अप्ठ्यारो कुरा के थियो भने मलाई पढाउने सरसँग एकै ठाउँमा कसरी सुत्नु ? सरले पहिलो पटक के भन्नुहोला ? सरकी जीवन-सँगिनी भएर माइती आउँदा मानिसले के भन्दा हुन् ? जस्ता कुराले मलाई बढी रोमाञ्चित बनाइरहेको थियो।

विवाहको बिहानै सर अचानक मेरो घर आउनुभयो। विवाहको कुरा चलेदेखि आजसम्म मैले उहाँलाई देख्न पाएकी थिइनँ। भेट हुँदा के भन्ने होला भन्ने पिरले भेट्ने इच्छा पनि थिएन। उहाँ घरमै आएपछि भने मैले जे नचाहेको त्यही कुरा हुन गयो। राति उहाँ यसै घरमा दुलाहा भएर आउँदै हुनुहुन्थ्यो, बिहान सादा पोसाकमा आउँदा कुनै अनिष्ट पो भयो कि भन्ने पिर लाग्यो। हाम्रा आँखा जुधे। पानी पुऱ्याउनु भन्ने आमाको आदेशपछि म सरको अघिल्तिर उभिएँ। उहाँले बस्ने इसारा गर्नुभयो। त्यसपछि उहाँले जे भन्नुभयो त्यो मेरा लागि जीवनभरिकै लागि पुग्ने माया, प्रेम एवं जीवनप्रतिको आस्था सावित भयो।

उहाँले मेरो हात समाएर भन्नुभयो, 'म आफैं शिक्षक, सबैलाई नैतिकता पढाउँछु, तर तिमीलाई एक वचन नसोधी मैले यस्तो निर्णय गरें। यो तिम्रा प्रति अन्याय हो।' कुनै महात्माले गम्भीर अध्यात्मको गाँठो फुकाएसरि उहाँको कुरामा मैले भूत, वर्तमान एवं भविष्य पाउन थाले। उहाँले मलाई घर गएपछि मैले गर्नुपर्ने व्यवहार, मेरो उद्देश्य एवं उहाँको जीवनप्रतिको दृष्टिकोण बुझाउनुभयो। म उहाँले भनेको कुरामा नाइँ-नास्ति गर्ने अवस्थामै थिइनँ। कृष्णको बाँसुरीमा लठ्ठ परेकी राधाझैं भनी, 'एक्लै सुत्ने यो तेरो अन्तिम रात हो। भोलिदेखि त....।' छिल्लिएको हाँसो छर्दै ऊ बाहिर लागी। म आग्लो लगाएर सुतें। म उठ्दा सबैजना मलाई बिदा गर्ने तयारी गर्दै थिए। उठेको करिब २ घण्टापछि म डोलीमा चढें।

सरको घर पुगेपछि विभिन्न कर्म गरिए। मैले जे गरिरहेकी थिएँ, हाम्रो संस्कार एवं संस्कृतिसम्बद्ध कुरा थिए। म एउटी केटीबाट एकैपटक जिम्मेवार बुहारी भैरहेको अनुभव गर्दै थिए।

रात पऱ्यो। मेरो मुटुको ढुकढुकी बढ्यो। मलाई कुनै भारी कुराले किच्न थालेको अनुभव भयो। अघिसम्म म फुर्तिली थिएँ, सरको कोठामा आएपछि अचानक बिरामीझैं भएँ। केही क्षणपछि उहाँ आउनुभयो। कुराकानी सुरु गर्नुभयो। हिजोसम्म उहाँको कुरा म सास रोकेर सुन्थें, आज म उहाँले कुरा नगरी खुरुक्क सुते पनि हुने थियो भनेर कामना गर्न थाले। लामो समयसम्म मैले उहाँको कुराप्रति देखाएको अरुचिबाट उहाँ छक्क पर्नुभयो। कुरा गर्न छाड्नुभयो तर मलाई छेउमा बस्न आग्रह गर्नुभयो। म छेउमा जान सकिनँ। उहाँ आफैं सर्नुभयो। उहाँले मेरो हात समाउनुभयो। मेरो मुटु जोड-जोडले ढुकढुक गर्न थाल्यो। गाला सुमसुम्याउन थाल्नुभयो। अनि अचानक ओठमै चुम्बन गर्नुभयो।

यो कार्य यति छिटो भयो कि म आत्तिएर कराउन पुगें। घरका मानिस उठेको सुनियो। मलाई सार्है लाज लाग्यो। उहाँलाई पनि नराम्रो लाग्यो क्यार, उहाँ मलाई आँखा तर्दै छेउतिर सुत्नुभयो। मैले उहाँसँग माफी माग्न सकिनँ। न त म अब कराउँदिन नै भन्न सकें। निकै बेरपछि मैले उहाँ निदाएको चाल पाएँ। म निराश भएँ। मेरो यो गल्तीको परिणाम के होला भनेर म निकै डराएँ। अन्त्यमा म पनि सुतें। बिहान उठ्दा सर कोठामा हुनुहुन्नथ्यो। आज मेरो विवाह भएको ३ वर्ष बित्यो। हामी दुवैको एउटा डेढ वर्षको छोरा पनि छ। हामी दुवै सुखी छौं तर जब म पहिलो रातको कुरा सम्फन्छु मलाई आफैंप्रति ग्लानि भएर आउँछ।

–सरु

### मेरो सुहागरात

उहाँले जे भन्नुहुन्छ त्यसमा हुन्छ मात्रै भन्दै गएँ। 'आजदेखि तिमी सबैकी गुरुआमा हुँदैछौ, यो उचाइलाई ख्याल राखेर व्यवहार गर्नु।' हिंड्दा-हिंड्दै उहाँले मलाई भन्नुभयो– 'जीवन त्यति सजिलो छैन तर त्यति अप्ठ्यारो पनि छैन।' उहाँ बसेको स्थानमा मैले तातो महसुस गरें। उहाँ गएपछि म निकै बेर टोलाइरहें।

धूमधामसँग हाम्रो विवाह भयो। विवाहको चटारो, आफन्तको धुइरो तथा गर्मीमा विवाह-मण्डपको तातो आगो आदिले म अर्धचेत अवस्थामा थिएँ। अरूले जे गर भने, त्यही गर्दै गएँ। साँझ बरमाला पहिऱ्याएँ। राति सुपाडी खेलें। सरको हातबाट पोते र सिन्दूर लगाएँ। यसरी बिहान ४ बजेतिर सबै कर्म सकियो। मलाई सुत्ने व्यवस्था गरियो। सरलाई कता सुताइयो थाहा भएन। सुत्ने बेलामा एउटी साथीले

## साप्ताहिक साथी



साधारण शिक्षा हासिल गरेका सागर क्षेत्री ५ फिट ५ इन्च अग्ला छन्। २५ वर्षीय सागर मिलनसार छन्। हालसम्म अविवाहित सागर रोजगारीमा संलग्न छन्। उनी मिलनसार, जातीय भेदभाव नराख्ने तथा दुःख-सुखमा साथ दिने केटी साथीको खोजीमा छन्। उनलाई k_kharti8@hotmail.com मा पत्राचार गर्न सकिन्छ।



पत्रमित्रतामा रुचि राख्ने गहुँगोरो वर्णका शीतल पौड्याल व्यापारमा संलग्न छन्। प्रवीणता प्रमाणपत्र तह अध्ययन गरेका शीतल मिजासिलो स्वभावका छन्। ५ फिट ५ इन्चका शीतल दुःख सुखमा साथ दिने, हँसिलो स्वभावका साथीको खोजीमा छन्। उनलाई पोस्ट बक्स नम्बर- २१३९१, सुन्धारा, काठमाडौंमा पत्राचार गर्न सकिन्छ।



संगीत सुन्ने तथा पत्रचार गर्ने रुचि भएका डिल्लीबहादुर वागचन्द २२ वर्षका छन्। ५ फिट ७ इन्च अग्ला डिल्ली सैनिक सेवामा आबद्ध छन्। हालसम्म अविवाहित डिल्ली गम्भीर स्वभावका व्यक्ति हुन्। उनी सादा जीवन तथा उच्च विचार राख्ने एवं धनको घमन्ड नगर्ने व्यक्तिसँग मित्रता गाँस्न चाहन्छन्। डिल्लीलाई रिपिटर टावर ताप्लेजुङमा पत्राचार गर्न सकिन्छ।

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................................

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव :............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ............................वर्ण : ............................

इमेल : ..........................................................................

ठेगाना :..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

**नोट : तस्बिर र नगद रु. ५०/- अनिवार्य छ। आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।**

# बोलबम ! बोलबम ! ! बोलबम ! ! !

धरान- साउन महिनामा गेरुवस्त्रधारीहरू हरेक ठाउँ भेटिन्छन्। हिन्दू धर्मावलम्बीहरू भगवान् शिवको प्रिय महिना साउनको प्रत्येक सोमबार नेपाल तथा भारतका प्रसिद्ध तीर्थस्थलहरूको दर्शन गर्न तीर्थाटनमा निस्कन्छन्। आ-आफ्ना कामलाई थाँती राख्दै बोलबम यात्रामा निस्किएकाहरूलाई यो महिना सहर तथा सडकभर प्रशस्तै देख्न सकिन्छ।

परिवारसहित पिण्डेश्वर बाबाधाम, धरानमा भेटिएकी रंगेली, मोरङकी सुशीला सरदार पहिलोपटक बोलबम आएकी हुन्। परिवारसहित आएकी सुशीला बराहक्षेत्रबाट बोकी ल्याएको सप्तकोसीको जल यहाँ चढाए भगवान् शिवजी खुसी भई मनोकांक्षा पूरा गरिदिने र पुण्य प्राप्त हुने विश्वास व्यक्त गर्छिन्। निरन्तर पाँचौं वर्ष पनि धरान-१६ का विजय श्रेष्ठले चतराबाट सप्तकोसीको जल ल्याई पिण्डेश्वर बाबाधाममा चढाए। श्रेष्ठ भन्छन्- 'कुनै पाप गरिएछ भने पनि त्यो पाप काटिनेछ।'

सुशीला र विजय मात्र होइनन्, साउनको तेस्रो सोमबार एक लाखभन्दा बढी तीर्थालुले प्राचीन रुद्राक्षरण्य क्षेत्रमा जल चढाएको पिण्डेश्वर बाबाधाम समितिका सचिव विकास बनेपाली बताउँछन्। आषाढ शुक्ल पूर्णिमादेखि श्रावण शुक्ल पूर्णिमासम्म यहाँ जल चढाउने बोलबम तथा स्थानीयबासी 'लोकल बम'हरूको ठूलो



भीड लाग्ने गरेको छ। गत सोमबार विजयपुरस्थित मन्दिर परिसरबाट सुरु भएको तीर्थालुहरूको लस्कर भानुचोकसम्म पुगेको थियो। 'अत्याधिक भीडकै कारण आइतबार बेलुकी ९ बजेदेखि नै पूजा तथा जल अर्पण प्रारम्भ गऱ्यौं,'- सचिव बनेपालीले बताए। बेल-पत्र, धतुरो, जल, दूध, नरिवल बोकेर सोमबार साँझ ७ बजेसम्म दर्शनार्थीहरू लामबद्ध देखिन्थे।

१४ जनाको समूहमा राजविराज, सप्तरीबाट बोलबम आएकी तारा भुजेलले ७ घन्टाको पर्खाइपछि बल्ल शिवजीको दर्शन गर्ने मौका पाइन्। पहिलोपल्ट बोलबम आएकी शिवभक्त भुजेल भन्छिन्- 'धैर्यताको फल मीठो हुन्छ।' उनले प्रत्येक तीज पिण्डेश्वरमै मनाउँदै आएकी छिन्। पिण्डेश्वर बाबाधाममा जल चढाए विश्वभरका सबै शिवालयमा जल चढाए बराबरको फल प्राप्त हुने विश्वास गरिन्छ। नेपालमै पहिलोपल्ट यहाँ जल चढाउने चलन केही स्थानीय युवाहरूबाट वि.सं.२०३९ सालमा प्रारम्भ भएको हो। बर्सेनि करिब ३ लाख तीर्थालुले यहाँ जल चढाउँदै आएका छन्। यसपालि त्यो संख्या अझ बढ्ने विश्वास गरिएको थियो, तर तराईमा आएको बाढी तथा प्रत्येक दिन राजमार्ग बन्द भै यात्रा असुरक्षित हुनाले बोलबम यात्रीको संख्या ३ लाखकै हाराहारीमा रहन सक्ने बाबाधाम समितिका सदस्य सुयोग पाखिनले बताए। बोलबममा तराईवासीहरूको बाहुल्य रहँदै आएको छ।

धरानबाट १६ किलोमिटरको दूरीमा रहेको चतरा गै आइतबार नै तीर्थालुहरू भजनकीर्तन गर्छन्। सप्तकोसीबाट छुट्याइएको नहरमा डुंगा चढेर रमाइलो गर्छन् अनि खाली खुट्टा दुई घन्टा पैदल यात्रा गरी धरान आएर जल चढाउँछन्। बोलबम ! बोलबम !! को आवाजले रातभरि धरान-चतराबीचको पूरै जंगल गुञ्जायमान हुन्छ। धैर्य गरी घन्टौं लाइन लाग्नेहरू शिवजीको दर्शन गर्न पुग्छन् भने हतार गर्नेहरू सरस्वती कुण्डमै जल चढाई फर्कन्छन्। गेरु वस्त्रमा चतराबाट दौडँदै मन्दिर आइपुग्ने तीर्थालुलाई 'डाँक बम' भनिन्छ। उनीहरूले शिवलिंगको दर्शनका निम्ति लाइनमा बस्नु पर्दैन। घरबाटै जल लगेर चढाउन जाने धरानबासीहरूको भीड पनि ठूलै हुन्छ। उनीहरूलाई 'लोकल बम' भनिन्छ। नेपाल, भारत तथा भुटानका हिन्दू धर्मावलम्बीहरूको बोलबममा बाक्लो सहभागिताले धरानलाई धार्मिक पर्यटकीय सहरका रूपमा पनि स्थापित गर्दै लगेको छ।

**-राजु घिसिङ**

# नेपालमा खेलकुदको विकासका लागि के गर्नुपर्छ ?

खेलकुदसँग सम्बद्ध संघ-संस्थाहरू मिलेर अघि बढ्नुपर्छ।

**केशव परियार** (२१), **पदमपुर, चितवन**

विदेशी खेलाडी झिकाउनुपर्छ, होइन भने खेलाडीहरूलाई शक्तिबर्द्धक औषधी ख्वाउनुपर्छ, राजेन्द्र भण्डारीलाई जस्तै।

**पाल्देन तामाङ** (१७), **चावहिल**

हालको चलखेल मन्त्रालयलाई खेलकुद मन्त्रालयमा बदल्नुपर्छ।

**गजेन्द्र थापा** (२१), **बेताली, रामेछाप**

खेलकुदका लागि आएका अनुदान तथा बजेटको सही सदुपयोग गर्नुपर्छ।

**सम्पूर्ण प्रजापति, थिमी**

राष्ट्रभरि नै विभिन्न प्रतियोगिता सञ्चालन गर्नुका साथै खेलाडीलाई बढी प्राथमिकताका साथै अवसर एवं हौसला प्रदान गर्ने हो भने अवश्य विकास हुन्छ।

**सचिन्द्र श्रेष्ठ, बाग्लुङ**

राम्रो प्रशिक्षण दिनुपर्छ तथा खेलाडीलाई युवतीको पछि लाग्न दिनुहुँदैन।

**प्रवीण ज्ञवाली** (२०), **मित्रनगर, काठमाडौं**

खेलाडीलाई राम्रो प्रशिक्षण एवं व्यवस्थित खेलमैदान उपलब्ध गराउनुपर्छ।

**उद्धवकुमार थापा** (१९), **काठमाडौं**

आफ्नो भविष्य धेरै पढेर मात्र बनाउनुपर्छ भन्ने छैन। आफ्नो लक्ष्य र इच्छा जेमा छ त्यही काम गरेर पनि आफ्नो सपना साकार र भविष्य निर्माण गर्न सकिन्छ- कोही पढाउन सिपालु छन् त कोही चलाउन त कोही खेल्न र खेलाउन। यो संसारमा पनि धेरैले आफ्नो नाम र दाम खेलबाटै कमाइसकेका छन्। खेलकुदको विकास गर्न पहिले त खेलाडीहरूलाई सकेसम्म तालिम दिनुपर्छ।

**सोनिका अधिकारी** (१५), **काठमाडौं**

तल्लो तहबाटै प्रभावकारी कार्यक्रम लागू गर्नुपर्छ।

**निर्मल पुनित बिष्ट, काठमाडौं**

सरकारी स्तरबाट बजेटको उचित व्यवस्था र जिल्लाजिल्लाबाट खेलाडीको छनौटका साथै खेलकुदसम्बन्धी उचित वातावरण सिर्जना गरिदिए विकास हुन्छ।

**प्रदीप थापा** (२०), **ओखलढुंगा**

खेल्ने-कुद्ने काम गर्नुपर्छ।

**लेखराम सापकोटा** (२४), **मलेसिया**

प्रशस्त बजेट छुट्याउनुपर्छ, सानै उमेरदेखि खेलमा रुचि भएकाहरूलाई स्तरीय तालिम दिनुपर्छ। सबैभन्दा ठूला कुरा खेलकुदलाई राजनैतिक अखडा नबनाई ठोस कार्यक्रम अगाडि ल्याउनुपर्छ।

**रेशमकुमार सुनुवार, काठमाडौं**

विदेशमा विविध खेलकुद प्रतियोगिता हुँदा खेलाडीभन्दा पदाधिकारी बढी जाने परिपाटी हटाए खेलकुदको विकास गर्न सकिन्छ।

**अनिल पोखरेल** (२०), **सुनसरी**

खेलकुदमा राजनीति नगरी खेलाडी र प्रशिक्षकको मनोबल उच्च राख्नुपर्छ।

**प्रज्वलकुमार भट्टराई** (२४), **ललितपुर**

खेलाडीहरूप्रति पर्याप्त ध्यान दिनुपर्छ। के चाहेका छन् हाम्रो खेलाडीहरूले... ?

**लक्ष्मण लामा** (२२), **वीरगन्ज**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. महिलाहरूलाई ३३ प्रतिशत आरक्षण कति उचित हो, किन ?
२. तपाईं प्रधानमन्त्री भए के गर्नुहुन्छ ?
३. केटा र केटीका लागि विवाह गर्ने उचित उमेर कुन हो ? किन ?
४. बुद्धि ठूलो कि बल ? किन ?
५. देशभक्ति के हो ?
६. देशबाट हिंसा अन्त्य गर्न के गर्नुपर्छ ?
७. के स्वर्ग-नर्क भन्ने कुरा हुन्छ ? कस्तो हुन्छ वा किन हुँदैन ?
९. अहिलेकी आकर्षक (सेक्सी) नेपाली नायिका को हुन् र किन ?
९. प्रेममा धोका हुने कारण के हो ?
१०. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
११. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?

सम्बन्धित निकायले ध्यान दिनुपर्छ र हरेक खेल आधुनिक किसिमले सञ्चालन गर्नुपर्छ।

**गोकर्ण लामिछाने** (१७), **काठमाडौं**

स्टिभ वालाई क्रिकेट कोच र म्याराडोनालाई फुटबल कोच बनाउनुपर्छ।

**समर्पण भट्टराई, जनकपुर**

सरकारको नीति स्पष्ट हुनुपर्छ तथा खेलाडीलाई पर्याप्त मात्रामा आर्थिक स्रोत उपलब्ध गराउनुपर्छ।

**उत्तम के. भट्टराई** (१८), **स्याङ्जा**

नियमित प्रशिक्षण, निष्पक्ष छनौटका साथै खेलकुदमा लाग्नेहरूको भविष्य उज्ज्वल बन्ने कुरा सुनिश्चित हुनुपर्छ।

**सुविन श्रेष्ठ, हेम्जा, पोखरा**

नेपाल गरिब राष्ट्र भएकै कारण खेलकुदको विकासमा बाधाहरू आइरहेका छन्। सीमित स्रोत तथा साधनकै बलमा उचित योजना बनाई सही सदुपयोग गरे खेलकुदको विकास हुन्छ।

**राना रमेश, हरिवन-१, सर्लाही**

सबैले होस्टेमा हैंसे गरेर अघि बढ्नुपर्छ।

**वैद्यनाथ कोइराला** (२८)

पहिलो कुरा त खेलकुदमा राजनीति हाबी हुनुहुँदैन, खेलाडीहरूलाई राम्रो सुविधा एवं तालिम दिन सक्नुपर्छ।

**मोदक राई** (२६), **हात्तीगौंडा, काठमाडौं**

अनुशासन अनि अभ्यासमा जोड दिनुपर्छ।

**कमल जी.सी.** (२३), **खोटाङ**

विद्यालयतहदेखि गाविस, जिल्ला, अञ्चल र राष्ट्रिय स्तरका प्रतियोगिता आयोजन गर्दै जानुपर्छ।

**हरिराम दाहाल** (२०), **संखुवासभा**

खेलकुदप्रेमी जनतालाई सडकमा पठाई टायर बाल्न लगाउने, ढुंगामुढा बर्साउने, त्यसपछि मात्र खेलकुद विकासका लागि केही रकम छुट्टिन सक्छ।

**कमल निश्चल** (२०), **स्याङ्जा**

सबै खेलाडीलाई शक्तिवर्द्धक औषधी दिनुपर्छ।

**जयराम भट्टराई, जनकपुर**

राष्ट्रिय स्तरका खेलाडीलाई सबै सुविधा दिए विकास होला नि।

**kb2004.kamal@gmail.com**

उचित बजेट निकास गरी आधारभूत आवश्यकताहरू पूरा गरिनुपर्छ।

**राम त्रिपाठी**, (२७), **सर्लाही**

खेलाडीहरूको मनोबल बढाउने तथा गुणस्तरीय खेलमा विशेष जोड दिने।

**लिला लामा, रंगपुर-५ रौटहट**

स्थानीय स्तरका खेलाडीहरूलाई अघि सारे पक्कै विकास हुन्छ।

**गंगाराम न्यौपाने** (१७), **स्याङ्जा**

राष्ट्रिय स्तरबाट बृहत् योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्छ।

**लेखनाथ न्यौपाने**

खेलकुदलाई व्यवसायीकरण गऱ्यो भने विकास हुन्छ कि ?

**अमृत मगर, पाल्पा**

हत्तेरिका, नेपाल यति गरिब छ कि एक टिम फुटबल खेलाडीका लागि १-१ वटा बल दिन सक्दैन भने कसरी विकास सम्भव छ ?

**सन्तोष न्यौपाने**

सम्पादकज्यू, आफू त गाउँले परियो फुटबल, क्रिकेटजस्ता खेल घरको आँगनबारीमा खेलेर नहुँदो रहेछ। बाँकी कुरा थाहा छैन।

**गमु संगाली**, २१), **स्याङ्जा**

नातावाद तथा कृपावाद हटाई क्षमता एवं प्रतिस्पर्धाका आधारमा खेलाडी छनौट गर्नुपर्छ।

**कविर उदासी**

खेलप्रति चासो देखाउने, सधैं सक्रिय खेलाडीलाई बढीभन्दा बढी सुविधा प्रदान गर्ने।

**प्रतिमा श्रेष्ठ**

राम्रा खेलाडी छान्नुपऱ्यो, पूर्व राष्ट्रिय खेलाडीलाई मात्रै खेलकुद मन्त्री मनोनयन गर्नुपऱ्यो अनि खेलकुदमा राजनैतिक प्रभाव पर्न दिनुभएन।

**मदन मल्ल** (१९), **काठमाडौं**

बर्सेनि राम्रा खेलाडी बिदेसिएका छन्। खेलाडीका लागि तलब-भत्ता अनि विभिन्न सुविधा छुट्याउन सक्नुपर्ने हो। खेलाडीले व्यक्तिगत खर्च गरेर राष्ट्रका लागि खेल्न सक्दैन। सरकारले पदक जिते पनि न कुनै ठूलो रकमको व्यवस्था गर्छ न कुनै प्रोत्साहन अनि खेल जीवन त्याग गरेर विदेशी भूमिमा आफ्नो भविष्य खोज्न तल्लिन देखिन्नन् त खेलाडीहरू ?

**मनिक न्यौपाने, गोरखा**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म २१ वर्षीया विवाहित महिला हुँ। मेरो श्रीमान् म भन्दा १ वर्ष मात्र जेठो हुनुहुन्छ। हाम्रो विवाह भएको ४ वर्ष भैसक्यो। हामीले तत्काल सन्तान जन्माउने निर्णय गरेका छैनौं, तर अहिले आएर ममा यौनचाहना नै हराएर गएको छ। अब फेरि त्यो चाहना ममा कहिल्यै पनि आउँदैन ? यो कुनै रोग हो कि ? म यस विषयमा निकै चिन्तित छु। यसका लागि के गर्ने होला ?**

**–एम.**

**उत्तर** : हामीलाई थाहै छ, सबैमा यौनचाहना स्वाभाविक रूपमै हुन्छ, तर सबै व्यक्तिमा यो एकै स्तरको हुँदैन। यो कसैमा बढी हुन्छ भने कसैमा कम। यो व्यक्तिअनुसार फरक पर्ने कुरा भयो। त्यसै गरी यो एकै व्यक्तिमा पनि कम-बढी हुनसक्छ। तपाईलें यौनचाहना कम भएको कुरा त गर्नुभएको छ तर यस विषयमा विस्तृत जानकारी भने दिनुभएको छैन। यससँग सम्बन्धित कुनै लक्षण भए-नभएको पनि केही लेख्नुभएको छैन। सक्दो बढी जानकारी दिनुभए समस्या पहिचान गर्न सजिलो हुने थियो, तर पनि महिलामा यौन चाहनामा हुने कमीका कारणहरूका सम्बन्धमा केही चर्चा गरौं।

**महिलामा यौनसम्पर्क राख्ने चाहना नहुनुको कारण के होला ?**

कुनै व्यक्तिमा यौन उत्तेजना नै सुरु नहुनु वा यौन सन्तुष्टि गर्न बाधा पार्ने कुनै पनि कुराका शारीरिक, मानसिक वा दुवै कारण हुन सक्छन्। विशेष गरेर महिलाको सन्दर्भमा भन्ने हो भने पाठेघर वा वरिपरि संक्रमण भए यौनसम्पर्क पीडापूर्ण हुने भएकाले यौनसम्पर्क गर्ने कुरामा रुचि कम हुँदै जाने नै भयो। केही दीर्घरोगको पनि यस्तो प्रभाव पर्न सक्छ। तपाईंले पत्रमा त्यस्तो कुनै कुरा उल्लेख गर्नुभएको छैन।

यी मुख्य शारीरिक कारणहरूबाहेक प्रायःजसो अवस्थामा सामान्य रूपमा यौन क्रियाकलाप गर्न नसक्नुको पछाडि मानसिक कारण हुन सक्छन्। यौनप्रतिको गलत मानसिकता त्यसको प्रमुख कारण हुनसक्छ। यौन क्रियाकलाप नै खराब हो भन्ने प्रभाव कसैलाई परेको छ भने ऊ सहजै यौनक्रियाकलापमा संलग्न हुन सक्दैन। यौनसम्बन्धी मूल्य-मान्यताको विकास हुँदा यदि मनमा गहिरो प्रभाव परेको छ भने यसलाई परिवर्तन गर्न सकिँदैन, तर तपाईंले यस्ता कुरा पनि भएको संकेत दिनुभएको छैन। हामीलाई थाहै छ कि मस्तिष्क यौन उत्तेजना सुरुवात हुने सबैभन्दा प्रमुख अंग हो। आफैंभित्र मानसिक विरोधाभास भए यस्तो परिस्थिति आउन सक्छ। यौन दुर्व्यव्यवहार, बलात्कार वा कुनै आदरणीय व्यक्तित्वबाट यौन शोषणजस्ता निकै दुःखपूर्ण अर्थात् आघातपूर्ण पूर्व यौन अनुभूतिहरूवाट गुज्रनुपरेको छ भने यौनप्रति सकारात्मक सोचाइ हुने कुरै भएन। कतिपय महिलालाई त पुरुष जातिप्रति नै घृणा उत्पन्न भएको हुनसक्छ। त्यसैगरी आत्मसम्मान पर्याप्त मात्रामा नहुँदा पनि आफूलाई अपूरो मान्ने, हीन भावनाले ग्रसित अवस्था पनि यसका कारण हुन सक्छन्। तपाईंले यी विषयमा पनि केही लेख्नुभएको छैन।

त्यसबाहेक दैनिक जीवनमा आईपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाई, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पतीबीचको तनाव आदि यसका कारण हुन सक्छन्। यो तपाईंको पारिवारिक जीवनका अन्य कतिपय कुरासँग पनि सम्बन्धित हुनसक्छ। यदि त्यस्तो हो भने तपाईंलाई नै सबैभन्दा बढी थाहा हुने भएकाले त्यसैअनुसार समाधानको बाटो खोज्नुपर्ने हुन्छ। अन्य कुनै रोगको उपचारका क्रममा कुनै औषधी प्रयोग गर्नुभएको भए त्यो यौन क्रियाकलापमा प्रभाव पार्ने खालको छ-छैन, विचार गर्न नबिर्सनु होला। यस्तो केही भएको जानकारी दिनुभएको भए समस्या पहिचान गर्न सकिन्थ्यो।

**के तपाईलाई इच्छा नै नभएको हो त ?**

कुनै व्यक्ति यदि भयका कारणले यौनसम्पर्कमा संलग्न हुँदैन भने त्यसलाई Sexual Aversion भनिन्छ भने इच्छा नै नभै यौनसम्पर्क नराख्नुलाई Inhibited Sexual Desire भनिन्छ। यो अवस्थामा यौन क्रियाकलापमा संलग्नता पनि कम हुन्छ भने यौन क्रियाकलापमा संलग्न हुने इच्छा पनि कम हुन्छ। यसरी इच्छा नै कम हुँदा यौनसपना (स्वप्नदोष), यौन परिकल्पना, यौन उत्तेजक कुराप्रति ध्यान वा आकर्षण, यौन क्रियाकलापप्रतिको चाहनाको सचेतनता, आकर्षण, सम्भावित यौन साथी देख्नु, यौन क्रियाकलाप गर्न नपाएकोमा हताश हुनेजस्ता कुरा पनि हुँदैनन् वा कम हुन्छन्। यस्तो अवस्थामा रुचि नै कम हुने भएकाले यौन क्रियाकलापको सुरुवात पनि नगर्ने हुन्छन् भने अर्कोले सुरु गर्दा पनि उक्त कुरालाई सजिलै स्वीकार गर्दैनन्। यी सबै भए पनि शारीरिक रूपमा यौनसम्पर्क राख्न सक्षम हुन्छन्।

**समाधान के होला ?**

तपाईंले अहिले आएर यौन चाहना कम भएको कुरा गर्नु भएको छ, जसको अर्थ पहिले तपाईंले अपेक्षा गरेअनुरूपकै थियो भन्ने कुरा स्पष्ट हुन्छ। तपाईंले श्रीमान्सँगको सम्बन्धका बारेमा पनि खासै लेख्नुभएको छैन अर्थात् सम्बन्धको सुमधुरतामा कुनै परिवर्तन आए-नआएको कुरामा पनि मौन नै हुनुहुन्छ। सन्तान जन्माउने निर्णय गरी नसकेको कुरा त गर्नुभएको छ तर यस विषयमा श्रीमान् र तपाईंबीच कुनै गम्भीर मतभेद छ-छैन, लेख्नुभएको छैन। यदि त्यस्तो केही कुरा छ भने त्यसैअनुसार यसलाई कम गर्ने प्रयास गर्नुपर्छ। यी कुरामा तपाईं नै बढी जानकारी राख्ने स्थितिमा हुनुहुन्छ।

त्यसबाहेक दैनिक जीवनमा आईपर्ने तनावहरू जस्तै चिन्ता, निराशा, थकाइ, अन्तरव्यक्ति सम्बन्धको चिसोपन तथा दम्पती बीचको तनाव आदि यसका कारण हुन सक्छन् भने त्यसलाई पनि राम्रोसँग केलाएर समाधानतिर लाग्नुपर्ने हुन्छ। अझै तपाईंका कतिपय कुरा पारिवारिक जीवनका अन्य पक्षसँग सम्बन्धित हुन सक्छन्। यदि कुनै त्यस्ता कारण भए पक्कै तपाईंले त्यसलाई हटाउने प्रयास गर्नु नै हुनेछ।

त्यसबाहेक आफूमा कुनै शारीरिक लक्षण भेट्टाउनुभएको भए वा कुनै औषधी प्रयोग गर्नुभएको भए त्यसको नकारात्मक प्रभाव यौन रुचिमा छ वा छैन भन्ने कुरा पत्ता लगाउन र समाधान गर्न स्त्रीरोग विशेषज्ञसँग सम्पर्क राख्नुपर्ने हुन्छ। अन्तमा के भनौं भने समस्याको कारण पत्ता लगाउन सके समाधान पनि हुनेछ।

# रोजगारमूलक शिक्षामा केन्द्रित छ पूर्वाञ्चल विश्वविद्यालय

पृष्ठ ७ बाट जारी

(डेरी), ५ वर्षे भेटेरिनरी साइन्स एन्ड एनिमल हजबेन्ड्री आदि विषयमा अध्यापन गराइन्छ। विज्ञान संकायअन्तर्गत २ वर्षे स्नातकोत्तरमा कम्प्युटर एप्लिकेसन, मिट टेक्नोलोजी, डेरी टेक्नोलोजी, इन्फर्मेसन सिस्टम इन्जिनियरिङ, इन्जिनियरिङ म्यानेजमेन्ट, अर्बान डिजाइन इन कन्जरभेसन, एग्रीकल्चर बिजनेस म्यानेजमेन्ट, इन्भाइरोमेन्ट एन्ड रिसोर्स म्यानेजमेन्ट तथा एमई अर्थक्वेकमा शैक्षिक पाठ्यक्रम सञ्चालनमा छन्।

मेडिकल एन्ड एलाइड साइन्स संकायअन्तर्गत स्नातक तहमा २ वर्षे पोस्ट बेसिस नर्सिङ, ३ वर्षे पब्लिक हेल्थ, ४ वर्षे बीएस्सी नर्सिङ, फार्मेसी, साढे ५ वर्षे ब्याचलर अफ होमियोप्याथिक मेडिसिन एन्ड सर्जरी पाठ्यक्रममा अध्यापन गराइन्छ।

व्यवस्थापन संकायअन्तर्गत स्नातक तहमा ४ वर्षे बिजनेस एडमिनिस्ट्रेसन, ३ वर्षे कमर्स स्टडिज, ट्राभल एन्ड टुरिज्म, होटल म्यानेजमेन्ट, फेसन डिजाइन, ४ वर्षे हस्पिटालिटी एन्ड क्याटरिङ र ३ वर्षे इन्टेरियर डिजाइन पाठ्यक्रम छन्। यसैगरी विश्वविद्यालयले २ वर्षे स्नातकोत्तरमा 'एक्जुकेटिभ मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन' सञ्चालन गरेको छ।

## काठमाडौंमा आंगिक क्याम्पस सञ्चालन गर्न किन नदिने ?

**पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गत सम्बन्धन लिएका ५० भन्दा बढी कलेज काठमाडौंका छन्। त्यस्तै पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिनेमध्ये सबैभन्दा धेरै १२ वटा कलेज पनि काठमाडौंमै छन्। सुरुमा त्रिभुवन विश्वविद्यालयको भार कम गर्ने भनेर पूर्वाञ्चल र पोखरालाई क्षेत्रीय विश्वविद्यालयको अवधारणामा स्थापना गर्ने भनेर ऐन तयार भए पनि पछि त्यो सम्भव हुन सकेन। त्रिभुवन विश्वविद्यालयको पर्याप्त सुविधा छोडेर प्राध्यापक र कलेज आफैं पनि क्षेत्रीय विश्वविद्यालयमा जान तयार भएनन्। त्यस कारण हुनसक्छ ऐन पारित हुँदा आफ्नो क्षेत्रबाहिर आंशिक कलेज स्थापना गर्न नपाए पनि सम्बन्धन अधिराज्यभर दिन पाउने भनेर उल्लेख गरियो। अहिले दुवै विश्वविद्यालयले काठमाडौंका कलेजलाई सम्बन्धन दिन पाए पनि आफैंले आंगिक कलेज सञ्चालन गर्न पाएका छैनन्। यसको प्रत्यक्ष फाइदा निजी कलेजहरूलाई भएको छ। उनीहरूले विद्यार्थीहरूबाट मोटो रकम खल्तीमा हाल्न पाएका छन् भने अर्कातर्फ पोखरा र विराटनगरमा सञ्चालित आंशिक क्याम्पसमा विद्यार्थी भर्ना सङ्ख्या न्यून भएकाले आंगिक क्याम्पस आफ्नै कमाइले बाँच्न सक्ने अवस्थामा छैनन्। विश्वविद्यालयको आम्दानी बढाउने हो भने काठमाडौंमा आंशिक क्याम्पस सञ्चालनको अनुमति दिइनुपर्ने विज्ञहरू बताउँछन्।**

यही विषयमा दूर शिक्षा पनि सञ्चालन गरिएको छ। यसबाहेक २ वर्षे मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन, टुरिज्म स्टडिज, पब्लिक एडमिनिस्ट्रेसन, होटल एन्ड हस्पिटालिटी म्यानेजमेन्टमा पनि कक्षा सञ्चालन हुँदै आएको छ।

मानविकी संकायअन्तर्गत ३ वर्षे स्नातक तहमा ब्याचलर अफ आर्ट्स, मिडिया टेक्नोलोजी, जर्नालिज्म एन्ड मास कम्युनिकेसन, लिबरल आर्ट्स एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्कजस्ता विषयमा अध्यापन गराइन्छ। यसैगरी एकवर्षे पोस्ट ग्याजुएट डिप्लोमामा पिस एन्ड कन्फ्लिक्ट जर्नालिज्म, साईको-सोसियल इन्टरभेन्सन, रुरल इकोनोमिक्स, डेभलपमेन्ट एन्ड प्लानिङ स्टडिजका शैक्षिक कार्यक्रम स्वीकृत गरिए पनि सञ्चालनमा छैनन्। २ वर्षे स्नातकोत्तर तहमा सोसियोलोजी एन्ड एन्थ्रोपोलोजी, पपुलेसन म्यानेजमेन्ट एन्ड रुरल डेभलपमेन्ट, मास कम्युनिकेसन एन्ड जर्नालिज्म, रुरल डेभलपमेन्ट प्लानिङ एन्ड जनरल स्टडिज, रिजनल डेभलपमेन्ट प्लानिङ एन्ड म्यानेजमेन्ट, डेभलपमेन्ट कम्युनिकेसन, सोसियल वर्क, डेभलपमेन्ट स्टडिज आदि विषयमा अध्यापन गराइन्छ। विश्वविद्यालयले नेपालमा पहिलो पटक द्वन्द्व व्यवस्थापनमा पोस्ट ग्याजुएटको पाठ्यक्रम स्वीकृत गरेको छ, तर सञ्चालनमा आएको छैन।

विश्वविद्यालयले शिक्षाशास्त्रमा पनि १ वर्षे र ३ वर्षे स्नातक तह अध्यापन गराउँदै आएको छ। एकवर्षेमा दूरशिक्षाको प्रावधान पनि छ। यसबाहेक शिक्षाशास्त्रमा स्नातकोत्तर कक्षा पनि सञ्चालन हुन्छ।

पूर्वाञ्चल विश्वविद्यालयले कानुन विषयको पाठ्यक्रम पनि सञ्चालन गर्दै आएको छ, जसअन्तर्गत काठमाडौं र वीरगञ्जमा कानुनमा स्नातक तह (एलएलबी) अध्यापन हुन्छ। प्लस टु उत्तीर्ण गरेका विद्यार्थीले कानुनको ५ वर्षे (एलएलबी) स्नातक तह अध्ययन गर्ने अवसर पाउँछन्। विश्वविद्यालयअन्तर्गत 'काठमाडौं स्कुल अफ ल' ले कानुनमा एलएलएमको दुईवर्षे पाठ्यक्रममा पनि अध्यापन गराउँछ। मानवअधिकार, लैंगिक समानता, द्वन्द्व व्यवस्थापनजस्ता विषयका कक्षा कानुन संकायअन्तर्गत सञ्चालनमा छन्।

विश्वविद्यालयले स्नातक तहदेखि मात्र अध्यापन गराउँदै आएको छ। एसएलसीपछि प्लस टुको अध्ययन लोकप्रिय भएकाले विश्वव्यापी ट्रेन्डअनुरूप स्नातकदेखि माथिका कक्षा मात्र सञ्चालन गरिएको विश्वविद्यालयले जनाएको छ। विद्यार्थीको क्षमता अभिवृद्धिका लागि घोकन्ते शिक्षामा भन्दा पनि वस्तुपरक अध्ययनमा जोड दिइएको छ। विश्वविद्यालयले अहिलेदेखि नै अन्तर्राष्ट्रिय स्तरका विश्वविद्यालयसँग प्रतिस्पर्धा गर्ने पाठ्यक्रमको विकास गरेको जिकिर गरेको छ।

## जन्मदिनको शुभकामना


अनुभव श्रेष्ठ
२०६३ साउन २५


विनिता भण्डारी
२०५७ साउन २६


रोजलखोजु श्रेष्ठ
२०६२ साउन ३१


नितेश अर्याल
२०६३ साउन २५


प्रज्ञान न्यौपाने
२०५७ साउन २६


गंगा मगर
२०६३ साउन २५


प्राची शाही
२०५९ साउन ३१


भूमिका श्रेष्ठ
२०६२ साउन २६



जोयस घिमिरे
२०६१ साउन २८


ओम धामी
२०६० साउन ३०


रेविस्का श्रेष्ठ
२०६१ साउन २६



सम्झना न्यौपाने
२०५८ साउन २६


सन्देश पराजुली
२०५८ साउन ३१


अरुण सेढाईं
२०५२ साउन २९


विनिश भट्टराई
२०६२ साउन २८


सुप्रिम बज्राचार्य
२०६१ साउन २५


प्रिन्सु तिवारी
२०६० साउन २९


सरिना श्रेष्ठ
२०५९ साउन ३१

### जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................

स्कुल :........................................

ठेगाना : ........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ।

# कहाँ कति खर्च ?

प्रवेशिका तह उत्तीर्ण गरेपछि क्याम्पस पढ्न कति खर्च लाग्छ भन्ने विषयमा अभिभावक एवं विद्यार्थी दुवैलाई ठूलो चिन्ता र चासो हुन्छ। अझ अभिभावकहरूले त आर्थिक क्षमताको लेखाजोखा गरी आफ्ना नानीहरूलाई उपयुक्त क्याम्पसमा भर्ना हुन सल्लाह दिन्छन्। यसै परिप्रेक्ष्यमा कुन शिक्षण संस्थामा भर्ना हुन र अध्ययन गर्न कति खर्च लाग्छ ? बुझ्नु आवश्यक छ। पछिल्लो अवधिमा शुल्क महँगो हुने शैक्षिक संस्थामा मात्र स्तरीय अध्यापन हुन्छ भन्ने भ्रम फैलिएको छ।

प्रवीणता प्रमाणपत्र तह अध्ययनका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गतका सरकारी एवं निजी क्याम्पस तथा काठमाडौं विश्वविद्यालयमा विषय हेरी भर्ना र शिक्षण शुल्क निर्धारण गरिएको छ। यसका साथै विभिन्न शुल्कहरू पनि आ-आफ्नै नियम र आवश्यकता बमोजिम निर्धारण गरी लागू गरिएको पाइन्छ।

काठमाडौं विश्वविद्यालय-अन्तर्गत सञ्चालित विज्ञान विषयमा प्रमाणपत्र तहका लागि प्रथम वर्षमा ४१ हजार रुपैयाँ र दोस्रो वर्षमा २३ हजार २ सय ५० रुपैयाँ गरी कुल ६४ हजार २ सय ५० रुपैयाँ खर्च लाग्छ। त्रिभुवन विश्वविद्यालयअन्तर्गत सोही विषय र तहको २ वर्षे अध्ययन पूरा गर्न अधिकतम ३ हजार रुपैयाँ लाग्छ। त्यस्तै त्रिभुवन विश्वविद्यालय अन्तर्गतकै निजी क्याम्पसमा ५ हजार रुपैयाँ शुल्क लाग्छ भने अन्य शुल्क कलेजअनुसार फरक छ।

त्रिभुवन विश्वविद्यालय-अन्तर्गतका आंगिक क्याम्पस र सम्बन्धनप्राप्त निजी क्याम्पसहरूले क्याम्पस विकास शुल्क आ-आफ्नो आवश्यकता बमोजिम लिने गरेका छन्। यसैगरी अध्ययन संस्थान अन्तर्गत त्रिभुवन विश्वविद्यालयमा इन्जिनियरिङ विषय अध्ययन गर्न नियमिततर्फ भर्ना हुन ५ हजार रुपैयाँ र शिक्षण शुल्क ८ हजार ४ सय रुपैयाँ गरी जम्मा १३ हजार ४ सय रुपैयाँ र पूर्ण कार्यक्रमअन्तर्गत भर्ना ४५ हजार रुपैयाँ, शिक्षण शुल्क १२ हजार रुपैयाँ गरी ५७ हजार रुपैयाँ खर्च लाग्छ।

त्यस्तै मानविकी, व्यवस्थापन एवं शिक्षा संकायमा त्रिभुवन विश्व-विद्यालयअन्तर्गतका सरकारी कलेजमा बढीमा ३ हजार रुपैयाँ शुल्क लाग्छ। यसबाहेक त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त निजी कलेजले त्रिभुवन विश्वविद्यालय शुल्कबाहेक आफ्नो आवश्यकताअनुसार शुल्क निर्धारण गरेका हुन्छन्।

प्रवेशिका उत्तीर्ण छात्राहरूका लागि नर्सिङ अध्ययन गर्न त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा शिक्षण र भर्ना शुल्क गरी कुल ३० हजार रुपैयाँ तथा सम्बन्धन प्राप्त वीर अस्पतालमा ४० हजार रुपैयाँसम्म खर्च लाग्छ। यसका अतिरिक्त होस्टल, लुगा भत्ता आदिमा अलग खर्च लाग्छ। त्यस्तै चिकित्साक्षेत्रको अध्ययनका लागि दस जोड दुई अथवा आईएस्सी उत्तीर्ण गर्नुपर्छ। चिकित्साशास्त्र अन्तर्गत स्नातक तह (एमबीबीएस) अध्ययनका लागि पनि त्रिभुवन विश्वविद्यालय र अन्य विश्वविद्यालयको शुल्क निर्धारणमा ठूलो अन्तर छ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विज्ञान, प्रविधि, चिकित्साशास्त्र, नर्सिङ तथा इन्जिनियरिङ विषयको अध्ययन अध्यापन हुने सबै क्याम्पसमा छात्रावास तथा प्राथमिक स्वास्थ्योपचार सुविधा उपलब्ध छ। छात्रावास एवं प्राथमिक स्वास्थ्योपचार सुविधा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका ६१ वटा क्याम्पसमध्ये ३६ वटा क्याम्पसमा उपलब्ध छ।

# डिप्रेसन : कारण एवं उपचार

गोविन्द बराल

मानिस चेतनशील प्राणी भएकाले ऊ भावनामा बहकिने, महत्त्वाकांक्षा राख्ने, सुखी एवं सम्पन्न जीवनको परिकल्पना गर्ने हुन्छ। मानिस वर्तमान जीवनशैलीभन्दा भिन्न एवं उच्च जीवनशैली अपनाउने इच्छा राख्छ। सन्तानको शिक्षा-दीक्षामा चिन्तित हुन्छ। उनीहरूको सुखी जीवनको कामना गर्छ। यस क्रममा उसको जीवनलाई सुख-दुःख, नैराश्य एवं हीन भावनाले अलग-अलग समयमा प्रभावित बनाउँदै जान्छ। सकारात्मक भावनाले जीवनमा सकारात्मक प्रभाव पार्छ भने नकारात्मक भावनाले नकारात्मक प्रभाव पार्छ। धेरै किसिमका नकारात्मक भावनाले सताए मानिसलाई मानसिक रोग लाग्छ। मानसिक रोगले सताउनुलाई चिकित्सकहरू डिप्रेसन भन्छन्। प्रभावका दृष्टिकोणले मानसिक रोगलाई तीन भागमा विभाजन गरिएको छ।

**सामान्य डिप्रेसन**

यस किसिमको डिप्रेसनलाई चिकित्सकहरू Mild Depression भन्छन्। कसैकसैले एन्जाइटिस डिस अर्डरलाई पनि यही वर्गमा राखेको पाइन्छ। यस्तो डिप्रेसन भएका मानिसमा निराशा एवं उदासीपनको भावना बढी देखिन्छ। उसलाई केही चिन्ताले सताइरहेको हुन्छ तर उसले दैनिक कामकाज भने छाड्दैन।

**फोवियायुक्त एन्जाइटिस डिस अर्डर**

यो मध्यम खालको डिप्रेसन हो। यसमा एउटा समस्याले सताउनुका साथै एक्कासि मानिस डराउने लक्षण देखापर्छ। छोप्ने व्यथा प्रारम्भ हुन्छ। बिमारीले च्यापेको बेला रोगीको शरीरबाट चिटचिट पसिना आउँछ। मुटुको गति तीव्र हुन्छ।

**पेनिक डिस अर्डर**

तेस्रो तहको डिप्रेसनमा मानिस चिन्ताग्रस्त हुन्छ। छोप्ने कार्य छिटोछिटो हुन्छ। उसले दैनिक क्रियाकलाप गर्न सक्दैन। शरीर थरथर काँप्ने, मर्छु होला भन्ने डरले सताइरने, हर्टएट्याक हुने डरले बढी व्याकुल हुने, चिसो पसिना आउने, आफू उभिएको भुइँ भासिएजस्तो हुने, मौका मिल्नासाथ आत्महत्याको तयारी गर्ने आदि घातक लक्षण देखापर्छन्।

सामान्य खालको डिप्रेसन समयसँगै आफै ठीक हुनसक्छ। उपचार गर्नुपर्ने भए पनि सामान्य उपचार तथा प्रेमपूर्ण व्यवहारले रोगीलाई निको पार्न सकिन्छ। पहिलो मनोरोग हानिकारक डिप्रेसन होइन। यद्यपि यसलाई समयमै मनोचिकित्सकको सल्लाह लिएर अर्को अवस्थामा पुग्नुअगावै निराकरण गर्नुपर्छ। दोस्रो एवं तेस्रो खाले डिप्रेसनमा तुरुन्त मनोचिकित्सकको सहायताले उपचार गराउनुपर्छ। निरन्तर चिकित्सकको सल्लाहबमोजिम औषधि सेवन गरे यसबाट छुट्कारा पाउन सकिन्छ। १ वर्षदेखि ५/६ वर्षसम्म लगातार औषधि सेवनबाट यो रोग ठीक हुन्छ।

नेपालमा करिब २५ प्रतिशत मानिस यो रोगबाट ग्रसित भएको पाइन्छ। विश्वका मनोरोगीको तथ्यांक हेर्दा ३३ प्रतिशत मानिस कुनै न कुनै किसिमका डिप्रेसनबाट पीडित छन्। डिप्रेसन आफैं हानिकारक रोग होइन तर उपचार नगरी रोग लुकाएर बसे रोगीले आत्महत्या गर्ने सम्भावना हुन्छ। अहिलेसम्म जति पनि आत्महत्याका समाचारहरू सुनिएका छन्, तिनीहरूको अध्ययन हुने हो भने ती कुनै न कुनै मनोरोगबाट ग्रसित भएको देखिन्छ। कसैकसैलाई यो रोगले एक्कासि च्याप्छ। उसको डिप्रेसनका सम्बन्धमा कसैलाई पत्तै हुँदैन। आत्महत्या गरिसकेपछि उसले लेखेको पत्र वा उसले छोडेका प्रमाणहरूमा तत्कालीन कारण डिप्रेसन भएको पाइएको छ।

यो रोगले सताइएका बिरामीलाई नेपाली समाजमा भूत लागेको, बोक्सी-डाइनीले बिगारेको, वायु बिग्रेको, पितृदोष, महारानी दोष, कुलदेवताको दोषजस्ता अन्धविश्वासयुक्त धारणाले सम्बोधन गरिन्छ। धामी-झाँक्री, महारानी पूजा, कुलपूजा, ग्रह-जाप, चण्डी, वेद एवं भागवत् पाठ आदिलाई गाउँ-समाजमा डिप्रेसनको उपचार मानिन्छ। मनोरोग भएकाले कहिलेकाहीँ यस्तो उपचार पद्धतिले पनि काम गर्छ। अलि कडा खालको डिप्रेसनमा भने यसले काम गर्दैन।

**उमेर समूह**

डिप्रेसन जुनसुकै उमेर समूहका मानिसमा देखा पर्नसक्छ। उमेरअनुसार यसले सताउने प्रकृति भने फरक-फरक हुन्छ। यद्यपि यो रोगले १५ वर्षदेखि ३५ वर्षसम्मका मानिसलाई बढी सताउँछ। १५ वर्षभन्दा तल तथा ३५ वर्षमाथिका उमेर समूहका मानिसहरूलाई कमै यस्तो रोगले आक्रमण गर्छ।

**कसरी थाहा पाउने ?**

यस्तो रोगले विभिन्न उमेर समूहका मानिसमा भिन्न खालका लक्षण देखाउँछ। यो रोग कुनै पनि प्रयोगशाला परीक्षण, एक्सरे, अल्ट्रासान्डद्वारा पत्ता लाग्दैन। रोगीको व्यवहार, पारिवारिक इतिहास, चिकित्सक तथा रोगीको कुराकानीबाट चिकित्सकले यो रोग लागेको थाहा पाउँछन्। निम्न लक्षण देखिए मनोरोग हुनसक्छ।

- कम बोल्ने, एकान्तमा बस्न रुचाउने। कहिलेकाहीँ एक्लै बसेर रोइरहने, मनमा सधैं नकारात्मक भावनाले डेरा जमाउने। ख्यालठट्टा तथा रमाइलो मन नपराउने, सधैं उदास र खिन्न देखिने।
- एकोहोरिने, सोचमग्न भएजस्तो देखिने, जीवनदेखि हार खाई साथीभाइलाई आफू मर्न चाहेको बताउने। खानामा कम रुचि हुने, निद्रा कम लाग्ने, पेटमा समस्या देखिइरहने। डर लाग्ने, शंकालु र हताश देखिने। तर्सने, बेचैन देखिने, कहिलेकाहीँ निद्रामा कराउने।
- आफ्नै शरीरका अंगहरूसँग डर लाग्ने, पहाड, नदी, ताल, अग्लो रूख वा घरदेखि डराउने। रोग कडा हुँदै गएपछि शरीरमा कम्पन आउने, बेहोस हुने, मुटुको गति तीव्र हुने, शरीरमा चिसो पसिना आउने हुन्छ। यस्तो अवस्था पाँचदेखि दस मिनेटसम्म रहन्छ र मानिस विस्तारै सामान्य अवस्थामा फर्कन्छ। कुनै-कुनै डिप्रेसनका रोगीले आफूलाई देवदूत वा ईश्वरको अवतार मान्छन्। आफूलाई क्यान्सर, एड्स, क्षयरोगजस्तो घातक रोग लाग्छ कि भनी मानिस बढी चिन्तित हुन्छ।
- कसैले आफूलाई सांघातिक हमला गर्छ कि वा पछाडिबाट घाँटी काट्छ कि भनी रोगी सधैं त्रस्त हुन्छ। घरीघरी सास फेर्न गाह्रो हुने समस्या पनि देखापर्छ। टाउकोमा विद्युत्को झड्का लागेजस्तो अनुभव हुन्छ।
- पिसाब फेर्न पनि समस्या भएजस्तो हुन्छ। सपना पनि नराम्रो देखिन सक्छ, जस्तै आफू अग्लो भीर वा रूखबाट लडेको, खोलामा बाढी आई बगाएको, आफूलाई कसैले सांघातिक हमला गरेको आदि।

**मुख्य कारणहरू**

- बाल्यकालमा गहिरो चोटपटक लागेको, आगोले पोलेको वा रूख, भीर आदिबाट लडेको मानिसलाई पछि गएर यस्तो रोगले आक्रमण गर्नसक्छ। पारिवारिक वातावरण अशान्त भए वा बाबुआमाबीच झगडा भएर मेलमिलाप नभए छोराछोरीमा यो समस्या आउन सक्छ। बाबुआमाले छोराछोरीलाई बढी गाली गर्ने, कडा यातना दिने, हीन भावनाले हेर्ने, माया नगर्ने भएमा।
- परिवारको कुनै सदस्यको असामयिक निधन भएमा। बढी डर लाग्ने दृश्यहरू देखे वा आफू ठूलो दुर्घटनामा वा खतरामा परी बाँचे। सबै किसिमका छारे रोगमा वा अन्य कुनै मानसिक रोग भएमा।
- थाइराइड ग्रन्थिमा संक्रमण भए, मुटु रोग लागे वा चिनी रोग लागे। जाँड, रक्सी, चुरोट, बिँडी, सुर्ती, गाँजा, भाङ, चरेस, अफिम, कानी, ब्राउन सुगर आदि सेवन गर्ने लत बसे। प्रेमी वा प्रेमिकाले धोका दिए। आफ्नो सोचाइ र आशा गरेअनुरूप शिक्षा-दीक्षामा सफलता नमिले।
- सन्तान, प्रियजन वा आफन्तको वियोगमा। अनाहकमा बढी गाली, कुटपिट तथा यातना पाए। साथीभाइ, इष्ट-मित्रको बढी हेपाइ भए। एक्कासि ठूलो आर्थिक क्षति बेहोर्नुपर्दा। बढी महत्त्वाकांक्षी भएर लक्ष्यसम्म नपुग्दा। कसैकसैलाई वंशानुगत रूपमा पनि यो रोग सर्नसक्छ।

**बच्ने उपायहरू**

यो रोगको कुनै परीक्षण, एक्सरे, अल्ट्रासाउन्ड आदिबाट पत्ता लाग्दैन। यो रोग नितान्त भावनात्मक भएकाले रोगीले देखाउने लक्षणहरू अध्ययन गरेर, रोगीको व्यवहार हेरेर, पारिवारिक इतिहास तथा कुराकानीबाट मात्र थाहा पाउन सकिन्छ। यो रोगको उपचार र यसबाट बच्ने केही महत्त्वपूर्ण उपाय निम्न छन्।

- मनोचिकित्सकको परामर्शबाट प्राप्त निर्देशनहरू पालन गर्ने तथा सिफारिस गरिएका औषधि तोकिएको समयसम्म सेवन गर्ने।
- प्रत्येक दिन शरीरबाट बढी पसिना निस्कने गरी काम गर्ने वा व्यायाम गर्ने र पानी प्रशस्त पिउने।
- आफूलाई मनपर्ने पुस्तक, पत्र-पत्रिका आदि पढ्ने।
- मनपर्ने साथीहरूसँग रमाइलो गर्ने। कहिलेकाहीँ बाहिर रमाइलो ठाउँ घुम्न जाने।
- मादकपदार्थ वा सुर्तीजन्य पदार्थको अम्मल भए तुरुन्त त्याग्ने।
- आफूलाई मनपर्ने गीत-संगीत सुन्ने।
- आफूले अंगालेको पेसामा व्यस्त रहने।
- भरसक प्राकृतिक दृश्यमा रमाउने।
- मनका भावनाहरूलाई कविता, गीत, गजल, कथा आदिका माध्यमबाट लेख्ने प्रयास गर्ने।
- अन्धविश्वासबाट टाढै रहने, प्रकृति नै ईश्वर हो, यसका नियमहरू शाश्वत छन् भनेर आफूलाई आश्वस्त पार्ने।
- सम्भव भए जनावरहरू पाल्ने र तिनीहरूसँग रम्न-रमाउन सिक्ने।
- कफी नपिउने, भरसक हातेपातबाट निर्मित चिया पिउने।
- बढी चिल्लो वा बोसोयुक्त खाना नखाने, सधैं हल्का, सफा र सुपाच्य खाना खाने।
- बढी महत्वाकांक्षी नहुने।

डिप्रेसनले केन्द्रीय स्नायु प्रणालीमा हुने रसायनको मात्रा असन्तुलित हुनपुग्छ। फलस्वरूप मानिसमा यो रोगका लक्षणहरू देखापर्छन्। चिकित्सकहरूले औषधि दिँदा स्नायु प्रणालीमा हुने असन्तुलन बिग्रन नदिन विभिन्न किसिमका औषधि सिफारिस गर्छन्।

**डिप्रेसनको मनोवैज्ञानिक उपचार**

डिप्रेसनबाट पीडित मानिसलाई औषधिका साथै मनोवैज्ञानिक उपचारको खाँचो पर्छ। कुन कुरासँग बिरामी बढी डराउँछ, उसलाई पटक-पटक त्यही कुरासँग साक्षात्कार गराउनुपर्छ। उदाहरणका लागि कसैलाई अग्लो घर वा धरहरामा चढ्न डर लाग्छ, ऊ केही तला चढेपछि आत्तिन्छ। यस्तो अवस्थामा उसलाई सास फेर्न अप्ठ्यारो भएजस्तो हुन्छ। पिँडुलाको मांसपेशी बाउँडिएजस्तो हुन्छ। यस्तो अवस्थामा उसलाई ढाडस दिँदै निगरानीका साथ धरहरामा चढ्ने, ओराल्ने गरिरहनुपर्छ। यसो गर्दा उसको उचाइसँगको डर हटेर जान्छ।

**परिवार एवं समाजको दायित्व**

परिवारका सदस्यहरूले यस किसिमका बिरामीलाई सामान्यभन्दा बढी माया दिनुपर्छ। यस्ता बिरामीले आफूलाई बढी असुरक्षित महसुस गर्ने भएकाले उनीहरूलाई सधैं माया गर्नुपर्छ।

हाम्रो समाजमा अझै पनि अन्धविश्वास तथा रूढिवादी चिन्तन विद्यमान छन्। समाजले यस्ता बिरामीलाई हेर्ने दृष्टिकोण फरक छ। हाम्रो समाजमा मानसिक रोगीप्रति 'बहुलाएको मान्छे' का रूपमा हेय भाव राखिने हुनाले बिरामी बढी नै हतोत्साहित हुन्छन्। यस्तो अवस्थामा बिरामी समाजबाट अलग तथा एकान्तमा बस्न रुचाउँछ। आफ्ना रोगका लक्षणहरू भरसक लुकाउन चाहन्छ।

विद्यालयका शिक्षकहरूले आफ्ना विद्यार्थीलाई खुलस्त रूपमा डिप्रेसनका बारेमा जानकारी गराउनुपर्छ। यसो गर्दा उनीहरूले यस्ता बिरामीहरूप्रति सकारात्मक व्यवहार प्रदर्शन गर्न सक्छन्। जुनसुकै डिप्रेसनले सताइएका बिरामी पनि सही औषधि तथा मनोवैज्ञानिक उपचार पाए अन्य मानिससरह समाजमा आफूलाई स्थापित गर्न सक्छन्।

# बारम्बार टाउको दुख्ने, शरीर झमझम गर्ने रोग डिप्रेसन

डा. सी.पी. सेढाई

डिप्रेसनका कारण कतिपय बिरामी घाँटीमा केही अड्कियो भने आफूलाई क्यान्सर भयो भनेर रुने, मर्ने भइयो भनेर आत्तिने, परिवारका बारेमा चिन्ता लिने, जीवनबाट आशा मार्ने खालका हुन्छन्। डिप्रेसनका बिरामीले आवश्यक कुरामा पनि मन थाम्न सक्दैनन्, जस्तै सडकमा एक्लै बिरामी वा मरेको मानिस देख्दा उनीहरू आत्तिन्छन् वा चिन्तित हुन्छन्। डिप्रेसनका बिरामी एउटै घटनालाई आधार मानी सधैं त्यसमा अनावश्यक विवाद गर्छन्, जस्तै– परीक्षामा एकपटक असफल भए अब सधैं फेल भइन्छ भनेर आतिन्छन्। कतिपय डिप्रेसनका रोगी नकारात्मक सोचाइबाट पीडित हुन्छन्। मनमा यस्ता सोचाइ लिन्नँ भने पनि छटपटी महसुस गर्छन्। डिप्रेसनका बिरामीको मस्तिष्कको परीक्षण सिटी स्क्यान, एमआरआई गर्दा कुनै खराबी देखिँदैन तर न्यूरोट्रान्समिटर, जुन अत्यन्त सूक्ष्म परीक्षण मानिन्छ, सेरोटोनिन तथा नरइपिनेफ्रिन भनिने तत्त्व मस्तिष्कमा घटेको देखिन्छ।

माथिको भनाइबाट के प्रस्ट हुन्छ भने डिप्रेसन एक जटिल रोग हो। बिरामीका लक्षणहरू एकै प्रकारका हुँदैनन्। उपचार गरे यो रोग निको हुन्छ। यो रोग पहिचान गर्न धेरै चिकित्सकलाई गाह्रो हुन्छ।

केही डिप्रेसनका बिरामी काम्ने, बक्ने, अचानक बेहोस हुने, हातखुट्टा नचल्ने, शरीरको संवेदना हराउने, आफ्नो नाम उल्टो बताउने वा उत्तर उल्टो दिने, नबोल्ने, छिटो-छिटो श्वास फेर्ने आदि लक्षण लिई आउँछन्। डिप्रेसनका बिरामीले रोगका कारण अनौठो लक्षण देखाउँदा कुटाइ खाने, बोक्सीको आरोप पाउने गरेको पनि पाइन्छ। मानसिक रोगको झन्डै एकतिहाई हिस्सा ओगट्ने डिप्रेसनका बिरामी आफूलाई नसाको रोग लाग्यो भन्न रुचाउँछन्, तर आफू पागल बनिन्छ भन्ने ठूलो पीर उनीहरूमा हुन्छ। बास्तवमा यी रोगीहरूलाई अर्को रोग लागेको हुँदैन।

समुदायमा ५ प्रतिशत मानिस डिप्रेसनबाट पीडित छन् जसको पहिचान गर्न नसकिने भएकाले धेरैले उपचार गर्न पाएका हुँदैनन्। आत्महत्याको प्रमुख कारण पनि डिप्रेसन नै हो। डिप्रेसन रोगका बिरामी नसा पोल्यो, नसा दुख्यो, नसा सड्कियो, नसा छिन्यो, रगत बिग्रियो, नसा झमझम गर्‍यो भन्दै अस्पताल धाउँछन्।

**विभिन्न किसिमका डिप्रेसन**

**न्यूरोटिक डिप्रेसन** : यस्ता बिरामी मलाई कस्तो रोग लाग्यो भनेर चिन्ता गर्छन्।

**साइकोटिक डिप्रेसन** : यस्ता बिरामीहरू अरू मानिसप्रति शंका गर्छन्।

**सेनाइल डिप्रेसन** : बुढेसकालमा देखिने डिप्रेसनलाई सेनाइल डिप्रेसन भनिन्छ। यस्ता बिरामीले आत्महत्या गर्ने डर हुन्छ। एक्लै बोल्ने, एक्लै हाँस्ने गर्न सक्छन्।

**डिप्रेसन स्टुपर** : यस्ता बिरामी नचली नबोली बस्छन्। केही बिरामी आँखाबाट आँसु पनि बगाउँछन्।

**एजिटेटेड डिप्रेसन** : यस्ता बिरामी अत्यन्त छटपट गर्छन्। एक ठाउँमा बस्न सक्दैनन्। आत्तिने र अस्थिर मनस्थितिका हुन्छन्।

**रेटाडेड डिप्रेसन** : यस्ता बिरामी कम बोल्छन् र टोलाइरहछन्।

**शिशुमा देखिने डिप्रेसन** : शिशुमा देखिने डिप्रेसन केही फरक हुन्छ। पेट दुख्ने, टाउको दुख्ने, रिसाउने, पढ्न नजाने आदि लक्षण लिई यस्ता बिरामी आउँछन्।

**वयस्कमा पाइने डिप्रेसन** : यस्ता बिरामी अनेक शारीरिक लक्षण लिई पटक-पटक अस्पताल धाउँछन्।

**जाडो महिनामा पाइने डिप्रेसन** : केही डिप्रेसन जाडो महिनामा मात्र देखा पर्छ। यस्तो डिप्रेसनलाई जाडो महिनामा पाइने डिप्रेसन भनिन्छ। रात लामो हुनाले मेलाटोनिन भनिने हार्मोन गडबड हुँदा यस्तो समस्या देखिन्छ।

**छोपिएको डिप्रेसन** : यस्ता बिरामी बाहिरी रूपमा खुसी देखिन्छन् जब चिकित्सकले बिरामीका बारेमा जानकारी लिन थाल्छन् तब उनीहरू रुन थाल्छन्।

**दोहोरिएको डिप्रेसन** : करिब ५० प्रतिशत बिरामीमा डिप्रेसन रोग दोहोरिने सम्भावना रहन्छ। औषधी खान छाड्ने वा नियमित नखाने, बिरामीको घरायसी वातावरण राम्रो नहुनाले र कहिलेकाही औषधी सेवन गर्दागर्दै पनि यस्तो हुन्छ। डिप्रेसन अति सामान्यदेखि कडासम्मको पाइन्छ। बिरामीको अवस्था हेरी यसलाई तीन भागमा बाँडिन्छ।

**बिरामीहरू कस्ता-कस्ता समस्या लिएर आउँछन् ?**

- बिरामीहरू आफूलाई टाउको दुख्ने रोगको लक्षण बताउँछन्।
- कतिपय बिरामी आफूलाई घातक रोग लागेको शंका गर्छन्।
- कोही घाँटीमा केहि अड्कियो भनेर आत्तिन्छन्।
- कोही यौन अंगको समस्या लिएर वा यौन चनहनामा कमी भएको बताउँछन्।
- केही बिरामी बारम्बार पेट पोल्ने, पेटमा अप्ठ्यारो महसुस भएको बताउँछन्।
- केही मुटुको रोग लाग्यो भन्दै मुटु रोग विशेषज्ञकहाँ पुग्छन्।
- केही ढाड दुख्ने, जोर्निमा दुख्ने गुनासो गर्छन्।
- कोही खाना अपच, पाचन शक्तिमा कम भएको सिकायत गर्छन्।
- कोही काम्ने र बक्ने खालका हुन्छन् र बोक्सी लागेको विश्वास गर्छन्।
- कोही अचानक बेहोस भएको बताउँछन्।
- डिप्रेसनका बिरामी एक्लै शान्त ठाउँमा बस्न रुचाउँछन्। उनीहरूमा रेडियो, टेलिभिजन हेर्ने चाख हुँदैन।
- बढी चिन्ता गरिरहने र आफ्नो जीवनदेखि नै हरेस खाएका हुन्छन्।
- श्रीमान्ले रक्सी पिउँदा पनि श्रीमतीलाई डिप्रेसन हुन्छ।

रक्सी पिउने मानिसले अचानक रक्सी छाड्दा हात काम्ने, मुटु ढुकढुक हुने, अनौठा वस्तु देख्दा आत्तिने, डराउने हुन्छ। कोही सर्प देख्छन्, कोही बाघ देख्छन् र आत्तिन्छन्। कतिपय बिरामी कानमा गाली गरेको आवाज आउनाले घरपछाडि भाग्छन्। रक्सी पिउने मानिसहरू यौन क्रियामा रुचि नभएको सिकायत गर्छन्। कतिचाहिँ श्रीमतीप्रति शंका गर्छन्, जुन घरायसी झगडाको बीउ बन्छ। जब मानिस बिहान पनि रक्सी पिउन थाल्छ, त्यतिबेला समस्या कडा भएको मानिन्छ। रक्सी पिउँदा मानसिक अचेत हुनाले ठूला-ठूला अप्रिय घटना पनि घट्न सक्छन्। रक्सी पिउने मानिसलाई कोठामा थुनेर राख्नु हुँदैन, अचानक घोर रोग निक्लिई मर्न सक्छन्। चिकित्सकको सल्लाह लिएर मात्र रक्सी छोडाउनुपर्छ। एकतिहाइ रक्सी पिउने मानिस डिप्रेसन, आत्तिने रोग, निन्द्रा नपर्ने समस्याबाट पीडित हुन्छन्। रक्सी छाडेपछि यस्तो समस्याको पनि उपचार गरे मात्र पूर्ण रूपमा रक्सी पिउन छाड्न सक्छन्। पारिवारिक कलह भैरहँदा प्रायः रक्सी पिउने व्यक्तिकी श्रीमतीमा पनि डिप्रेसन पाइन्छ।


*(नशा तथा मानसिक रोग विशेषज्ञ, भरतपुर मेडिकल कलेज)*

# सबै सफलता त्यो र्‍याकेटलाई

**निजी लगानीका आधारमा ब्याडमिन्टन खेलिरहेका पशुपति पनेरुले स्वदेशभित्र करिब एक दर्जन प्रतियोगितामा पहिलो स्थान हासिल गरिसकेका छन् भने एकपटक राष्ट्रिय च्याम्पियनसमेत भैसकेका छन्। यसबाहेक उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा समेत सफलता पाइसकेका छन्।**

**फुर्सदको समयमा आराम गर्न रुचाउने पनेरु भन्छन्– खेलेर आएपछि आराम गर्नुपर्छ, नत्र भने अर्को दिन खेल्न वा प्रशिक्षण गर्न गाह्रो पर्छ। यस क्रममा उनी गीत सुन्छन्, उनलाई गजल बढी मन पर्छन्। उनी पुस्तक पनि पढ्न चाहन्छन्। उनलाई नेपालको इतिहाससँग सम्बन्धित पुस्तक पढ्न मन लाग्छ। यसबाहेक उनी आफ्ना धनगढीका साथीहरूकहाँ जान्छन्। मौका मिले उनीहरूसँगै फिल्म हलसमेत पुग्छन्।**

**उनलाई खेलकुदमा लागेर धनगढीको प्रतिष्ठा बढाउन सकेकोमा आत्मसन्तोष छ। पनेरु भन्छन्– सञ्चारमाध्यममा धनगढीको सकारात्मक चर्चा कमै आउने गरेको छ, तर मैले सफलता पाएँ भने धनगढीको नाम एकपटक फेरि राम्रो काममा आउने गरेको छ। यो सफलता मेरो एक्लो प्रयासले मात्र सम्भव भएको होइन। यो सफलताको पछाडी मलाई कबर्ड हलसम्म डोर्‍याएर लाने उमेश दाइको हात छ। त्यसैले मैले प्रत्येक पटकको सफलता उहाँलाई नै समर्पण गर्ने गरेको छु।**



ब्याडमिन्टन धनगढीमा खेलका रूपमा नभएर सौखका रूपमा निकै लोकप्रिय थियो। अधिकांश मानिस समय व्यतीत गर्न होस् वा स्वस्थ रहन ब्याडमिन्टन खेल्थे। यो क्रेज धनगढीका दीपेन्द्र श्रेष्ठले उमेर समूहको प्रतियोगितामा नेपाल च्याम्पियन भएर बढाइदिएका थिए। त्यो समयमा उनको नाम कैलालीवासीहरूको मुखमा थियो। सबै उनीजस्तै हुने सोचाइ राख्थे। ब्याडमिन्टनले पाएको यही लोकप्रियतामा म पनि सामेल भए। घरआँगनमा खेले पनि ब्याडमिन्टनको र्‍याकेट, ड्रेस आदिले मलाई थप आकर्षित गरिरहेका हुन्थे। त्यो समयमा भारतमा बनेको भिनक्सको र्‍याकेटले खेल्नु भनेको आफ्नो प्रतिष्ठा बढाउनु हुन्थ्यो भने योनेक्सको र्‍याकेट समाउनेहरू सबैभन्दा प्रतिष्ठित कहलिन्थे।

मैले खेलेको देखेर मेरा छिमेकी दाइ उमेश भण्डारीले मलाई ब्याडमिन्टन खेलाडी बनाउने सोच बनाउनुभयो। उहाँ आफैं पनि ब्याडमिन्टन खेल्ने हुनाले मलाई हौसलास्वरूप एउटा र्‍याकेट किनिदिनुभयो। त्यो र्‍याकेट लिएर म धनगढीको कभर्ड हलमा गए, तर भित्र छिर्ने आँट आएन। उमेश दाइले समाएर भित्र लगिदिनुभयो। उहाँले तैले राम्रो गरिस् भने योनेक्सको र्‍याकेट दिन्छु भनेर हौसाउनुभयो। यस्तो हौसलाले मेरो जीवननै परिवर्तन गरिदियो।

र्‍याकेट समाएर प्रशिक्षण गरेको २ महिनापछि विराटनगरमा १४ वर्षमुनिको राष्ट्रिय प्रतियोगिता हुने भयो। म उक्त प्रतियोगिताका लागि छनौट भएँ। विराटनगर खेल्न जाँदा मलाई छनौटमा हराउने दाइलाई उमेर समूहको हद नाघेको आरोपमा खेलबाट बाहिर निकालियो। त्यो बेला धनगढीको पदक जित्ने मुख्य आशा उहाँ नै हुनुहुन्थ्यो, तर मैले उक्त प्रतियोगितामा पहिलो स्थान हासिल गरी धनगढीको प्रतिष्ठा बचाए। उक्त सफलताको पछाडि उमेश दाइले दिएको र्‍याकेटकै हात थियो, फलस्वरूप मैले त्यो सफलता उहाँलाई नै समर्पित गरें।

यो सफलतापछि मैले ब्याडमिन्टन खेलमा केही गर्नुपर्छ भन्ने सोच बनाएँ, जसमा उमेश दाइले विभिन्न किसिमले सहयोग गर्नुभयो। उहाँले ममाथि गरेको मेहनत र लगानी देखेर परिवारले पनि खासै केही भनेनन्। सकभर पढेर राम्रो मानिस बने हुन्थ्यो भन्ने सोचाइ भए पनि नखेल चाहिँ भन्नुभएन। यो खेल महँगो भएका कारण उमेश दाइले नै र्‍याकेट, कर्क तथा ड्रेसहरू किनिदिनुहुन्थ्यो, जसका कारण घर-परिवारलाई मेरो खेलले थप आर्थिक भार पारेन। मलाई अझै पनि उमेश दाइको परिवारले खेलमा प्रेरित गरिरहेको छ।



यो सफलतापछि मैले थप प्रशिक्षण लिने मौका पाएँ। प्रशिक्षकपिच्छे मेरो प्रशिक्षण पनि फरक-फरक हुँदै गयो। त्यो बेला पनि धनगढीमा माटोको कोर्टमा खेल्नुपर्ने अवस्था थियो, जसका कारण मैले आफ्नो खेललाई अझ परिष्कृत गर्न काठमाडौं आउनुबाहेक अरू कुनै विकल्प थिएन। एक त खेल महँगो, अर्को परिवारको आर्थिक सहयोगविना खेल्न सक्ने अवस्था थिएन। अझै पनि मोफसलबाट आएका खेलाडीहरूले कुनै न कुनै रूपमा आफ्नो परिवारको सहयोगविना खेललाई निरन्तरता दिन सक्ने अवस्था छैन। अहिले काठमाडौंमा म उमेश दाईको दाजु सुशील भण्डारीको घरमा बसेर खेलिरहेको छु। भाउजू बिमलाले मेरो खेल र स्वास्थ्यको निकै ख्याल राख्नुभएको छ। मैले आफ्नो परिवारको वातावरण उहाँबाट पाएका कारण खेललाई निरन्तरता दिन सकिरहेको हुँ।

यो खेल तुलनात्मक रूपमा महँगो नै मानिन्छ। एउटा राम्रो खेलाडीले खेल्ने र्‍याकेट ५ देखि १० हजार रुपैयाँ पर्छ, जुत्ताको करिब ५ हजार, टिसर्टको २ देखि ५ हजार, हाफ पाईन्टको १ हजार ५ सय, मोजाको करिब ५ सय, कर्कको करिब १ हजार ५ सय, र्‍याकेट स्ट्रिङको ३ सय पर्छ। यसका लागि आर्थिक जोहो गर्नुका साथै नियमित अभ्यासका लागि चाहिने खर्च धान्न गाह्रै हुन्छ।

नेपाली खेलाडीहरूले कुन अवस्थामा कसरी खेलिरहेका छन् भन्ने कुरामा सम्बन्धित खेलको संघ एवं राष्ट्रिय खेलकुद परिषद्ले विचार पुर्‍याउनुपर्छ। तुलनात्मक रूपमा ब्याडमिन्टन खेलको प्रतियोगिता संख्या बढ्दै गएको छ। खेलाडीहरूले विदेशी प्रतियोगितामा सहभागिता गर्नेदेखि प्रशिक्षण गर्ने अवसर पाएका छन्, तर कुनै पनि खेलबाट संन्यास लिएपछि के गर्ने भन्ने कुरामा अन्यौल छ। यो कुरामा जबसम्म ध्यान दिइँदैन तबसम्म खेलमा व्यावसायिकता आउन कठिन हुन्छ। मेरो व्यक्तिगत अनुभवमा खेलाडीलाई पुरस्कारबापत दिइने रकमले तत्काललाई केही राहत होला, तर यसले दीर्घकालीन समस्या समाधान गर्दैन। मेरो विचारमा खेलाडीहरूलाई सरकारले अलग्गै पहिचान दिएर राख्नुपर्छ। हामीले खेल्दै पढेर सरकारी सेवामा जान कसरी जाँच दिने ? अरूले पढिरहेको बेलामा हामी देशको प्रतिष्ठा बढाउन खेलिरहेका हुन्छौं अनि जाँचमा ती पढैयाहरूसँग कसरी प्रतिस्पर्धा गर्न सक्छौं ?



अहिले सेना र प्रहरीले पनि राम्रा खेलाडीलाई सेवामा राख्ने चलन बढेको छ। यस्तो किसिमको प्रस्ताव मलाई पनि आएको थियो र म पनि महेन्द्र पुलिस क्लबसँग आबद्ध भए, तर मेरो दर्जा सामान्य प्रहरीसरह दिइयो। राष्ट्रका लागि खेल्ने व्यक्तिलाई कमसेकम अफिसर लेभलको रोजगार दिएर पो सम्मान गर्नुपर्छ। नेपालमा कुनै पनि खेलमा राम्रो गर्ने खेलाडी कति छन् ? प्रत्येक खेलमा राम्रो गरेका खेलाडीहरूलाई जोड्ने हो भने मुस्किलले एक सय जना पुग्छन्। यत्रा कम्पनी, संस्था र उद्योग भएको देशमा यति खेलाडी पनि अटाउन नसक्नु भनेको खेलकुदका लागिसमेत दुर्भाग्य हो।

*(मुकुन्द बोगटीसँगको कुराकानीमा आधारित)*


## गुम्बामा अभ्यास



फुटबलको क्षेत्रमा रोमानियाँले धेरै राम्रा खेलाडी दिइसकेको छ, तर समयक्रमसँगै अहिले रोमानियाँका केही क्लब आर्थिक मन्दीको सिकार भएका छन्। रोमानियाँको नाम चलेको सिटाटी टार्गु निम्ट क्लबले खेलाडीहरूको आर्थिक भार खेप्न नसकेर रोमानियाँकै एक ग्रामीण भेगमा रहेको गुम्बामा लगेर प्रशिक्षण शिविर सञ्चालन गरेको छ। १० दिने उक्त प्रशिक्षण शिविरमा खेलाडीहरूले गुम्बामै पकाएको खाने, ध्यान गर्ने तथा गुम्बाकै चौरमा फुटबलको अभ्यास गर्ने काम गरे। क्लबले यसरी गुम्बामा लगेर प्रशिक्षण शिविर राखेकोमा क्लबका गोलकिपरले छक्क पर्दै भने- 'यस्तो स्थानमा बसेर हामीले कहिल्यै प्रशिक्षण गरेका थिएनौं। यहाँ जे पनि शान्त, हामीलाई नयाँ किसिमको अनुभव भएको छ। क्लबले खेलाडीहरूलाई आर्थिक भार बेहोर्न नसकेको कुरा नभनेर भगवान्को अगाडी प्रशिक्षण गर्दा फल मिल्ने कुरा बताएको छ। सोही गुम्बाका गुरु पनि आध्यात्मिक रूपमा प्रशिक्षण गर्दा खेलाडीहरूलाई थप फाइदा हुने हुँदा यस्तो किसिमको कार्य अरू क्लबले पनि गर्नुपर्ने सुझाव दिन्छन्।

## ५ प्रश्न

याङ्दी लामा शेर्पा, यस वर्षकी एभरेस्ट म्याराथन विजेता। सन् २००४ देखि यो प्रतियोगिता सहभागिता जनाउन थालेकी १९ वर्षीया याङ्दीले यसबीच तीन पटक पहिलो स्थान हात पारिसकेकी छिन्। पोखरा म्याराथनकी पनि विजेता याङ्दीसँग साप्ताहिकको छोटो कुराकानी :



**म्याराथनमा भाग लिन थालेदेखि नै लगातार सफल हुनुको कारण के होला ?**

म काठमाडौंमा रहँदा पनि सोलुखुम्बुको उचाइ र मौसमलाई ध्यान दिँदै प्रशिक्षण गर्छु। म आफैं सोलुखुम्बु जन्मिएर हुर्किएका कारणले त्यहाँको वातावरण मेरा लागि सहज बन्यो। काठमाडौंमा रहँदा पनि यहाँको सबैभन्दा उचाइमा रहेको ठाउँमा गएर कठिन परिश्रमका साथ प्रशिक्षण गरेका कारण म सफल भएकी हुँ।

**दौडनु तपाईंको सौख मात्र हो कि पेसा ?**

यसलाई पेसा बनाउने नै लक्ष्य हो। यो क्षेत्र व्यासायिक भयो र म सफल भएँ भने ठीकै छ। नत्र मेरा लागि अरू विकल्पहरू पनि छन्।

**तपाईंको परिवारमा त सबै जना पर्यटन व्यवसायमा हुनुहुन्छ। उहाँहरूको आम्दानीले तपाईंलाई त्यता आकर्षित गरेन ?**

नेपालमा पर्यटन व्यवसाय, माउन्टेनियरिङ र म्याराथन तीनवटै क्षेत्र एक-आपसमा सम्बन्धित छन्। मैले माउन्टेनिरियङको एडभान्स कोर्स पनि पूरा गरेकी छु। समयको सही व्यवस्थापन गरे प्रतियोगिता भएका बेला दौडन र अरू समय व्यवसाय गरेर बस्न सकिन्छ जस्तो लाग्छ। यसको अर्थ पैसा कमाउनका लागि दौडनै छाड्छु भन्ने होइन।

**यति कम उमेरमा दौडेर यत्रो पैसा कमाउनुभयो। केमा खर्च भयो ?**

पहिलो हुँदा पाँच सय डलर पाउने हो। टिकट र त्यहाँको खर्च कटाएर एक सय डलरजति बच्छ। त्यो पनि काठमाडौं आएपछि खर्च भैहाल्छ। अहिले पुरस्कार राशि बढेर मात्र हो। पहिलो पटक त एक सय डलर पाएकी थिएँ। उल्टो आफ्नै खल्तीबाट धेरै खर्च भयो।

**यति कम उमेरमै सफल मानिसलाई जीवनसँगिनी बन्ने प्रस्ताव पनि आयो होला नि ?**

अहिलेसम्म त त्यस्तो छैन। कसैले त्यस्तो आशयको कुरा गरे पनि स्वीकार गर्न सक्दिनँ। उमेर पुगेपछि कसैले त्यस्तो कुरा गर्‍यो भने त्यति बेलै विचार गरेर निर्णय गर्नु ठीक होला।

## दुर्घटनामा ६ खेलाडी घाइते

**साप्ताहिक समाचार**

धरान- इटहरीबाट पूर्व काँकडभिट्टातर्फ गैरहेको को १ ज ८८१ नम्बरको यात्रुवाहक माइक्रोबस मोरङको मंगलबारेमा सोमबार साँझ दुर्घटना हुँदा काठमाडौं ए डिभिजन फुटबल क्लबहरूसँग आबद्ध आधा दर्जन खेलाडी घाइते भएका छन्।

न्युरोड टिम एनआरटीका पूर्व कप्तान एवम् प्रशिक्षक श्याम मालीको संयोजनमा भारतको कालेबुङमा सञ्चालन हुने फुटबल प्रतियोगितामा स्थानीय क्लबहरूबाट खेल्न हिंडेका आधा दर्जन खेलाडी घाइते भएका हुन्। माइक्रोबस अनियन्त्रित भै सडकनजिकैको रूखमा ठोक्किएको थियो।

दुर्घटनामा नबिल थ्रीस्टारका कप्तान तथा स्ट्राइकर सुरेन्द्र तामाङको दाहिने खुट्टा भाँच्चिएको अखिल नेपाल फुटबल संघ (एन्फा) का केन्द्रीय उपाध्यक्ष किशोर राईले बताए। तामाङको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भैरहेको छ। उनी केही साता सक्रिय फुटबल खेल्न नसक्ने भएका छन्।

त्यस्तै दुर्घटनामा विभिन्न उमेर समूहबाट अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गरीसकेका खेलाडीहरू गुडिया राई, स्वस्तिकजँग बशिष्ट, दीपेश थापामगर, दिवस राई र निर्मल तामाङ पनि घाइते भएका छन्। प्रतिष्ठानमा सामान्य उपचार गराएपछि उनीहरू घर फर्किसकेका छन्।

## मिस्टर सगरमाथा भदौमा

गाईघाट- उदयपुर जिल्लामा नै पहिलो पटक स्ट्याचु हेल्थ केयर सेन्टरको आयोजनामा साउन २० गते हुने भनिएको मिस्टर सगरमाथा प्रतियोगिता लगातारको वर्षाका कारण भदौको दोस्रो साता हुने भएको छ। सगरमाथा अञ्चलका सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, सिराहा र सप्तरी जिल्लाका विभिन्न हेल्थ केयर सेन्टरबाट प्रतियोगीहरूले प्रतियोगितामा सहभागिता जनाउन नसकिएपछि प्रतियोगिता सरेको हो।

# नेपाली तेक्वान्दोमा व्याप्त अनियमितता

नेपाल तेक्वान्दो संघ (एन्टा) का महासचिव एवं अन्तराष्ट्रिय रेफ्री अनुयाज गौतमले अन्तर्राष्ट्रिय क्षेत्रमै पुगेर नेपाली तेक्वान्दोमा व्याप्त अनियमितता सार्वजनिक गरे। हालै तेक्वान्दोको उद्‌गमस्थल दक्षिण कोरियामा सम्पन्न 'सातौं जेजु अन्तर्राष्ट्रिय तेक्वान्दो स्पोर्ट्स फर अल च्याम्पियनसिप' मा सहभागिता गर्ने क्रममा उनले नेपाली तेक्वान्दोको क्षेत्रमा व्याप्त अनियमितता सार्वजनिक गरेको बताए। उनले अन्तर्राष्ट्रिय समुदायलाई नेपालमा करिब ३५ हजार व्यक्तिले पैसाका बलमा आफूलाई तेक्वान्दो खेलाडीका रूपमा स्थापित गरेको जानकारी दिए। उनले पत्रकार सम्मेलनमार्फत कतिपय व्यक्ति पैसाको बलमा खेलाडी मात्र नभएर तेक्वान्दो खेलको माथिल्लो पद डनसमेत भएको बताए। गौतमले यसको जानकारी राष्ट्रिय खेलकुद परिषद्‌लाई समेत दिएको बताए।

गौतमको आरोप उनको विपक्षमा रहेको नेपाल तेक्वान्दो संघतर्फ मात्र केन्द्रित भए पनि यो विषयमा नेपाली मार्शल आर्टका सम्पूर्ण विधालाई छानबिनको दायरामा ल्याउनुपर्ने आवश्यकता देखिन्छ, जसमा स्वयं उनी महासचिव रहेको संघसमेत पर्छ।

कुनै समय नेपाली खेलकुदमा एउटा भनाई निकै लोकप्रिय थियो– यदि असनको भीडमा कसैको घरको छतबाट गमला खसेर टाउकोमा लाग्यो भने त्यो मार्शल आर्टको खेलाडीको घर हो। हुन पनि नेपालमा मार्शल आर्टका खेलाडीजति खेलाडी अरू कुनै खेलमा छैनन् भने अझै पनि यो खेलमा लाग्ने व्यक्तिहरूको संख्या बढ्दो क्रममै छ। मार्शल आर्टसँग आवद्ध खेलाडीहरूको यकिन तथ्यांक अझै पनि कुनै संस्थासँग छैन। एक अनुमानअनुसार नेपालमा करिब ५ लाख व्यक्ति कुनै न कुनै रूपमा मार्शल आर्टका खेलसँग आवद्ध छन् भने करिब २ दर्जन मार्शल आर्टका खेल अस्तित्वमा छन्।

नेपालमा मार्शल आर्ट खेलले लोकप्रियता पाउनु वा यति धेरै खेलाडीहरू अस्तित्वमा आउनुका पछाडि दुईवटा कारण छन्। पहिलो कारणमा राजनैतिक स्वार्थ पूर्ति गर्न र दोस्रो यो खेलले पाएको अन्तर्राष्ट्रिय सफलता।

नेपालमा मार्शल आर्ट भूमिगत रूपमा सञ्चालन हुँदै आएको हो। करिब ३ दशकअघिसम्म यो खेलमाथि प्रतिबन्ध नै लगाइएको थियो, जसका कारण यो खेलप्रति लगाव राख्नेहरूले भूमिगत रूपमा प्रशिक्षण गर्ने गरेका



थिए। पञ्चायतकालमै यो खेललाई तत्कालीन सरकारले आफ्नो शक्ति प्रयोग गर्ने माध्यमका रूपमा परिणत गरे। हतियारविना आत्मरक्षा गर्ने कला मार्शल आर्टलाई त्यो बेलाको राजनैतिक शक्तिकेन्द्रले राजनैतिक दमन गर्ने उचित माध्यमका रूपमा लियो, जसका कारण मार्शल आर्ट कुनै आत्मरक्षाको कला नभएर अरूमाथि विना हतियार आक्रमण गर्ने कलाका रूपमा परिणत भयो। २०४६ सालको प्रजातन्त्रपछि मार्शल आर्ट खेलमा अरू राजनैतिक दलले पनि हात घुसाए। अहिले पनि कतिपय मार्शल आर्टका खेल राजनैतिक पार्टीका निकट छन्। ती मार्शल आर्टका संघले आफूनिकट रहेका राजनैतिक पार्टीका लागि कार्य गर्ने परम्परा छ। राष्ट्रिय खेलकुद परिषद्‌को नेतृत्व तहमा आएका व्यक्तिहरूले मार्शल आर्टका खेलाडीहरूलाई नै आफ्नो विश्वासिलो व्यक्ति बनाउँदै सुरक्षाका रूपमा समेत प्रयोग गर्ने चलन छ।

राजनैतिक पार्टीहरूले मार्शल आर्टलाई आफ्नो अनुकूल बनाए पनि यही भीडबाट यसलाई खेलका रूपमा परिणत गर्नुपर्छ र यसबाट देश र आफ्नो इज्जत बढाउनुपर्छ भन्ने जमात पनि नभएको होइन, जसका कारण नेपालले मार्शल आर्ट खेलबाटै अन्तराष्ट्रिय सफलता पनि पाउँदै आएको छ। नेपाली खेलाडीहरूले अन्तर्राष्ट्रिय क्षेत्रमा पाएको सफलताले गर्दा नै यो खेलतर्फ सर्वसाधारणको आकर्षण बढेको हो।

मार्शल आर्ट एकातर्फ अन्तर्राष्ट्रिय सफलतासँगै पाएको लोकप्रियता र अर्कातर्फ राजनैतिक स्वार्थको मुख्य गोटीका रूपमा रहन बाध्य छ, जसलाई २०४६ पछि राखेपका कुनै पनि सदस्य-सचिवले सही नेतृत्व दिन सकेका छैनन्। यो खेलमा सेनाको जस्तै नियम-कानुन छ। यदि कुनै गुरु भ्रष्ट भयो भने शिष्यहरूले त्यसको प्रतिवाद त के सल्लाहसमेत दिने ठाउँ हुँदैन। मार्शल आर्टका कतिपय खेललाई राखेपले आफ्नो खेलका रूपमा मान्यता दिएर प्रशिक्षकको समेत व्यवस्था गरेको छ, तर संघले भने प्रशिक्षार्थीबाट प्रशिक्षण शुल्क लिने गरेका छन्। यस्ता शुल्कका विषयमा कुनै अभिलेख राख्ने चलन छैन। प्रशिक्षार्थीहरूको वेल्ट ग्रेडिङ गर्दा लिने शुल्कको पनि हिसाब-किताब राखिँदैन। मार्शल आर्टका केही संघले खेलाडीहरूलाई विदेशमा हुने प्रतियोगितामा सहभागिता गराउँदै लुकाउने चलन पनि छ। यसबाट हुने आर्थिक कारोबारको त कुनै हिसाब-किताब नै छैन।

यस्ता अनियमिततालाई उचित निकास दिन नसके यसले भविष्यमा नेपाली मार्शल आर्टलाई अझ अन्धकारतर्फ धकेल्ने निश्चित छ।

## पोखरामा अन्तर नगरपालिका फुटबल

पोखरा- नेपालका सर्वाधिक टिमले सहभागिता गर्ने अन्तर नगरपालिका फुटबल प्रतियोगिता भोलि शनिबार पोखरामा सुरु हुने भएको छ। उक्त प्रतियोगिता भदौ १५ गतेसम्म सञ्चालन हुनेछ। दस लाख रुपैयाँ पुरस्कार राशि रहेको प्रतियोगिता आयोजना गर्न काठमाडौं महानगरपालिकाले समयमै बजेट निकासा गर्न नसकेपछि प्रतियोगिताको समय सारिएको थियो। प्रतियोगिता आयोजक काठमाडौं महानगरपालिकाका प्रमुख कार्यकारी दिनेश थपलियाका अनुसार उक्त प्रतियोगिताका लागि रकम निकासा भैसकेकाले प्रतियोगिता सुनिश्चित भएको हो। वि.सं. २०६० मा प्रारम्भ भएको उक्त प्रतियोगिता तीन पटक आयोजना भैसकेको छ, जसमा हरेक पटक काठमाडौं महानगरपालिका विजयी भएको छ।

प्रतियोगितामा पूर्वाञ्चलबाट धनकुटा, धरान, इटहरी, इनरुवा, विराटनगर, त्रियुगा, सिरहा र लहान तथा मध्यमाञ्चलबाट भीमेश्वर, मलंगवा, कलैया, वीरगन्ज, भरतपुर, धुलिखेल, बनेपा, विदुर, काठमाडौं, मध्यपुर, भक्तपुर, ललितपुर र हेटौंडाले प्रतिस्पर्धा गर्दैछन्। पश्चिमाञ्चलबाट पृथ्वीनारायण, व्यास, लेखनाथ, पोखरा, पुतलीबजार, वालिङ, बाग्लुङ, तानसेन, बुटवल र रामग्रामले प्रतिस्पर्धा गर्नेछन् भने मध्यपश्चिमाञ्चलबाट त्रिभुवननगर, वीरेन्द्रनगर, नेपालगन्ज र गुलरियाले सहभागिता गरेका छन्। सुदूर पश्चिमाञ्चलबाट धनगढी, महेन्द्रनगर र अमरगढी नगरपालिकाले सहभागिता गर्नेछन्।

विजयी टिमले रनिङ सिल्डसहित ४ लाख रुपैयाँ, उपविजेता हुनेले २ लाख रुपैयाँ, तेस्रो हुनेले १ लाख रुपैयाँ तथा चौथो हुनेले ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्। काठमाडौं महानगरपालिकाले नगद पुरस्कारको व्यवस्था गरेको उक्त प्रतियोगिताका उत्कृष्ट स्ट्राइकर, मिडफिल्डर, डिफेन्डर तथा गोलरक्षकसँगै उत्कृष्ट खेलाडीले पनि ५०-५० हजार रुपैयाँ पुरस्कार पाउनेछन्।

# नेहा बनिन मिस लिटिल नेवाः

पृष्ठभूमिमा नेवारी धुन बज्न थाल्यो अनि क्रमैसँग १६-१६ जनाको समूहमा विभाजित ४८ जना प्रतिस्पर्धीले हातमा सुकुन्डा, कलः र अन्तीः बोकेर मञ्चमा आकर्षक सामूहिक नृत्य प्रस्तुत गरे । त्यसपछि प्रारम्भ भयो मिस लिटिल नेवाः को प्रतिस्पर्धा । आईईसी डिजाइनिङ संस्थाका प्रशिक्षार्थी डिजाइनहरूले तयार पारेका आकर्षक एवं कलरफुल वन पिस ड्रेसहरूमा सजिएका प्रतिस्पर्धीहरूले नेवार भाषामै आफ्नो परिचय दिएका थिए । परिचयात्मक चरणपछि पालो थियो– बेस्ट ड्रेस राउन्डको ।

उक्त राउन्डमा रातो र कालो पटासीको संयोजनमा तयार पारिएका परम्परागत एवं परिमार्जित शैलीका नेवारी पहिरनमा प्रतिस्पर्धीहरूले क्याटवाक गरेका थिए । विभिन्न सन्देशमूलक पहिरनका साथै नेवार दुलहीको पहिरनले पनि यो राउन्डमा छुट्टै आकर्षण थपेको थियो । न्हुजः गुठीको सहभागितामा नेप्लिज फेसन होमले गत वर्षदेखि आयोजना गर्न थालेको यस प्रतियोगितामा जेनिशा श्रेष्ठले तयार पारेको पहिरनमा प्रस्तुत भएकी पूजा महर्जनले बेस्ट ड्रेसको एवार्ड हासिल गरिन् । नेवार संस्कृतिअनुसार बेहुलीको पहिरनमा प्रस्तुत भएकी पूजाको पहिरनलाई लालीगुराँसको संयोजनले थप आकर्षक बनाएको थियो ।

नेप्लीज फेसन होमले आयोजना गरेका अघिल्ला कार्यक्रमका विजेताहरूको आकर्षक नृत्यले



मनोरञ्जक बनेको उक्त प्रतियोगितामा उत्कृष्ट १५ मा पुगेका प्रतिस्पर्धीले उपस्थिति निर्णायकहरूको प्रश्नको सामना गरेका थिए । त्यसपछि फाइनल राउन्डमा पुगेका ७ जना प्रतिस्पर्धीमध्ये नेहा महर्जन मिस लिटिल नेवाःको जित्न सफल भइन् । नेहालाई गत वर्षकी विजेता श्रृज्ञा राजवंशीले ताज पहिऱ्याइदिएकी थिइन ।

रोहिया महर्जन तथा विवेक श्रेष्ठको कोरियोग्राफीमा सञ्चालित प्रतिस्पर्धामा श्रीषा ताम्राकारले फस्ट रनरअप र तृष्णा मानन्धरले सेकेन्ड रनरअपको उपाधि जितेका थिए । यसैगरी रुजुता श्रेष्ठले मिस ट्यालेन्टेडको ताज पहिरिन् भने सिमरन महर्जनले मिस फ्रेन्डसिप, प्रिया श्रेष्ठले मिस डिसिप्लिन, रीमा महर्जनले मिस फोटोजेनिक तथा अपूर्वा श्रेष्ठले मिस इनोसेन्टको उपाधि जिते । अन्य उपाधितर्फ रोशनी महर्जन- बेस्ट स्माइल, गृवाणी श्रेष्ठ- बेस्ट हेयर, श्रेया मानन्धर- बेस्ट स्किन, आकृति मानन्धर- बेस्ट परफर्मेन्स र प्रशिमता शाक्य- चार्मिङ पर्सनालिटीतर्फ उत्कृष्ट ठहरिए ।

**–रोजिन शाक्य**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल ।**